सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

८ साउन २०८०, सोमबार (24 July 2023, Monday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १०२ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

मौद्रिक नीति

ठूला ऋणीलाई सुपरिवेक्षण गर्न छुट्टै मार्गदर्शन



ठूला ऋणीको सुपरिवेक्षण गर्छौं

महाप्रसाद अधिकारी, गभर्नर, नेपाल राष्ट्र बैंक

ठूला ऋणीको छानबिन होइन, अनुगमन हुने हो । हामीले बैंक बरोअर फ्रेमवर्कसमेत बनाइरहेका छौं । यसबाट अधिक मात्रामा कर्जा उपयोग गरिरहेका ऋणीहरूको विवरण हामीसँग हुनेछ । ऋणको दुरुपयोग भएको छ वा छैन भनेर सुपरिवेक्षण गर्नेछौं ।

- विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशत
- निजी क्षेत्रतर्फ जाने कर्जा विस्तार ११.५ प्रतिशत
- नीतिगत दर ५० आधार बिन्दुले घटाएर ६.५ प्रतिशत
- निक्षेप संकलन बोलकबोल दरलाई घटाएर ४.५ प्रतिशत
- आन्तरिक कर्जा जोखिम वर्गीकरण गर्नेसम्बन्धी मार्गदर्शन तर्जुमा गर्ने
- विकास बैंकलाई पनि वाणिज्य बैंकसरह पुँजी कोष कायम गर्न लगाउने
- ५० लाखसम्मको सेयर धितो कर्जामा जोखिम भार झार्ने
- २५ लाखसम्मको अटोकर्जामा जोखिम भार १०० प्रतिशतमा झारिने
- दर्ता भएका रियल स्टेट कम्पनीले लिने कर्जाको जोखिम भार घटाइने
- भारतबाहेकको विदेश भ्रमणमा जाने नेपालीलाई २५०० डलरसम्म सटही सुविधा
- विदेशी मुद्रामा लिएको ऋण नेपाली मुद्रामा तिर्न नपाइने
- पहिलो आवासीय घर कर्जाको सीमा २ करोड पुऱ्याइने

पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकले कसिलो कार्यदिशासहितको चालू आर्थिक वर्ष ०८०/८१ को मौद्रिक नीति सार्वजनिक गरेको छ । केन्द्रीय बैंकले 'सजगतापूर्वक लचिलो' भन्दै दाबी गरे पनि मौद्रिक नीतिका कार्यदिशा भने कसिला छन् । खासगरी निजी क्षेत्रमा जाने कर्जा विस्तारको लक्ष्य संकुचित बनाएर राष्ट्र बैंकले कसिलो मौद्रिक नीतिको संकेत गरेको हो ।

मौद्रिक नीतिले निजी क्षेत्रमा जाने कर्जा विस्तारलाई ११.५ प्रतिशतमा सीमित राख्ने प्रक्षेपण गरेको छ । गत आर्थिक वर्षमा यस्तो कर्जा विस्तारको लक्ष्य १२.६ प्रतिशत थियो । राष्ट्र बैंकका पूर्वकार्यकारी

» पृष्ठ ११ मा क्रमशः

सरकार र निजी क्षेत्रको अपेक्षा ब्रेक गरेको छ



● **नरबहादुर थापा**
पूर्वकार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक

मौद्रिक नीतिले सरकार र निजी क्षेत्रको अपेक्षालाई ब्रेक गरेको छ । मौद्रिक नीतिले बैंकहरूबाट निजी क्षेत्रमा जाने कर्जा घट्ने नै देखियो । सरकार र निजी क्षेत्रका संगठित संस्थाहरूले मौद्रिक नीतिमाथि राखेको अपेक्षा व्यवस्थापन गर्न चुनौतीपूर्ण थियो । राष्ट्र बैंकले कसिलो मौद्रिक नीति ल्याएर आफ्नो सीमा प्रस्तुत गरेको छ । कोभिडकालमा लिएको गलत नीतिबाट पाठ सिकेको हुन सक्छ ।

अर्थतन्त्र चलायमान बनाउने नीति आएन



● **राजेशकुमार अग्रवाल**, अध्यक्ष, नेपाल उद्योग परिसंघ

अर्थतन्त्र चलायमान बनाउने केही पनि नीति आएन । निजी क्षेत्रले दिएका सुझाव पनि समेटिएनन् । उल्टै कर्जा संकुचनको नीति लिएको छ । ब्याजदर घटाउने नीति पनि देखिएन ।

अर्थदृष्टि । पृष्ठ ८

अर्थतन्त्र उकास्ने मौद्रिक नीति

अर्थ संवाद

● भुवन दाहाल

सरकारले बजेटमा उत्पादनशील क्षेत्रलाई प्राथमिकतामा राखेको छ, यसलाई सहयोग पुग्ने गरी आएको मौद्रिक नीतिले अर्थतन्त्र उकास्छ

०७१/७२ यता तस्करीको ८०९ केजी सुन बरामद

जहिल्यै भरिया मात्रै पर्छन् पक्राउ

पछिल्ला नौ वर्षमा सुन तस्करीमा संलग्न ७२२ जना पक्राउ परे, तर गिरोहका नाइके कहिल्यै फेला परेनन्

पछिल्लो सय केजी सुन तस्करी प्रकरण :

- जाँचपास गर्ने अधिकृत, एक्सरे र भन्सार एजेन्टसहित थप ६ जना पक्राउ
- राजस्व अनुसन्धान विभागले माग्यो प्रहरीको सहयोग

टेकराज थामी/नयाँ पत्रिका

०७१/७२ यता सुन तस्करीमा संलग्न ७२२ जना पक्राउ परेका छन् । तर, ३३ केजी सुन काण्डमा पक्राउ परेका चूडामणि उप्रेती 'गोरे'बाहेक सबै भरिया तहका (केही कर्मचारीलाई छाडेर) मात्रै छन् । गोरे पनि मुख्य नाइके भने होइनन् । उच्च तहको राजनीतिक, प्रशासनिक र प्रहरी संरक्षणमा रहने तस्कर गिरोहका नाइके भने सधैं जोगिने गरेका छन् ।


प्रहरी तथ्यांकअनुसार ०७१/७२ देखि ०८० साउन पहिलो सातासम्म देशभरबाट सुन तस्करीको अभियोगमा पक्राउ परेकामध्ये ६८.८४ प्रतिशत सबैभन्दा संवेदनशील र सुरक्षित मानिने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट समातिएका हुन् । ४९७ जना विमानस्थलबाट पक्राउ परेको प्रहरी तथ्यांक छ । यस क्रममा तस्करीको आठ सय नौ किलो सुन बरामद भएको छ ।

पछिल्लोपटक गत बुधबार अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार जाँचपाससमेत गरेर बाहिरिएको एक क्विन्टल सुन ट्रयाक्सीमा हालेर लैजान लाग्दा बरामद भयो । राज्य संयन्त्रलाई नै चुनौती दिने गरी एकैपटक यति ठूलो परिमाणमा सुन बरामद भएपछि आमसर्वसाधारणले सोचेका थिए- घटनामा ठूलै गिरोह समातिनेछन् । तर, दोलखा मेलुङ गाउँपालिका- १ का २१ वर्षीय दिलीप भुजेल पक्राउ परे, जो ६ महिनाअघिसम्म काठमाडौंमा ज्यामी काम गर्थे । उनका बुबा रामबहादुर अहिले पनि काठमाडौंमै ज्याला-मजदुरी गर्दै आएका छन् ।

उक्त सुन दिलीपकै नाममा दर्ता 'रेडी ट्रेड' कम्पनीका लागि हङकङबाट आएको थियो । जुन कम्पनी ७८ दिनअघि मात्रै कम्पनी रजिस्ट्रार कार्यालयमा दर्ता भएको थियो । कम्पनीले सुन मोटरसाइकल र स्कुटरको 'ब्रेकसु'भित्र लुकाएर ल्याएको

» पृष्ठ ११ मा क्रमशः

पक्राउ पर्नेको तथ्यांक



साढे ३३ केजी सुन प्रकरण : सिरियस अनुसन्धान मानिएको घटनामा पनि सुन बरामद भएन

तस्करीको साढे ३३ केजी सुन गायब पारेको भन्दै १६ फागुन ०७४ मा मोरङ उर्लाबारी-७ का सनम शाक्यलाई सहकर्मीले नै अपहरण गरेर ज्यानै लिए । सरकारले गृह मन्त्रालयका तत्कालीन सहसचिव ईश्वरराज पौडेलको नेतृत्वमा उच्चस्तरीय अनुसन्धान समिति गठन गऱ्यो । संगठित अपराधअन्तर्गत समितिले अनुसन्धान गऱ्यो । नभन्दै घटनामा संलग्न नेपाल प्रहरीकै उच्च अधिकृतसहित ३३ अभियुक्त पक्राउ परे । तर, मुख्य दसी सुन बरामद हुन सकेन । कालान्तरमा दसी बरामद हुन नसकेकै विषयलाई आधार बनाएर अदालतले घटनामा संलग्न अधिकांश अभियुक्तलाई सफाइ नै दियो । न सुन बरामद भयो, न मुख्य तस्करकै पहिचान भयो । यस्तो अवस्था आउनुमा छानबिन समिति सुन तस्करको सुरुवात र निर्णायक बिन्दुसम्म पुग्न नसक्दाको परिणाम हो ।

भन्सार, अध्यागमन र प्रहरीको मिलेमतोविना विमानस्थलबाट तस्करी सम्भव छैन



● **विज्ञानराज शर्मा**, विमानस्थल सुरक्षाका पूर्वप्रमुख

विमानस्थलको सुरक्षामा नेपाल प्रहरी, अध्यागमन, भन्सार, गुप्तचर, सशस्त्र प्रहरीदेखि नेपाली सेनासम्मको संयुक्त सुरक्षा संयन्त्र रहन्छ । सुरक्षामा खटिएका सबैको भूमिका फरक-फरक छन् । त्यसमध्ये जहाजमार्फत आउने यात्रु र 'कस्ट्युम'सम्बन्धी विश्लेषण गर्ने जिम्मा अध्यागमन र भन्सारको हो । यस क्रममा केही गडबड भए मात्रै प्रहरीको भूमिका आउँछ । त्यसैले विमानस्थलस्थित भन्सार, अध्यागमन र प्रहरीको मिलेमतोविना तस्करी हुने सक्दैन ।

राज्य संयन्त्रको मिलेमतो नभई यत्रो सुन तस्करी हुनै सक्दैन



● **वसन्त लामा**, पूर्वएआइजी

सय किलो सुनको मूल्य पनि ठूलै हुन्छ । यति ठूलो सुन तस्करीको 'रिस्क' तब मात्रै मोलिन्छ, जब क्षतिको सम्भावना हुँदैन । यसका लागि ठूलै सेटिङ हुन्छ, जहाँ राज्य संयन्त्र नै परिचालित भएका हुन्छन् । राज्य संयन्त्रको मिलेमतो नभई यत्रो सुन तस्करी हुनै सक्दैन । यसमा राजनीतिक तहको नेतृत्वकर्ता पनि संलग्न भएको हुन सक्छ । त्यसैले यो सिरियस र संगठित अपराध हो । यस्तो अपराधको अनुसन्धान पनि सिरियस ढंगले गरिनुपर्छ । म त भन्छु- यस्ता घटनाको अनुसन्धानमा प्रहरीलाई पनि संलग्न गराउनुपर्छ । नत्र केही कर्मचारी र भरियाबाहेक घटनाका मुख्य अभियुक्त फेरि उम्किनेछन् ।

बिपी प्रतिष्ठानमा ३० बेडको डेंगु वार्ड



सुनसरीमा **आरबी कटवाल**

सुनसरीको धरानलगायत आसपासका जिल्लामा डेंगु संक्रमण तीव्र ढंगले फैलिँदै गएपछि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले छुट्टै डेंगु वार्ड सञ्चालनमा ल्याएको छ । डेंगु संक्रमित भई प्रतिष्ठानमा उपचारका लागि भर्ना हुनेको बढ्दो चापलाई मध्यनजर गरी आइतबारदेखि छुट्टै डेंगु वार्ड सञ्चालनमा ल्याइएको हो । 'इमर्जेन्सीमा आउने डेंगुका बिरामीको चापमा अत्यधिक वृद्धि भयो,' प्रतिष्ठानका सहप्रवक्ता डा. चुरामणि पोखरेलले भने, 'कुनै पनि बिरामी उपचार सेवाबाट वञ्चित हुन नपरोस् भनेर कोभिड अस्पताल भवनलाई डेंगु वार्डका रूपमा व्यवस्था गरिएको हो ।' अन्य रोगका बिरामीको उपचार सेवामा समेत असर नपरोस् भन्ने उद्देश्यले प्रतिष्ठानको कोभिड अस्पताल भवनमा हाललाई ३० बेडको छुट्टै डेंगु वार्डको व्यवस्था गरिएको उनको भनाइ छ ।

कांग्रेस बैठकमा 'वादविवाद प्रतियोगिता'

सहमहामन्त्रीहरू पनि आरोप-प्रत्यारोपमै, मन्त्रालयबीच समन्वयको अभाव देखिएको मन्त्रीहरूको गुनासो

(विस्तृत पृष्ठ ३)

नेपाली नर्सलाई बेलायतमा चार लाख तलब

योग्यता पुगेका नर्सले २ कात्तिकसम्म आवेदन दिन पाउने, पहिलो चरणमा सयजनाको माग

(विस्तृत पृष्ठ ९)



तीन वर्षभन्दा बढी काठमाडौं उपत्यकामा रहेका कर्मचारीलाई बाहिर पठाउन सिफारिस

सुवास भट्ट/नयाँ पत्रिका

सरुवा व्यवस्थापन कार्यदलले निरन्तर तीन वर्ष वा सोभन्दा बढी अवधि काठमाडौं उपत्यकाभित्र कार्यरत कर्मचारीलाई कार्यावधिको ज्येष्ठताका आधारमा उपत्यकाबाहिर सरुवा गर्न सरकारलाई सिफारिस गरेको छ । शक्ति र पहुँचका आधारमा लामो समयदेखि सिंहदरबार र काठमाडौं उपत्यकामा ठूलो संख्याका कर्मचारी रहने, तर बाहिर अभाव हुने समस्या समाधानका लागि कार्यदलले यस्तो सिफारिस गरेको हो ।

सरुवा प्रणालीलाई व्यवस्थित बनाउन भन्दै संघीय मामिता तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले गत २९ जेठमा मन्त्रालयका सहसचिव बलराम रिज्यालको संयोजकत्वमा कार्यदल गठन गरेका थिए । कार्यदलमा मन्त्रालयकै सहसचिव हेमराज तामाङ, उपसचिवद्वय महेन्द्रप्रसाद साँखी र खिलराज राई सदस्य तथा उपसचिव कमानसिंह थापामगर सदस्यसचिव थिए । कार्यदलले गत ३१ असारमा मन्त्रीलाई प्रतिवेदन बुझाएको हो । सरुवा व्यवस्थापनका विद्यमान चुनौतीसमेत औंल्याएर कार्यदलले समाधानाका सुझाव सिफारिस गरेको छ ।

» पृष्ठ ११ मा क्रमशः

बलराम रिज्याल नेतृत्वको कार्यदलले दिएका मुख्य ७ सुझाव

१. तीन वर्षभन्दा बढी काठमाडौं उपत्यकाभित्र रहेका कर्मचारीलाई कार्य ज्येष्ठताका आधारमा बाहिर सरुवा, दुई वर्षसम्म सम्बन्धित प्रदेश र क्षेत्रभित्र मात्र सरुवा

२. स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत प्रदेशबाटै, एउटा पालिकामा दुई वर्ष बस्नैपर्ने

३. सबै पालिकामा अनिवार्य प्रमुख प्रशासकीय, हाजिर नगरेमा अनुदानका खाता रोक्का

४. कामकाजमा खटाउने व्यवस्था बन्द गर्नुपर्ने

५. सरुवा भएपछि दुई वर्ष अनिवार्य बस्नुपर्ने, रमाना नलिनेलाई कारबाही

६. आन्तरिक प्रतिस्पर्धा र बढुवाको उम्मेदवार बन्न सेवा र अनुभवको सर्त

७. पदपूर्तिदेखि अवकाशसम्मका सम्पूर्ण विवरण सफ्टवेयरमा



सहसचिव **बलराम रिज्याल** (संयोजक)



हेमराज तामाङ (सदस्य)



खिलराज राई (सदस्य)

महेन्द्रप्रसाद साँखी (सदस्य)

कमानसिंह थापामगर (सदस्यसचिव)

सरुवा प्रणाली व्यवस्थित हुन नसक्दा सार्वजनिक सेवा प्रवाहमा प्रत्यक्ष असर परेको कार्यदलको ठहर छ । 'सार्वजनिक प्रशासन सुधारका लागि नीतिगत रूपमा खटिनुपर्ने जिम्मेवार निकायको अनावश्यक कार्यबोझ, राजनीतिक हस्तक्षेप तथा जिम्मेवारीविहीनताको अवस्थाले हाम्रो प्रशासनिक पद्धतिमाथि नै प्रश्न आएको छ,' प्रतिवेदनमा भनिएको छ, 'त्यसैले समस्याको शीघ्र सम्बोधन गरी सरुवा प्रणालीलाई व्यवस्थित बनाउनका लागि सुधारका प्रयास अविलम्ब सुरु गर्नुपर्दछ ।'

चिनियाँ नेता काठमाडौंमा विगतका सहमति कार्यान्वयनमा जोड

राष्ट्रपति र कार्यवाहक प्रधानमन्त्रीसँग भेटवार्ता, प्रधानमन्त्रीसँग भर्चुअल संवाद



पर्शुराम काफ्ले/नयाँ पत्रिका

आइतबार काठमाडौं आइपुगेका चिनियाँ कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य तथा चोङछिङ नगरपालिकाका पार्टी सचिव युयान च्या जुनले राष्ट्रपति रामचन्द्र पौडेल र कार्यवाहक प्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्कासँग भेटवार्ता गरेका छन् । उनले इटालीको रोममा रहेका प्रधानमन्त्री

» पृष्ठ ११ मा क्रमशः

माओवादी नेता दिल्लीमा

माओवादी उपाध्यक्ष पम्फा भुसालले नेतृत्व गरेको पाँच सदस्यीय प्रतिनिधिमण्डल आइतबार साँझ भारतको नयाँदिल्ली पुगेको छ । भारतीय जनता पार्टीका अध्यक्ष जेपी नड्डाको निमन्त्रणामा गएको टोलीलाई पार्टीको विदेश विभाग इन्चार्ज डा. विजय चौथाइवालेले दिल्ली विमानस्थलमा स्वागत गरेका थिए । प्रतिनिधिमण्डलमा चक्रपाणि खनाल, रामेश्वर राय यादव, सत्या पहाडी र सुरेशकुमार राई छन् । माओवादी नेताहरूले भाजपा अध्यक्ष नड्डासँग भाजपा मुख्यालयमा भेटवार्ता गर्ने कार्यक्रम छ । यसबाहेक उत्तराखण्डको भ्रमण गर्ने र मुख्यमन्त्री पुष्करसिंह धामीलगायत नेतासँग भेटवार्ता गर्ने कार्यक्रम रहेको चौथाइवालेले बताए ।

बाढीले बगाएर सामाखुसीमा बालक बेपत्ता

काठमाडौं/ आइतबार साँझ परेको वर्षाले ल्याएको बाढीले बगाउँदा काठमाडौंको रानीबारीमा एक बालक बेपत्ता भएका छन्। सामाखुसी खोलामा बाढी आउँदा बालकलाई बगाएको हो।

खेल्ने क्रममा बाढी आउँदा बालकलाई बगाएको प्रहरीले जनाएको छ। बगाएका बालकको पहिचान प्रस्ट भइसकेको छैन। स्थानीय १३ वर्षीय साजन मगर पनि हराइरहेकाले उनलाई बगाएको आशंका गरिएको छ। तर, बाढीले बगाएका व्यक्तिको पहिचान यकिन हुन नसकेको प्रहरीवृत्त महाराजगन्जका डिएसपी अंगुर जिसीले बताए।

बेलुका अबेरसम्म विपद् व्यवस्थापन महाशाखाका तालिमप्राप्त प्रहरीसहितको टोलीले खोजी गरे पनि बालक भेटिएका छैनन्। आइतबारको वर्षाले उपत्यकाका खोलाहरूमा बाढी आएको थियो।

■ फोहोरमैला व्यवस्थापन कार्ययोजना ०८० को मस्यौदामाथि छलफल

निजीलाई फोहोरमैला व्यवस्थापनको जिम्मेवारी नदिन जनप्रतिनिधिको जोड

नयाँ पत्रिका



काठमाडौं उपत्यकाका जनप्रतिनिधिले फोहोरमैला व्यवस्थापनको जिम्मेवारी निजी क्षेत्रलाई दिन नहुने बताएका छन्। सहरी विकासमन्त्री सीता गुरुङको अध्यक्षतामा उपत्यकाका नगर प्रमुखहरूको उपस्थितिमा भएको 'फोहोरमैला व्यवस्थापन कार्ययोजना ०८०' को मस्यौदामाथिको छलफलमा उनीहरूले यस्तो बताएका हुन्।

ललितपुर महानगर मेयर चिरिबाबु महर्जनले संघीय सरकारले ल्यान्डफिल साइट बन्चरेडाँडाको व्यवस्था गर्नुपर्ने बताए। उनले हाल फोहोर व्यवस्थापन गरिरेको संस्था नेप बेस्ट कम्पनी प्राललाई खारेज गरी नयाँ प्रविधि अवलम्बन गरी फोहोर व्यवस्थापन गर्नुपर्ने बताए।

गोदावरी नगरपालिकाका मेयर गजेन्द्र महर्जनले स्थानीय तहहरूलाई जिम्मेवार बनाई फोहोर व्यवस्थापनका लागि पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने धारणा राखे। यस्तै, कागेश्वरी-मनोहरा नगरपालिका मेयर उपेन्द्र कार्कीले फोहोरमैला व्यवस्थापनमा माफियाहरूको चलखेल बन्द गर्नुपर्ने बताए। उनले फोहोरमैलासम्बन्धी तीन तहको काम, कर्तव्य र अधिकार स्पष्ट हुनुपर्नेमा जोड दिए। गोकर्णेश्वर नगरपालिकाका मेयर दीपककुमार रिसालले फोहोर उत्पादनको स्रोतमै नियन्त्रण गर्नुपर्ने र यसका लागि जनचेतना जगाउनुपर्ने बताए।

■ आफ्नो नगरपालिकाबाट सिक्न मेयर प्रजापतिको सुझाव

भक्तपुर नगरपालिका मेयर सुनील प्रजापतिले फोहोरमैला व्यवस्थापनको जिम्मा निजी क्षेत्रलाई दिन नहुने प्रस्तावमा समर्थन गर्दै फोहोर व्यवस्थापन एकै ठाउँमा नगरी विकेन्द्रित गर्नुपर्ने बताए। उनले फोहोर व्यवस्थापनका लागि स्थानीय तहलाई आवश्यक बजेट तथा उपकरणको व्यवस्था गर्नुपर्ने बताए। उनले भक्तपुर नगरपालिकाले फोहोरलाई स्रोतबाटै कम गर्ने उद्देश्यले घरघरबाटै कुहिने र नकुहिने फोहोर संकलन गर्दै आइरहेको बताए। साथै, नागरिकलाई कौसीखेती, कम्पोस्ट मल बनाउने विधिबारे तालिम पनि दिँदै आएको जानकारी दिए। नगरपालिकाले कुहिने फोहोरको कम्पोस्ट मल बनाएर किसानलाई बिक्रीसमेत गर्दै आइरहेको मेयर प्रजापतिले बताए। विकसित देशहरूको प्रविधि र अनुभवबाट नेपालले सिकेर वैज्ञानिक ढंगबाट फोहोरको व्यवस्थापन गर्न सकिने उनको भनाइ छ। भक्तपुर नगरपालिकाभित्र दैनिक करिब ३० टन फोहोर उत्पादन हुन्छ।

करिब तीन दशकदेखि नगरपालिका आफैंले फोहोर व्यवस्थापन गर्दै आएको छ। भक्तपुरले सिसडोल र बन्चरेडाँडामा फोहोर पठाउँदैन।

छलफलमा चन्द्रागिरि नगरपालिकाका मेयर घनश्याम गिरी, बुढानीलकण्ठ नगरपालिकाका मेयर मिठाराम अधिकारी, चाँगुनारायण नपाका मेयर जीवन खत्री, मध्यपुर थिमी नपाका मेयर सुरेन्द्र श्रेष्ठलगायतले फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समस्या समाधानका लागि केन्द्र सरकारबाटै पहल हुनुपर्ने र निजी क्षेत्रलाई फोहोर व्यवस्थापनको जिम्मा दिए सरकार अक्षम हुँदै जाने बताए।

■ प्लास्टिकजन्य सामग्रीमा स्थानीय तहले प्रतिबन्ध लगाउनुपर्छ : मन्त्री गुरुङ

छलफलमा मन्त्री सीता गुरुङले फोहोरमैला व्यवस्थापन कुनै एउटा पालिका वा उपत्यकाको मात्रै समस्या नभई देशभरकै साझा समस्या भएको बताइन्। फोहोर व्यवस्थापनको दीर्घकालीन समस्या समाधान गर्न सम्बन्धित सरोकारवालासँग निरन्तर छलफलमा रहने प्रतिबद्धता जनाउँदै उनले सहरी विकास मन्त्रालयले निर्माण गरेको ल्यान्डफिल साइट हस्तान्तरणमा अन्योल सिर्जना भएको र सोका लागि सहजीकरणको वातावरण सिर्जना गर्नुपर्ने बताइन्। उनले फोहोर व्यवस्थापनबारे संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारी स्पष्ट नहुँदा अन्योल भएको र स्थानीय तहहरूले प्लास्टिकजन्य सामग्रीहरूको प्रयोगमाथि प्रतिबन्ध लगाउनुपर्ने धारणा राखिन्।

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मितिः २०८०।०४।०८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरूलाई बारम्बार तर ताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिकि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन अर्थात मिति २०८०।०४।२३ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखि दिनुहुने तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरबाट रू. १००।- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

क्र.स.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	लिलाम हुने धितोको विवरण
१.	१. ओभरड्राफ्ट कर्जा २. डिमाण्ड लोन	**ऋणीको नामः दाहाल काष्ठ उद्योग (सः मिल)** (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, मोरङ (विराटनगर) मा दर्ता रहेको) दर्ता नं. १०१०५/०६८/०६९, दर्ता मितिः २०६८।१२।२२ स्थायी लेखा नं.: ३०५५००२२१ ठेगानाः मोरंग जिल्ला, उर्लाबारी गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल मोरंग जिल्ला, उर्लाबारी न.पा. वडा नं. ७। **प्रोप्राईटर :** **राजन प्रसाद दाहाल** ना.प्र.प.नं (जारी मिति/स्थान): ४५५/१२६ (२०५१।०३।३०/ई.प्र.शा.उर्लाबारी) बाजेको नामः दाताराम दाहाल बाबुको नामः होम प्रसाद दाहाल ठेगानाः मोरंग जिल्ला, उर्लाबारी गा.वि.स. वडा नं. १। **व्यक्तिगत जमानतकर्ताहरूः** **१. होम प्रसाद दाहाल** ना.प्र.प.नं (जारी मिति/स्थान): ४९८५५२०७ (२०३६।०७।२८/झापा) बाजेको नामः कर्णाखर दाहाल बाबुको नामः दाताराम दाहाल ठेगानाः झापा जिल्ला, कोहवरा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल मोरंग जिल्ला, उर्लाबारी न.पा. वडा नं. ७। **२. नर्वदा देवी दाहाल** ना.प्र.प.नं (जारी मिति/स्थान): ४९८५५२०८ (२०३६।०७।२८/झापा) बाबुको नामः धागनाथ गुरागाई ससुराको नामः दाताराम दाहाल पतिको नामः होम प्रसाद दाहाल ठेगानाः झापा जिल्ला, कोहवरा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल मोरंग जिल्ला, उर्लाबारी न.पा. वडा नं. ७। **३. सुष्मा घिमिरे** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६९७८/३३३ (२०५८।११।१६/तेह्रथुम) बाबुको नामः सोमनाथ घिमिरे ससुराको नामः होम प्रसाद दाहाल पतिको नामः राजन प्रसाद दाहाल ठेगानाः तेह्रथुम जिल्ला, पौठाक गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल मोरंग जिल्ला, उर्लाबारी न.पा. वडा नं. ७।	१. दाताराम दाहालको नाति, होम प्रसाद दाहालको छोरा, मोरंग जिल्ला, उर्लाबारी गा.वि.स., वडा नं. १ बस्ने **राजन प्रसाद दाहालको** नाममा मालपोत कार्यालय बेलबारी, मोरंगको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ५ झ स्थीत कि.नं. ६६४ र ३५६१ को क्षेत्रफल क्रमशः ०-०-१५-० र ०-०-३-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत। २. कर्णाखर दाहालको नाति, दाताराम दाहालको छोरा, झापा जिल्ला, कोहवरा गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल मोरंग जिल्ला, उर्लाबारी न.पा., वडा नं. ७ बस्ने **होम प्रसाद दाहालको** नाममा मालपोत कार्यालय बेलबारी, मोरंगको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, मधुमल्ला गा.वि.स., वडा नं. ५ च स्थीत कि.नं. १५६० को क्षेत्रफल ०-२-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।
२.	सम्पत्ति धितो कर्जा	**ऋणीको नामः दिवेश श्रेष्ठ** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७१०२३/२/३३८६१(२०६४/०१/०६/रुपन्देही) बाजेको नामः शुशिल कुमार श्रेष्ठ बाबुको नामः दिपक कुमार श्रेष्ठ ठेगानाः रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३। **व्यक्तिगत जमानतकर्ताहरूः** **१. शान्ता श्रेष्ठ** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७-०१-६९-००६९४(२०६९/०६/१८/रुपन्देही) बाबुको नामः कृष्ण बहादुर खत्री क्षेत्री ससुराको नामः दिपक कुमार श्रेष्ठ पतिको नामः दिवेश श्रेष्ठ ठेगानाः रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३। **२. शारदा श्रेष्ठ** ना.प्र.प.नं (जारी मिति/स्थान): ४२०४७ (२०३६/०४/२१/रुपन्देही) बाबुको नामः ईन्द्र बहादुर श्रेष्ठ ससुराको नामः शुशिल कुमार श्रेष्ठ पतिको नामः दिपक कुमार श्रेष्ठ ठेगानाः रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३। **३. दिपक कुमार श्रेष्ठ** ना.प्र.प.नं (जारी मिति/स्थान): ६३३६६(२०३८/०९/१९/रुपन्देही) बाजेको नामः लक्ष्मी श्रेष्ठ बाबुको नामः शुशिल कुमार श्रेष्ठ ठेगानाः रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३। **४. साकार श्रेष्ठ** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७१०२३/३५५५८(२०६४/१०/२७/रुपन्देही) बाजेको नामः शुशिल कुमार श्रेष्ठ बाबुको नामः दिपक कुमार श्रेष्ठ ठेगानाः रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३।	ईन्द्र बहादुर श्रेष्ठको छोरी, शुशिल कुमार श्रेष्ठको बुहारी, दिपक कुमार श्रेष्ठ को पत्नि, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला,सिद्धार्थनगर न.पा. वडा नं. ३ बस्ने **शारदा श्रेष्ठको** नाममा मालपोत कार्यालय रुपन्देही को लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ६ स्थित कि.न.नं. २५ को क्षेत्रफल ३२५.७५ ब.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
३.	आवधिक कर्जा र बैंक जमानत	**ऋणीको नामः जि.वि. कृषि फार्म प्रा.ली.** (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: २१०३८६/०७५/०७६ दर्ता मिति : २०७५/११/२७ स्थायी लेखा नं.: ६०६७५३३०० ठेगानाः पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ७। **सञ्चालक तथा व्यक्तिगत जमानतकर्ताः** **घनश्याम भण्डारी** ना.प्र.प.नं (जारी मिति/स्थान): ३९१०६६/१२४(२०६३/१०/१४/पाल्पा) बाजेको नामः शिवलाल भण्डारी बाबुको नामः इश्वरी प्रसाद भण्डारी ठेगानाः पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ७। **व्यक्तिगत जमानतकर्ताः** **मेनुका भण्डारी** ना.प्र.प.नं (जारी मिति/स्थान): २/४४३५ (२०६३/०४/२१/पाल्पा) बाबुको नामः पशुपति नाथ भट्टराई ससुराको नामः ईश्वरी प्रसाद भण्डारी पतिको नामः घनश्याम भण्डारी ठेगानाः पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ११।	शिबलाल भण्डारी को नाति,ईश्वरी प्रसाद भण्डारी को छोरा पाल्पा जिल्ला,तानसेन न.पा., वडा नं. ७ बस्ने **घनश्याम भण्डारीको** नाममा मालपोत कार्यालय पाल्पा को लगतमा दर्ता श्रेष्ता कायम रहेको पाल्पा जिल्ला, बर्तुङ्ग गा.वि.स./न.पा. वडा नं. ५ स्थित कि.न. ३०८४, २९४०, २९४४ र २९३८ को क्षेत्रफल क्रमश ५०८.७४, ७२३.३६, १६६.९३ र ५०८.७४ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
४.	आवधिक कर्जा	**ऋणीको नामः सविता उन्नत गाई भैसी** (प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन,वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासिमा दर्ता रहेको) दर्ता नं.: ९९६/१४९८/०७६ दर्ता मिति : २०७६/०३/०४ स्थायी लेखा नं.: ६१०८०६१८० ठेगानाः नवलपरासी जिल्ला,सुनवल न.पा., वडा नं. २। **प्रोप्राईटरः** **सविता महतो** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६३०१५/१८८(२०६३/१०/१२/नवलपरासी) बाबुको नामः विकराम महतो ससुराको नामः रामानन्द अहिर पतिको नामः मोहन अहिर यादव ठेगानाः नवलपरासी जिल्ला, पिठौली गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. २। **व्यक्तिगत जमानतकर्ताहरूः** **१. मोहन अहिर यादव** ना.प्र.प.नं (जारी मिति/स्थान): ६७८११(२०६०/०९/२१/नवलपरासी) बाजेको नामः हंसा अहिर बाबुको नामः रामानन्द अहिर ठेगानाः नवलपरासी जिल्ला, स्वांठी गा.वि.स. वडा नं. ३। **२. कोमल यादव** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६३०७४/९७(२०६३/१०/२९/नवलपरासी) बाजेको नामः हंसा अहिर बाबुको नामः रामानन्द अहिर ठेगानाः नवलपरासी जिल्ला, स्वांठी गा.वि.स. वडा नं. ३। **३. रामानन्द अहिर** ना.प्र.प.नं (जारी मिति/स्थान): २०१९८(२०३६/०३/०५/नवलपरासी) बाजेको नामः गंगा प्रसाद अहिर बाबुको नामः हंसा अहिर ठेगानाः नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. २।	गंगा प्रसाद अहिरको नाति, हंसा अहिर को छोरा, नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. २ बस्ने **रामानन्द अहिरको** नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला, स्वांठी गा.वि.स. वडा नं. ९ क स्थित कि.न. ८५ को क्षेत्रफल ०-२-१० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५३४६१६०,
Ext. १०७, १०४

Kushma Municipality
Office of Municipal Executive

Kushma, Parbat
Gandaki Province, Nepal

Invitation for Sealed Quotations
Procurement of Works

First publication Date: 2080/04/08

1. The Kushma Municipality invites Sealed Quotations for the Procurement of Works.
2. Interested eligible bidders may obtain further information and inspect the Sealed Quotation Documents at the office of KushmaMunicipality, Office of Municipal Executive, Kushma, Parbat, Gandaki Province, Nepal, Telephone No.- 067-420141,and email- Kushmamun@gmail.com
3. Bidders may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders submitting their bid electronically, should deposit the cost of bidding document NRs.1000.00 till 16th days from the date of publication. Bidders should deposit the cost of sealed document in the following account.

   Name of the Bank : Nepal Bank Limited, Kushma Branch, Parbat.
   Name of Office : Kushma Municipality, Office Of Municipal Executive, Kushma, Parbat
   Office Account no. : 06603000001001000001 (Internal Revenue Account)

   and the scanned copy of the Bank deposit voucher (in pdf format) shall be uploaded by the bidder at the time of electronic submission of the bids.
4. Electronic Sealed Quotations must be submitted to the office of Kushma Municipality, Office of Municipal Executive,Kushma, Parbat,Gandaki Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before 12.00 Hrs. on 2080/04/23 Bids received after this deadline will be rejected.
5. Electronic Sealed Quotations will be opened in the presence of Supplier's representatives who choose to attend at 16th days from the date of publication of this notice on 14.00 hours at the office of Kushma Municipality, Office of Municipal Executive,Kushma, Parbat,Gandaki Province, Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of as mentioned below, which shall be valid for 30 days beyond the validity period of the bid. The bidders should submit the scanned copy of Bid Security in pdf format. If the bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in the below mentioned dharauti account and upload the scanned copy of bank receipt in pdf format.

   Name of the Bank : Nepal BankLimited,KushmaBranch,Parbat
   Name of Office : Kushma Municipality, Office of Municipal Executive, Kushma, Parbat
   Office Account No. : 06603000003000000001 (Dharauti)
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. In the case of discrepancies or error in bid documents, bid notice or any other documents, Kushma Municipality reserves the right to amend and correct at any time.
8. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
9. Detail of contracts for which bids are invited and the minimum bid security amount and cost of bidding document for the contract is shown in the following table:

Contract No.	Brief Description of Works	Estimated Amount (Without Vat and Contingency)	Minimum Bid Security Amount in NRs	Cost of Bidding Document (NRs)
KM/W/SQ/ PAR/01(080/81)	Procurement of Maintenance works of Acharya chowk - Sahid chowk - chhetri samaj - Narayan Ma.Vi - B.P marga - Durlung chowk - Ram mandir - Sajha chowk - Namuna Ma.Vi. - fulbari Road	1002299.67	28400.00	1000.00
KM/W/SQ/ PAR/02(080/81)	Procurement of Maintenance works of melmilap chowk - pragati chowk - loktantra chowk - naaryan ma.bi. - Pathivara Chowk - Damdaare Khola Sadak	1216104.84	34400.00	1000
KM/W/SQ/ PAR/03(080/81)	Procurement of Maintenance works of Bandre bidi - siwalya ma.bi - melmilap chowk - Red Cross Chowk - Adalaat - sasatra camp - aglo pul	1200853.81	34000.00	1000
KM/W/SQ/ PAR/04(080/81)	Procurement of Maintenance works of shahasradhara pang Bhatebari Road ward no 01 Pang	1447855.81	41000.00	1000
KM/W/SQ/ PAR/05(080/81)	Procurement of Maintenance works of Pokhara baglung rajmarga- Swastha chowki- Jamaldhari soti Road	1075937.94	30400.00	1000

Chief Administrative Officer

कांग्रेस बैठकमा 'वादविवाद प्रतियोगिता'

सहमहामन्त्रीहरू पनि आरोप-प्रत्यारोपमै, मन्त्रालयबीच समन्वयको अभाव देखिएको मन्त्रीहरूको गुनासो



जीवन परियार
सहमहामन्त्री

पार्टीका सबै संयन्त्र ठीकठाक छन् भन्ने हो भने पनि भर्नौं । अब केही गर्नुपर्दैन भन्ने लागेको छ भने पनि त्यसै भर्नौं । पार्टी सुधार गर्न बहस-छलफल हुनुहुँदैन भन्ने हो भने पनि भर्नौं । पार्टीभित्र राजनीतिक सन्तुलन आवश्यक छैन भने पनि भर्नौं ।



महेन्द्र यादव
सहमहामन्त्री

ठूलो पार्टी बनाउनु, सरकार बनाउनु गल्ती हो भने फेरि अर्को गल्ती गर्नुस् सभापतिज्यू । केन्द्रीय सभापतिलाई बाहिर राखेर जिल्ला सभापतिको भेला गर्नुले राम्रो सन्देश गएन, राज्यले ठूलो अन्याय गरेको छ । न कसैको जाहेरी छ, न बयानमा नै कसैले नाम लिएको छ ।

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा पदाधिकारी तहकै नेताहरू पनि मूल एजेन्डाबाट भड्किएर आरोप-प्रत्यारोपमै उत्रेका छन् । यसबाहेक कांग्रेसका तर्फबाट सरकारमा सहभागी मन्त्रीहरूले मन्त्रालयबीच समन्वयको अभाव देखाएका छन् ।

बैठकको पाँचौं दिन केन्द्रीय सदस्यहरूले धारणा राख्ने क्रम सकिएलगत्तै पदाधिकारीले बोल्न थालेका छन् । आइतबार आठ सहमहामन्त्रीले धारणा राख्दा उनीहरूले समूहगत आरोप-प्रत्यारोपमा समय खर्चेका छन् । इतर निकट सहमहामन्त्रीद्वय जीवन परियार र बद्री पाण्डेले सभापतिको आलोचना गरे । संस्थापननिकट ६ सहमहामन्त्रीले इतर समूहका गतिविधि र महामन्त्री थापाको आलोचनामा समय व्यतीत गरे ।

सहमहामन्त्री परियारले सभापति देउवाले पार्टीलाई गति दिन नसकेको आरोप लगाउँदै समीक्षाको माग गरे । 'पार्टीका सबै संयन्त्र ठीकठाक छन् भन्ने हो भने पनि भर्नौं । अब केही गर्नुपर्दैन भन्ने लागेको छ भने पनि त्यसै भर्नौं । पार्टी सुधार गर्न बहस-छलफल हुनुहुँदैन भन्ने हो भने पनि भर्नौं । पार्टीभित्र राजनीतिक सन्तुलन आवश्यक छैन भने पनि भर्नौं । के यसैगरी निर्णय गर्दै जाने हो भने हामी वर्तमान चुनौती सामना गर्न सक्छौं ? विचारणीय छ प्रश्न छ, सभापतिज्यू,' उनले भने । परियारले भुटानी शरणार्थी प्रकरणमा मुछिएका नेता बालकृष्ण खाणको विषय पनि उठान गरे ।

संस्थापननिकट सहमहामन्त्री खाणको बचाउ गर्दै इतर समूहमाथि खनिए । सहमहामन्त्री महेन्द्र यादवले परिणाम दिएका सभापति देउवाको विरोध गर्नेहरूले नकारात्मक प्रचार गरिरहेको, महामन्त्रीले सभापतिलाई बाइपास गरेर जिल्ला सभापतिको भेला गरेको आरोप लगाए । 'ठूलो पार्टी बनाउनु, सरकार बनाउनु गल्ती हो भने फेरि अर्को गल्ती गर्नुस् सभापतिज्यू । केन्द्रीय सभापतिलाई बाहिर राखेर जिल्ला सभापतिको भेला गर्नुले राम्रो सन्देश गएन,' यादवले भने, 'खाणलाई राज्यले फसाएको छ, उहाँमाथि राज्यले ठूलो अन्याय गरेको छ । न कसैको जाहेरी छ, न बयानमा नै कसैले नाम लिएको छ । राजद्रोहसमेत मुद्दा लगाइयो । अन्तिम निर्णय नभएसम्म कसुरदार होइन । सक्नुहुन्छ भने सहयोग गर्नौं, सकिँदैन भने असहयोग नगर्नौं ।'

सहमहामन्त्री बद्री पाण्डेले पार्टीलाई मिलाएर जाने विषयमा उठेका प्रश्नलाई नेतृत्वले प्रतिशोधको रूपमा लिन नहुने बताए । पाण्डेले ०८४ को निर्वाचनका विषयमा चिन्ता लिनुभन्दा वर्तमानका समस्या समाधान गर्दै पार्टीलाई बलियो बनाएर एक्लै लड्ने या गठबन्धन भन्ने टुंगो लगाउनुपर्ने बताए । गठबन्धनलाई जोगाएर सरकारलाई स्थिर बनाउनुपर्नेमा उनको जोड थियो । भ्रष्टाचारका विषयमा कांग्रेसले नै पहलकदमी लिएर ठूला भ्रष्टाचारका मुद्दा बाहिर ल्याउनुपर्ने पाण्डेको जिकिर थियो ।

अर्का सहमहामन्त्री किशोरसिंह राठौरले महामन्त्रीद्वयप्रति लक्षित गर्दै पदाधिकारी नै गैरजिम्मेवार बनेको आरोप लगाए । उनले सभापति देउवाको बचाउ गर्दै बहुमतको निर्णय अल्पमतले स्विकार्नुपर्ने जिकिर गरे । 'पदाधिकारीबाटै कांग्रेसबारे नकारात्मक धारणा बाहिर ल्याउनु अस्वाभाविक हो । सभापतिकै विरोध गरेर जानु मिथ्या हो । लोकतन्त्र भनेको जित्नेले समेट्ने, हार्नेले सघाउने हो,' राठौरले भने ।

सहमहामन्त्री भीष्मराज आङ्देम्बेले महामन्त्रीद्वय जिम्मेवारीबाहिर गएको आरोप लगाए । 'पदाधिकारी र पूर्वपदाधिकारीसँग छलफल गरेर एजेन्डा ल्याएको हो । प्रस्तावलाई पूर्णता दिन छलफल भएको हो । प्रस्तावमा पुस्तान्तरण, रूपान्तरण, हस्तान्तरण सबै समेटिएको छ । आग्रह र पूर्वाग्रहमा नजाऔं । दोषारोपण गरेर हामी कहीं पनि पुग्दैनौं । यसअघिको समय साँच्चै हाम्रा लागि चूनौतीपूर्ण थियो । नीति अधिवेशनबाट रक्तसञ्चार गर्नौं,' उनले भने ।

सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिनाले कांग्रेसकै अर्को समूहले पार्टी सकियो भनेर नेता-कार्यकर्ताको मनोबल गिराएको आरोप लगाइन् ।

खाणलाई केन्द्रीय सदस्यबाट निलम्बनमा कारबाहीको माग गर्नेमाथि उनी खनिइन् । अर्का सहमहामन्त्री उमाकान्त चौधरीले कांग्रेसलाई सधैं सक्रिय बनाउने कार्यक्रम आवश्यक रहेको तथा जनजीविकाका सवालमा स्पष्ट धारण आउनुपर्ने मत राखे ।

जनप्रतिनिधिले पार्टीका एकाइसँग समन्वय नै नगर्ने समस्या रहेको उनको भनाइ थियो ।

सहमहामन्त्री फरमुल्लाह मन्सुरले कांग्रेसलाई कमजोर बनाउने खेल भएको र उपलब्धिमाथि प्रहार भइरहेको भन्दै महामन्त्री थापा आक्रोश व्यक्त गरे । 'कांग्रेसमाथि भित्र र बाहिरबाट प्रहार भइरहेको छ । कांग्रेसका सबै निर्णय सर्वसम्मत भएका छन् । तर, पार्टीका विषयमा पनि मिडियामा आइरहेका छन् ? आफूअनुकूल भए विधिसम्मत नभए पार्टी सकियो भन्ने ?' उनले प्रश्न गरे ।

बैठकबारे डा. शेखर कोइरालाको मूल्यांकन

आरोप-प्रत्यारोप र कुण्ठा पोख्ने थलो बन्यो



केन्द्रीय समिति बैठक समूहगत आरोप-प्रत्यारोपमा केन्द्रित भएपछि इतर समूहको नेतृत्व गरिरहेका नेता डा. शेखर कोइरालाले बैठक आरोप-प्रत्यारोप र कुण्ठा पोख्ने थलो मात्र बनेको टिप्पणी गरेका छन् । आइतबार धारणा राख्ने क्रममा उनले लामो समयपछि बसेको बैठक मूल एजेन्डाबाहिर रुमल्लिएको बताए । 'हाम्रो राजनीतिक भविष्य मात्र होइन, देशको लोकतन्त्रको भविष्य पनि हाम्रो चरित्र र कार्यशैलीद्वारा निर्देशित हुन्छ । हामी सबै एउटा खेलको नियममा बाँधिएका छौं र बाँधिनुपर्छ । जसरी देश संविधानबाट चल्छ, त्यसैगरी कांग्रेस पनि पार्टी विधानबाट अगाडि बढाउने परम्परा बसालौं, उनले भने, 'हाम्रा भ्रातृ र शुभेच्छुक संस्थाहरूलाई पनि विधानअनुरूप अगाडि बढाउने काम गरौं । विधानले सबैले गर्ने काम तोकेको छ । लामो समयपछि बसेको केन्द्रीय समितिको बैठक आरोप-प्रत्यारोप र कुण्ठा पोख्ने थलो मात्र बनेको देखियो । यो राम्रो लक्षण होइन ।

पूर्वपदाधिकारीको पनि उस्तै ताल

केन्द्रीय समिति बैठकमा कांग्रेसका पूर्वपदाधिकारी पनि गुटबन्दीको सिकार भए । दुवै पक्ष आरोप-प्रत्यारोपमा उत्रिए । पूर्वउपसभापति विमलेन्द्र निधिले इतर समूहको रूपान्तरणको बहस निरर्थक भएको भन्दै रूपान्तरण आवश्यकता र निरन्तरको प्रक्रियाबाट आउने बताए । 'पाँच वर्षसम्म त गठबन्धन ठीकै छ । आउने निर्वाचनमा गठबन्धन गरेर या एक्लैले बहुमत कसरी ल्याउन सकिन्छ, तीनै तहका लागि चुनावको तयारी गरौं । संगठन सुदृढीकरण र विस्तारित गरौं,' उनले भने, 'प्रदेशको अधिकारलाई सुनिश्चित गरौं । संविधान संशोधन गर्नुपर्छ भने गरौं ।'

पूर्वमहामन्त्री शशांक कोइरालाले क्रियाशील सदस्यता वितरणको समीक्षा गर्नुपर्ने बताए ।



'हामी कहाँ छौं र कहाँ जाँदै छौं ? आठ सय क्रियाशील हुँदा भोट दुई सय खस्छ । हामीले कस्तो क्रियाशील सदस्यता दिँदै छौं । जबसम्म सदस्यता लिनेलाई हृदयदेखि कांग्रेसको नीति ठीक छ भन्ने लाग्दैन, संगठन हुँदैन । केन्द्रीय समितिले अधिकार पनि विकेन्द्रीकरण गर्नुपऱ्यो । टिकटको जिम्मा तल्लो तहलाई दिनुपर्छ,' उनले भने ।

नेता अर्जुननरसिंह केसीले सभापति देउवाको कार्यशैलीमाथि प्रश्न गर्दै संस्थागत र विधिसम्मत प्रक्रियाबाट पार्टी सञ्चालन गर्न माग गरे । 'पार्टीभित्र कसैको पनि ध्येय पार्टी सभापतिलाई कमजोर र अनिर्णायक बनाउने छैन । सबल, सक्षम र निर्णायक पार्टी सभापति नै कांग्रेसको गरिमा हो । तर, सबल सभापतिको अर्थ सानो गिरोह र ओहोदाधारीले पार्टीको विधान लत्याउँदै केन्द्रीय समिति, भ्रातृ संस्था, शुभेच्छुक संस्था वा केन्द्रीय विभागहरूलाई भूमिकाविहीन, कमजोर, स्खलित, अनिर्णायक र अकर्मण्य बनाएर थन्क्याउने वा रबरस्टाम्प बनाउने छुट वैधानिक हुँदैन,' केसीको भनाइ थियो ।

डा. मीनेन्द्र रिजालले निर्वाचन प्रणालीमा प्रतिनिधिसभा प्रतिनिधिमूलक नभएको र बहसको आवश्यकता रहेको बताए । उनले महामन्त्री गगन थापा र सभापति शेरबहादुर देउवा ०८४ मा पार्टीलाई राम्रो बनाउनुपर्छ भन्नेमा एक भएको, तर संसदीय दलको विषयमा मन डुलाउँदा एकाग्र भएर पार्टी निर्माणमा लाग्न नसकेको बताए । स्वास्थ्यमन्त्री मोहन बस्नेतले टिकट वितरणबाट नै आफूलाई पराजित गराउने खेल सुरु भएको दाबी गरे ।

अर्का केन्द्रीय सदस्य विनोद चौधरीले निर्वाचनमा आफूलाई कांग्रेसबाटै पराजित गर्ने भूमिका खेलेको गुनासो गरे । यसको फाइदा नयाँ उदाएका पार्टीले उठाएको चौधरीको भनाइ थियो । 'निर्वाचनमा अत्यन्तै दुर्भाग्यपूर्ण स्थितिको अनुभव गर्नुपऱ्यो । पार्टीको ठूलो तप्का कसरी हराउने भनेर लागिपऱ्यो,' उनले भने ।

'पत्रिका वितरणमा अवरोध गरेर नागरिकको सूचना पाउने हक खण्डित गरियो'

काठमाडौं/ पत्रिका वितरणमा अवरोध पुऱ्याएर नागरिकको सूचना पाउने अधिकार खण्डित गरिएको भन्दै कान्तिपुर पब्लिकेसनले आपत्ति जनाएको छ । पब्लिकेसनका प्रमुख कार्यकारी अधिकृत महेश स्वाँरले आइतबार विज्ञप्ति जारी गर्दै यस्तो कार्यले संविधानका व्यवस्था गरिएको अभिव्यक्ति स्वतन्त्रता, सञ्चारको हक र उपभोक्त अधिकार उल्लंघन भएको जनाएका छन् ।

'कान्तिपुर दैनिक र द काठमाडौं पोस्टका प्रकाशित प्रतिहरू बीचबाटोमै कब्जा गरेर फालिदिने, च्यातिदिने, घर लग्ने, एकै ठाउँ जम्मा गरेर थन्क्याइदिने र पत्रिका वितरण गर्न तयार जनशक्तिलाई धम्की दिने काम भएको छ, पब्लिकेसन्सका प्रकाशनहरूको वितरण वाधित भएकामा हामी दुःखी छौं,' विज्ञप्तिमा भनिएको छ ।

पब्लिकेसन्सले आफ्नो जनशक्ति व्यवस्थापनका विषयमा लिएको कदमबारे पनि विज्ञप्तिमार्फत स्पष्ट पारेको छ । संस्थामा आबद्ध कुनै पनि कर्मचारीलाई गैरकानुनी रूपमा बिदा गर्ने नीति र योजना नभएको स्पष्ट पार्दै विज्ञप्तिमा भनिएको छ, 'कुनै स्थायी कर्मचारीले स्वेच्छा वा समझदारीले बिदा हुन चाहे कानुनअनुसार सम्पूर्ण सुविधा पाउने विषयमा शंका छैन । करारमा रहेका कर्मचारीका हकमा भने करारकै कानुन लागू हुनेछ । निश्चित अवधि नै तोकेर नियुक्त गरिएका कर्मचारीलाई उक्त अवधि सकिएपछि अर्को करार गर्ने वा नगर्ने विषय संस्था र व्यक्ति दुवैतर्फको कानुनी स्वतन्त्रताको विषय हो । यस्तो अवस्थामा दुवैतर्फबाट लिनु/दिनुपर्ने दायित्व पूरा गरेपछि एकअर्काबाट स्वतन्त्र हुने मात्र होइन, कानुनअनुसार सेवा-सुविधा तथा अतिरिक्त क्षतिपूर्तिको व्यवस्थासमेत पब्लिकेसन्सले गर्दै आएको छ, यो प्रक्रिया जारी रहनेछ ।'



कुनै पनि विषयमा असमझदारी भए विधिवत् असहमति राख्ने कर्मचारीको अधिकारलाई पब्लिकेसन्सले सम्मान गर्ने, तर त्यो प्रक्रिया पनि स्थापित श्रम कानुनअनुसार हुनुपर्ने विज्ञप्तिमा उल्लेख छ । 'कुनै सरोकार राख्दा आधिकारिक ट्रेड युनियनमार्फत आउनुपर्ने र कुनै कारणले आधिकारिक ट्रेड युनियन नभएको अवस्थामा संस्थाका ६० प्रतिशत कर्मचारीका तर्फबाट लिखित माग राख्न सकिने व्यवस्था कानुनमा छ,' विज्ञप्तिमा भनिएको छ, 'तर, 'कान्तिपुर संयुक्त संघर्ष समिति' भनेर कतै पनि दर्ता नभएको संयन्त्रलाई पहिचान गर्न संस्था असमर्थ भएकाले यसको निराकरणका लागि प्रेस रजिस्ट्रारको कार्यालयमा पत्राचार गरिएको छ । यस्तो असमझदारी भएका वेला प्रेस रजिस्ट्रार कार्यालयले आफ्नो भूमिका पूरा गर्ने स्पष्ट व्यवस्था भएकाले कानुनबमोजिम हुने पहल र प्रक्रियामा कान्तिपुर पब्लिकेसन्स प्रतिबद्ध छ ।'

आफ्ना सरोकारका विषयमा विधिवत् विषय राख्नुका साथै कर्तव्य पूरा गर्नु कर्मचारीको कानुनी दायित्व भएको स्मरण गराउँदै विज्ञप्तिमा भनिएको छ, 'तर, व्यवस्थापन, सर्यौं श्रमजीवी सञ्चारकर्मी तथा श्रमिकले रातदिनको मिहिनेतपछि तयार पारेको पत्रिका घरघरमा पुऱ्याउने जिम्मेवारी पूरा नगरी बीचबाटोमा खोस्ने, कब्जामा लिने, च्यातेर फाल्ने, घर लग्ने तथा एकै ठाउँ थुप्रो लगाउने प्रवृत्ति श्रमको अवमूल्यन हो, गैरव्यावसायिक र गैरकानुनी हो । तोकिएको ठाउँमा पत्रिका नपुऱ्याई पब्लिकेसन्स र ग्राहकको सम्पत्तिमा हानि पुऱ्याउनु कानुनी रूपमा दण्डनीय हो । साथै, संविधानको धारा ४४ अनुसार उपभोक्ताको मौलिक अधिकारविरुद्ध पनि हो, सम्बन्धित व्यक्तिहरूलाई कानुनी रूपमा जवाफदेही बनाइनेछ ।'

आफ्नो कर्तव्य पूरा गर्न खोज्ने श्रमिक तथा व्यवस्थापनका अधिकारीमाथि गाली-बेइज्जती गर्ने, हुलहुज्जत गर्ने र धम्क्याउने प्रवृत्तिविरुद्ध पनि कान्तिपुर पब्लिकेसन्स कठोर कानुनी कदमको प्रक्रियामा रहेको विज्ञप्तिमार्फत जानकारी गराइएको छ । 'त्यस्ता व्यक्ति संस्थाभित्र वा बाहिरका जोसुकै भए पनि कानुनी रूपमा उत्तरदायी बनाइनेछ,' पब्लिकेसन्सले सचेत गराएको छ ।

लोकतन्त्रको जीवनरेखा सञ्चारलाई कुण्ठित गर्ने कुनै पनि प्रवृत्तिबाट कान्तिपुर पब्लिकेसन्स हतोत्साही नहुने र आफ्नो कर्तव्य र दायित्वप्रति सचेत भई आफ्नो प्रतिबद्धतामा निरन्तर अघि बढिरहने विज्ञप्तिमा उल्लेख छ ।

नापीका पूर्वकर्मचारी पक्राउ

काठमाडौं/ बालुवाटारस्थित ललितानिवास जग्गा हिनामिनाको अनुसन्धानका लागि नापी विभागका पूर्वकर्मचारी पक्राउ परेका छन् । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले अरुणकुमार श्रेष्ठलाई पक्राउ गरेको हो ।

किर्ते गरी सरकारी जग्गा हिनामिनामा उनको पनि संलग्नता देखिएपछि पक्राउ गरिएको सिआइबीका एसएसपी दिनेश आचार्यले जानकारी दिए । उनी पक्राउ परेसँगै यो मुद्दामा सिआइबी हिरासतमा हुनेको संख्या १९ पुगेको छ ।

शुक्रबार सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरणको रिट खारेज गरेसँगै सिआइबीलाई यो मुद्दामा अनुसन्धान सहज भएको छ । जसअनुसार उसले पक्राउ र बयानको कामलाई तीव्रता दिएको छ । एक सय ४३ रोपनी जग्गा हिनामिनामा तीन सय ५० भन्दा धेरै कर्मचारीको संलग्नता देखिएको सिआइबीले जनाएको छ ।

प्रधानमन्त्रीको सल्लाहकार हुँ भन्दै ठग्ने बाबु-छोरा पक्राउ

काठमाडौं/ प्रधानमन्त्रीको सुशासन सल्लाहकार हुँ भन्दै ठगी गर्ने राजेन्द्रप्रसाद खनाल र उनका छोरा पक्राउ परेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले ४५ लाख रुपैयाँ ठगीको आरोपमा काठमाडौं नागार्जुनका खनाल र उनका छोरा विशाल खनाललाई आइतबार पक्राउ गरेको हो ।

आफू प्रधानमन्त्रीको सुशासन सल्लाहकार भएको र राजनीतिक पहुँचका आधारमा नाफा हुने गरी विभिन्न व्यवसायमा लगानीका नाममा पैसा लिएर ठगी गरेका हुन् । उनीविरुद्ध इलाका प्रहरी कार्यालय दमकमा ठगी मुद्दा दर्ता रहेको छ । उनीहरूले पीडितको ४५ लाख तथा जिपसमेत लिएर फरार भएका थिए । झापा प्रहरीको आग्रहमा उपत्यका अपराध अनुसन्धान कार्यालयले उनीहरूलाई काठमाडौंमा पक्राउ गरेको हो । उनीहरूले नाटकीय शैलीमा ठगी गरेको प्रहरीले जनाएको छ ।

सडकमा न्याय माग्दै लघुवित्तपीडित



लघुवित्त तथा वित्तीय शोषणविरुद्ध लघुवित्तीय संस्थाविरुद्धको संघर्ष समिति नेपालले आइतबार आयोजना गरेको सिंहदरबार घेराउ कार्यक्रमका सहभागी । माइतीघरमा जम्मा भएर थापाथली-त्रिपुरेश्वर-रत्नपार्क हुँदै उनीहरूले भद्रकालीस्थित सडकमा बसेर प्रदर्शन गरेका थिए । तस्बिर : संजित परियार/नयाँ पत्रिका

निःशुल्क सामग्री किनेको देखाएर भ्रष्टाचार

खोटाङका सिडिओसहित १० जनाविरुद्ध मुद्दा

काठमाडौं/ विद्युतीकरण कार्यमा हिनामिना गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खोटाङका प्रमुख जिल्ला अधिकारी भोजराज खतिवडासहित १० जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । यसअघि स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत हुँदा भ्रष्टाचार गरेको आरोपमा अख्तियारले उनीसहितविरुद्ध मुद्दा दायर गरेको हो ।



भोजराज खतिवडा

खतिवडाले आर्थिक वर्ष ०७५/७६ मा सिद्धिचरण नगरपालिका- १० मा विद्युतीकरण कार्यमा हिनामिना गरेको आरोप अख्तियारको छ । अनियमितता गरेको आरोपमा अख्तियारले तत्कालीन वडाध्यक्ष दामोदर धमला, तत्कालीन इन्जिनियर अमृतकुमार दाहाल र तत्कालीन खानेपानी तथा सरसफाइ प्राविधिक दिलकुमार बुढाथोकीलाई पनि प्रतिवादी बनाएको छ । त्यस्तै, नेपाल विद्युत् प्राधिकरण ओखलढुंगा वितरण केन्द्रका तत्कालीन कार्यालय प्रमुख सञ्जीव साह, भण्डार प्रमुख वीरबहादुर राई र नमामी सप्लायर्सका प्रोपाइटर सञ्जीवकुमार यादवविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको छ । उपभोक्ता समितिका अध्यक्ष डिककुमार धमला, सचिव दीपकप्रसाद धमला र कोषाध्यक्ष गोठीमाया मगरलाई अख्तियारले प्रतिवादी बनाएको छ ।

विद्युत् प्राधिकरणबाट निःशुल्क प्राप्त भएका वइजल एसिएसआर कन्डक्टर, स्टिल ग्यालभनाइज पोल, स्याकल इन्सुलेटर डी आइरन सेट, पिन इन्सुलेटर स्पिन्नडलका सामग्री नमामी सप्लायर्सको भ्याट बिलमा आयोजना सुरु हुनुअघिको मिति उल्लेख गरेर खरिद गरेको भनी फर्जी बिल बनाई गर्ने नमिल्ने सिफारिस गरेर चार लाख ७७ हजार ८९९ रुपैयाँ भुक्तानी लिएको अख्तियारको आरोप छ ।

यस्तै, सडक निर्माण कार्यको अन्तिम बिल भुक्तानीका लागि घुस खाने ग्रामीण सडक सञ्जाल सुधार आयोजना, आयोजना कार्यान्वयन इकाइ, झापाका आयोजना व्यवस्थापक सिडिई (उपसचिवसरह) सहित तीनजनाविरुद्ध पनि अख्तियारले आइतबार नै मुद्दा दायर गरेको छ ।

सुदूरपश्चिमको कृषि मन्त्रालय साढे ६ महिनादेखि मन्त्रीविहीन

लामो समयसम्म विभागीय मन्त्री नहुँदा मन्त्रालयका महत्त्वपूर्ण काम प्रभावित

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय साढे ६ महिनादेखि मन्त्रीविहीन छ । सत्तारूढ गठबन्धनमा भागबन्डाको सहमति जुट्न नसकेपछि गत २७ पुसदेखि मन्त्रालय नेतृत्वविहीन बन्न पुगेको हो ।

मुख्यमन्त्री कमलबहादुर शाहले सरकारको नेतृत्व गरेको साढे पाँच महिनासम्म भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री नियुक्त गर्न सकेका छैनन् । त्यसअघिका मुख्यमन्त्री राजेन्द्रसिंह रावल नेतृत्वको सरकार मन्त्रिपरिषद् विस्तार नहुँदै एक महिनामै ढलेको थियो । रावलले विश्वासको मत पाउन नसकेपछि २७ माघमा मुख्यमन्त्री नियुक्त भएदेखि शाहले यो मन्त्रालयको जिम्मेवारी आफैँसँग राखेका छन् ।

लामो समयसम्म विभागीय मन्त्री नहुँदा मन्त्रालयका कतिपय महत्त्वपूर्ण काम प्रभावित हुँदै आएका छन् । मन्त्रीको अनुपस्थितिमा मन्त्रालयसम्बद्ध ऐन, कानुन निर्माण, कतिपय नीति, कार्यविधिको संशोधन, नयाँ योजना निर्माण, कार्यान्वयनलगायत काम प्रभावित भएको कर्मचारीहरू बताउँछन् ।

मन्त्रालयका प्रवक्ता टीकाराम थापाले मन्त्री हुँदा र नहुँदा



मन्त्रालयका काममा स्वाभाविक रूपमा केही प्रभाव देखिने बताए । 'मन्त्री भएको भए दैनिक सरसल्लाह हुन्थ्यो, हामीले ब्रिफिङ गर्थ्यौं । नयाँ कुराहरूमा कसरी जाने भन्ने सल्लाह हुन्थ्यो,' थापाले भने, 'अहिले त्यो पाटो हुन सकेको छैन ।'

मन्त्री नहुँदा कतिपय नीति, कार्यविधि परिमार्जनको काम पनि रोकिएको उनले बताए । अहिले महत्त्वपूर्ण काम मुख्यमन्त्रीमार्फत भइरहेको थापाले जानकारी दिए । महत्त्वपूर्ण काम मुख्यमन्त्रीमार्फत हुने गरे पनि मुख्यमन्त्रीसँग भेटघाट र छलफल सहज नभएको कर्मचारीहरू बताउँछन् ।

> दुई-चार दिनभित्रै सरकारले पूर्णता पाउने गरी छलफल अघि बढेको छ । दुवै मन्त्रालय विस्तार सँगसँगै हुन्छ ।



कमलबहादुर शाह
मुख्यमन्त्री
सुदूरपश्चिम प्रदेश

एमाले नेता रावलले विश्वासको मत पाउन नसकेपछि प्रदेश सभाको ठूलो दल कांग्रेस संसदीय दलको नेताको हैसियतले शाह मुख्यमन्त्री नियुक्त भएका थिए । त्यहीबीचमा केन्द्रमा राजनीतिक समीकरण फेरबदल भएपछि शाहले सहज रूपमा विश्वासको मत पाए । प्रदेश सभाको दुईतिहाइ मत पाएका उनले केन्द्रको गठबन्धनअनुसार नागरिक उन्मुक्ति पार्टीलाई भने सरकारमा सहभागी गराउन सकेका छैनन् ।

मुख्यमन्त्री शाहले यो मन्त्रालय नागरिक उन्मुक्ति पार्टीलाई दिन खोजेका छन्, तर मन्त्रालय संख्यामा सहमति नभएपछि मुख्यमन्त्रीलाई मत दिए पनि उक्त पार्टी सरकारमा छैन । मुख्यमन्त्रीले माओवादीलाई दुई मन्त्री र एक राज्यमन्त्री दिएर सरकार विस्तार गर्दा नागरिक उन्मुक्तिले पनि दुई मन्त्रालय मागेको थियो ।

गाडी दुर्घटनामा परेर मन्त्री पृथ्वीबहादुर सिंहको निधन भएपछि आन्तरिक मामिला तथा कानुन मन्त्रालय पनि एक महिनादेखि मन्त्रीविहीन छ । गत ५ असारमा उनी चढेको गाडी बझाङमा दुर्घटना भएको थियो ।

मुख्यमन्त्री शाहले भने सरकारलाई पूर्णता दिन तयारी भइरहेको बताए । नागरिक उन्मुक्ति पार्टीलाई सरकारमा सहभागी गराउन मन्त्रालय भागबन्डाको विषय सहमतिनजिक पुगेको उनले बताए । 'दुई-चार दिनभित्रै सरकारले पूर्णता पाउने गरी छलफल अघि बढेको छ,' मुख्यमन्त्री शाहले भने, 'दुवै मन्त्रालय विस्तार सँगसँगै हुन्छ ।'

नागरिक उन्मुक्ति पार्टी कृषिमन्त्री र राज्यमन्त्री लिएर सरकारमा सहभागी हुन सहमत भएको बताइएको छ । उक्त पार्टीको संसदीय दलका नेता घनश्याम चौधरीले दुई मन्त्रालय पाउनुपर्ने मागलाई कायम राखेर तत्काल एक मन्त्री र एक राज्यमन्त्रीसहित सरकारमा जानेबारे पार्टीमा छलफल भइरहेको बताए ।

'सामाजिक-आर्थिक रूपान्तरणमा पुष्पलालको भूमिका अतुलनीय'

काठमाडौं/ राजनीतिक दलका नेता तथा कूटनीतिज्ञहरूले नेपालको राजनीतिक परिवर्तनसँगै सामाजिक-आर्थिक परिवर्तनमा नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको भूमिका अतुलनीय रहेको बताएका छन् । एमाले जिल्ला कमिटी काठमाडौंले आइतबार ४५औं पुष्पलाल स्मृति दिवसका अवसरमा आयोजना गरेको 'समाज रूपान्तरणमा पुष्पलालको भूमिका' विषयक गोष्ठीमा उनीहरूले त्यस्तो बताएका हुन् ।

एमाले कार्यवाहक अध्यक्ष ईश्वर पोखरेलले संयुक्त जनआन्दोलनमार्फत सामन्तवादलाई समाप्त पार्ने पुष्पलालको नीति समयक्रममा सान्दर्भिक थियो भन्ने पुष्टि भएको बताए । कांग्रेस नेता चन्द्र भण्डारीले पुष्पलाल र बिपीजस्ता दूरदर्शी नेताहरूकै कारण मुलुकमा परिवर्तन सम्भव भएको बताए । उनले अहिलेको राजनीतिमा धेरै विकृति देखिएको चर्चा गर्दै पुष्पलालको नीति र जीवनशैलीबाट सिक्नुपर्ने धेरै कुरा रहेको चर्चा गरे ।

पूर्वमन्त्री तथा एमाले पोलिटब्युरो सदस्य आनन्दप्रसाद पोखरेलले पुष्पलालको सही नीतिकै कारण मुलुक आर्थिक-सामाजिक रूपान्तरणसहित समाजवादउन्मुख दिशामा अगाडि बढेको बताए । पूर्वराजदूत नीलाम्बर आचार्यले पुष्पलालको बहुआयामिक विशेषताबारे प्रस्ट्याएका थिए ।

सभामुख र उपसभामुख भेलामा वरीयता विवाद

कमलराज भट्ट/नयाँ पत्रिका

संघीय संसद् र सात प्रदेश सभाका सभामुख तथा उपसभामुखको भेलामा वरीयताको विषय उठेको छ। प्रदेश सभाका सभामुख र उपसभामुखले आफूहरूलाई वरीयतामा तल राखिएको गुनासो गरेका छन् भने राष्ट्रिय सभा उपाध्यक्षलाई वरीयताअनुसार जिम्मेवारी नदिएपछि विवाद भएको छ।

अपमानित गरिएको भन्दै राष्ट्रिय सभा उपाध्यक्षद्वारा संयन्त्र बहिष्कार

संघीय संसद् र प्रदेश सभाको अनुभव आदानप्रदान गर्न शुक्रबार र शनिबार काठमाडौंको चन्द्रागिरिमा भेला आयोजना गरिएको थियो। भेलाले संविधानप्रदत्त महिलाको हक-अधिकार कार्यान्वयन गर्न र महिला सशक्तीकरण गर्न प्रतिनिधिसभाका उपसभामुख र राष्ट्रिय सभाका उपाध्यक्षको नेतृत्वमा प्रदेश सभाका उपसभामुख रहेको एक संसदीय संयन्त्र निर्माण गर्ने निर्णय गऱ्यो। तर, निर्णय सार्वजनिक गर्दा संयन्त्रमा राष्ट्रिय सभा उपाध्यक्षलाई प्रदेश सभाका उपसभामुखसरह संयन्त्रको सदस्य राखेपछि विवाद भएको हो। राष्ट्रिय सभा उपाध्यक्ष उर्मिला अर्यालका अनुसार निष्कर्षको मस्यौदामा 'संविधानप्रदत्त महिलाको हक-अधिकार कार्यान्वयन गर्न संघीय संसद्का उपसभामुख र उपाध्यक्षको नेतृत्वमा प्रदेश सभाका उपसभामुख रहेको एक संसदीय संयन्त्र गठन गर्ने' उल्लेख थियो। आइतबार संसद् भवनको ल्होत्से हलमा निष्कर्ष सुनाउँदा भने फरक सार्वजनिक भयो। त्यसलगत्तै राष्ट्रिय सभा उपाध्यक्ष अर्यालले विज्ञप्ति जारी गरेर आपत्ति जनाएकी छिन्। उनले अपारदर्शी तरिकाले मस्यौदा संशोधन गरेको भन्दै संयन्त्रमा नबस्ने घोषणासमेत गरेकी छिन्। उनले सभामुख र राष्ट्रिय सभा अध्यक्षसँग असन्तुष्टिसमेत पोखेकी छिन्। सरकारको मर्यादाक्रमअनुसार प्रतिनिधिसभाका उपसभामुख र राष्ट्रिय सभाका उपाध्यक्ष आठौं वरीयतामा छन्। प्रदेश सभाका उपसभामुख दशौं नम्बरमा छन्।

वरीयता पुनर्विचार गराउन पहल गर्ने

भेलाले प्रदेश सभाका सभामुख र उपसभामुखको वरीयता नमिलेको भन्दै पुनर्विचार गराउन पहल गर्ने निर्णय गरेको छ। 'संघीय शासन प्रणालीको भावनाअनुकूल प्रदेश सभाका सभामुख र उपसभामुखको मर्यादाक्रममा पुनर्विचार गर्न सरकारको ध्यानाकर्षण गराउने,' निष्कर्षमा भनिएको छ। हाल प्रदेश सभाका सभामुख नवौं र उपसभामुखको दशौं नम्बरमा वरीयता तोकिएको छ। वरीयतामा अगाडि ल्याउनुपर्ने भेलाको निष्कर्ष छ। भेलामा कोसी प्रदेशमा सरकार निर्माणमा सभामुखको सहभागिताबारे पनि छलफल भएको थियो। सभामुख देवराज घिमिरेले प्रशस्त छलफल भएको र गल्तीहरूबाट परिष्कृत हुँदै सिकेर जानुपर्ने बताए। भेलाले संघीय संसद्मा हुने राजनीतिक फेरबदलका कारण प्रदेश सभा प्रभावित हुने कुरालाई निरुत्साहित गर्दै केन्द्रीय प्रभावबाट मुक्त हुने वातावरणको लागि पहल गर्ने निष्कर्ष निकालेको उनले सुनाए।

कम्युनिस्ट विभाजनले नोक्सान मात्रै हुन्छ : नेपाल

काठमाडौं/ एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले कम्युनिस्टहरूको विभाजनले नोक्सान मात्रै हुने दाबी गरेका छन्। नेकपाका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको ४५औं स्मृति दिवसका अवसरमा पुष्पलाल स्मृति प्रतिष्ठानले आइतबार कीर्तिपुरमा गरेको कार्यक्रममा नेपालले कम्युनिस्टहरूलाई एक ठाउँमा ल्याउने कुरामा हरेस खानु नहुने बताए।

नेकपा एकता अभियानका अध्यक्ष वामदेव गौतमले कम्युनिस्ट शक्तिहरू मिल्नुपर्नेमा जोड दिएपछि नेपालले कम्युनिस्ट पार्टीहरू आ-आफ्ना पसल थापेर आफ्नै पारामा चलिरहे पनि मिल्न सक्नेजति मिल्दै जानुपर्ने बताएका हुन्। कम्युनिस्टहरूलाई जति मिलाउन सकियो त्यति शक्ति आर्जन हुने नेपालको भनाइ छ। उनले भने, 'कमरेड वामदेव गौतमले कम्युनिस्ट पार्टी शक्तिलाई मिलाऔं भनेर जोड दिनुभयो। सबै कम्युनिस्ट पार्टीहरू आ-आफ्ना पसल थापेर बसेका छन्, आ-आफ्नै पाराले चलिरहेका छन्। त्यसका बाबजुद पनि हामीले हरेस खानुहुँदैन। उहाँको संकल्प, भावना अत्यन्त राम्रो छ। यस अर्थमा जो-जो जति मिल्न सक्छन् मिल्दै जाने हो। सहकार्य गर्दै जाने हो। यस अर्थमा हामीले हरेस खान जरुरी छैन, मिहिनेत गरेर प्रयत्न गर्नुपर्छ। कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध बनाउन हाम्रोतर्फबाट प्रयत्न हुनेछ।'

कार्यक्रममा गौतमले सबै कम्युनिस्टलाई एकताबद्ध हुन आह्वान गरे। समाजवादी मोर्चा बनाउनु राम्रो भए पनि दुई-तीन पार्टी मात्रै मिलेर समाजवादको यात्रा पूरा नहुने उनको भनाइ थियो। 'सबै कम्युनिस्ट एकतामा आऔं। मोर्चाको उद्देश्य नेपाली जनताको समृद्धिलाई बनाऔं। संविधानले परिकल्पना गरेको लोकतान्त्रिक मूल्य, मान्यतामा आधारित समृद्ध समाज, समृद्ध समाजवाद, कृषि, उद्योगधन्दाको क्षेत्र कहाँबाट सुरु गर्न सकिन्छ, सबै लागौं,' गौतमले भने।

एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA
एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-००७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आह्वान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितो मा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आह्वान सम्बन्धी विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	विवरण
१)	नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, बारामा प्रा.फ.र.नं. ४९३/१५६४६/०५८/०५९ अन्तर्गत मिति २०५८/०७/२७ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको बारा जिल्ला फेटा गा.वि.स. वडा नं. ७ स्थित **नवलक्ष्मी स्टोर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: चन्द्रीका प्रसाद तेली** ठेगाना : बारा जिल्ला, फेटा गा.वि.स. वडा नं. ३ बाबु : सीताराम साह तेली बाजे : सम्पत साह तेली
	धितोको विवरण
	१) सम्पत साह तेलीको नाती, सीताराम साह तेलीको छोरा, बारा जिल्ला, फेटा गा.वि.स. वडा नं. ३ बस्ने चन्द्रीका प्रसाद तेलीको नाममा मालपोत कार्यालय कलैया, बाराको लगातमा दर्ता कायम रहेको बारा जिल्ला, फेटा गा.वि.स. वडा नं. ३ (हाल फेटा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ५६२ को क्षेत्रफल ०-०-८ (विगाह) को जग्गा, बारा जिल्ला, फेटा गा.वि.स. वडा नं. ५ (हाल फेटा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. २९८ र ७६ को क्षेत्रफल क्रमश: ०-४-८½ र ०-१-५ (विगाह) को जग्गा र बारा जिल्ला, बुटरा गा.वि.स. वडा नं. ७ (हाल फेटा गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ४७४ को क्षेत्रफल १-०-० (विगाह) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सीताराम साह तेलीको नाती, चन्द्रिका साहको छोरा, बारा जिल्ला, फेटा गा.वि.स. वडा नं. ३ बस्ने विनोद प्रसाद साहको नाममा मालपोत कार्यालय कलैया, बाराको लगातमा दर्ता कायम रहेको बारा जिल्ला, फेटा गा.वि.स. वडा नं. ४ (हाल फेटा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ७५७ र ७५९ को क्षेत्रफल क्रमश: ०-०-८-५ र ०-१-०-८ (विगाह) को जग्गा, बारा जिल्ला, फेटा गा.वि.स. वडा नं. ३ (हाल फेटा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ५४८, ६१९, ५२२, १५० र ५०४ को क्षेत्रफल क्रमश : ०-०-८, ०-८-१२, ०-०-८, ०-०-१४ र ०-१-१६½ (विगाह) को जग्गा र बारा जिल्ला, फेटा गा.वि.स. वडा नं. ५ (हाल फेटा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ३०१, ७८ र ७८ को क्षेत्रफल क्रमश: ०-०-६½, ०-१-५ र ०-१-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) हरिहर साह तेलीकी छोरी, सीताराम साह तेलीकी बुहारी, चन्द्रीका प्रसाद तेलीकी पत्नी, बारा जिल्ला, फेटा गा.वि.स. वडा नं. ३ बस्ने सींगारी देवी तेलीनको नाममा मालपोत कार्यालय पर्साको लगातमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज न.पा. वडा नं. १० (हाल वीरगंज म.न.पा. वडा नं. ८) स्थित कित्ता नं. २२२ को क्षेत्रफल ७४.८० (व.मी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ४) नवलक्ष्मी स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) विनोद प्रसाद साह	२) सींगारी देवी तेलीन	३) प्रनोद प्रसाद साह	४) सीता देवी साह
ठेगाना : बारा जिल्ला, फेटा गा.वि.स. वडा नं. ३ बाबु : चन्द्रिका साह बाजे : सीताराम साह तेली	ठेगाना : बारा जिल्ला, फेटा गा.वि.स. वडा नं. ३ बाबु : हरिहर साह तेली ससुरा : सीताराम साह तेली पति : चन्द्रीका प्रसाद तेली	ठेगाना : बारा जिल्ला, फेटा गा.वि.स. वडा नं. ३ बाबु : चन्द्रीका प्रसाद तेली बाजे : सीताराम साह तेली	ठेगाना : बारा जिल्ला, फेटा गा.वि.स. वडा नं. ३ बाबु : रामअंगेया साह ससुरा : चन्द्रिका साह पति : विनोद प्रसाद साह

	ऋणीको विवरण	धितोको विवरण
२)	**सुमित्रा थेवे** स्थायी ठेगाना: इलाम जिल्ला, प्याङ गा.वि.स. वडा नं. ३ हालको ठेगाना: पाँचथर जिल्ला, फिदिम न.पा. वडा नं. १ बाबु: महेन्द्र विक्रम थेवे ससुरा: पदम प्रसाद तुम्खोक पति: जरमान लिम्बु तुम्खोक	पदम बहादुर चेम्जङकी छोरी, ज्ञान बहादुर तुम्खोककी बुहारी, पदम प्रसाद तुम्खोककी पत्नी, पाँचथर जिल्ला, काफलवोटे गा.वि.स. वडा नं. ३, स्थायी ठेगाना भइ हाल पाँचथर जिल्ला फिदिम न.पा. वडा नं. १, बस्ने धन कुमारी लिम्बुनीको नाममा मालपोत कार्यालय, पाँचथर को लगातमा दर्ता कायम रहेको पाँचथर जिल्ला, सिवा गा.वि.स. वडा नं. १ (हाल फिदिम न.पा. वडा नं. ६) स्थित कित्ता नं. १११ को क्षेत्रफल ४-१४-१-१ (रोपनी) को घर/जग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत
	जमानीकर्ताहरुको विवरण	
	१) धन कुमारी लिम्बुनी स्थायी ठेगाना: पाँचथर जिल्ला, काफलवोटे गा.वि.स. वडा नं. ३ हालको ठेगाना: पाँचथर जिल्ला, फिदिम न.पा. वडा नं. १ बाबु: पदम बहादुर चेम्जङ ससुरा: ज्ञान बहादुर तुम्खोक पति: पदम प्रसाद तुम्खोक	**२) जरमान लिम्बु तुम्खोक** स्थायी ठेगाना: पाँचथर जिल्ला, सिवा गा.वि.स. वडा नं. १ हालको ठेगाना: पाँचथर जिल्ला, फिदिम न.पा. वडा नं. १ बाबु: पदम प्रसाद तुम्खोक बाजे: ज्ञान बहादुर तुम्खोक

	ऋणीको विवरण	जमानीकर्ताको विवरण
३)	**बुद्धि सिं तामाङ** स्थायी ठेगाना : भोजपुर जिल्ला, साइपाइ गा.वि.स. वडा नं. ७ हालको ठेगाना : भोजपुर जिल्ला, षडानन्द न.पा. वडा नं. ८ बाबु : बल बहादुर तामाङ बाजे : चन्द्र बहादुर तामाङ	**सविता तामाङ** स्थायी ठेगाना: भोजपुर जिल्ला, साइपाइ गा.वि.स. वडा नं. ७ हालको ठेगाना : भोजपुर जिल्ला, षडानन्द न.पा. वडा नं. ८ बाबु : चम्प सिं तामाङ ससुरा : बल बहादुर तामाङ पति : बुद्धि सिं तामाङ
	धितोको विवरण	
	चम्प सिं तामाङकी छोरी, बलबहादुर तामाङकी बुहारी, बुद्धि सिं तामाङकी पत्नि, भोजपुर जिल्ला, साइपाइ गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल भोजपुर जिल्ला, षडानन्द न.पा. वडा नं. ८ बस्ने सविता तामाङको नाममा मालपोत कार्यालय दिङ्ला, भोजपुरको लगातमा दर्ता कायम रहेको भोजपुर जिल्ला, तुङगोछा गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. ४१९ को क्षेत्रफल ०-११-३-१ (रोपनी) को घरजग्गा तथा सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैँया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिकीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफै ले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय नयाँ पर्सा, चितवनको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०४/०८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय नयाँ पर्सा, चितवनबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहाहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

ऋणीको विवरण:
प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम, नेपाल सरकार, प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय बागमति प्रदेश, भरतपुर, चितवनमा मिति २०७७/०८/२४ मा प्रा.फ.द.नं. ६२०/०७७/०७८ कायम भई दर्ता रहेको चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ०२ स्थित रजिष्टर्ड कार्यालय रहेको **कुशम एकिकृत कृषि फर्म** (प्रोप्राईटर सुब्बा तामाङ/सन्ज माया तामाङको नाति, लाल बहादुर तमाङ/सुक माया तामाङको छोरा, सिर्जना तमाङको पति, नुवाकोट जिल्ला, गोर्स्याङ गा.वि.स वडा नं. ०१ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०२ बस्ने **गँगा बहादुर तमाङ** (ना.प्र.नं.८४१०३/६५६, जारी मिति २०६०/०१/०५, जिल्ला प्रशासन कार्यालय नुवाकोट)।
व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. माइती सिँह तमाङ/ज्यावु माया तमाङको नातिनी, मान बहादुर तमाङ/भिमाचोम तामाङको छोरी, लाल बहादुर तमाङ/सुक माया तामाङको बुहारी, गँगा बहादुर तमाङको पत्नी, नुवाकोट जिल्ला, गोर्स्याङ गा.वि.स वडा नं. ०२ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०२ बस्ने **सिर्जना तमाङ** (ना.प्र.नं. २५३००४/२९३, जारी मिति २०६३/१०/२४, जिल्ला प्रशासन कार्यालय नुवाकोट।)
धितो सुरक्षणको विवरण:
१. **गँगा बहादुर तमाङ**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, चैनपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. ९७ को क्षेत्रफल ३३८.६३ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय नयाँ पर्सा, चितवन फोन नं. ०५६-५८३३२६/२७

नबिल बैंक लिमिटेड, नारायणगढ शाखा, चितवनको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०४/०८)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ । साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनु भएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला । अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण
जोखा महत्तोको नाति, दशरथ महत्तोको छोरा, चितवन जिल्ला, पदमपुर गा.वि.स. वडा नं. ०९ स्थायी घर भई हाल चितवन जिल्ला, कालिका न.पा वडा नं. ०४ बस्ने नागरिकता नं. १०११/०३४, (जारी मितिः २०५४/०७/०७, स्थान चितवन) भएको **श्री चित्र बहादुर महत्तो** ।

जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण
१. वसन महत्तोकी छोरी, दशरथ महत्तोकी बुहारी, चित्र बहादुर महत्तोकी श्रीमती, चितवन जिल्ला, पदमपुर गा.वि.स. वडा नं. ०९ स्थायी घर भई हाल चितवन जिल्ला, कालिका न.पा. वडा नं. ०४ बस्ने नागरिकता नं. ३५३०५/१७७, (जारी मितिः २०६३/११/०८, स्थान चितवन) भएकी **श्रीमती शंकरिया महत्तो** ।
२. दशरथ महत्तोको नाति, चित्र बहादुर महत्तोको छोरा, चितवन जिल्ला, कालिका न.पा. वडा नं. ०४ बस्ने नागरिकता नं. ३५/०१/७३/०६६७७, (जारी मितिः २०७३/०५/२३, स्थान चितवन) भएको **श्री बिराज महत्तो** ।
३. दशरथ महत्तोको नाति, चित्र बहादुर महत्तोको छोरा, चितवन जिल्ला, कालिका न.पा. वडा नं. ०४ बस्ने नागरिकता नं. ३५/०१/७४/११८६९, (जारी मितिः २०७४/०९/२०, स्थान चितवन) भएको **श्री अशिस महत्तो** ।
४. याजित महत्तोकी नातीनी, पिउर महत्तोकी छोरी, चितवन जिल्ला, पदमपुर गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल चितवन जिल्ला, कालिका न.पा. वडा नं. ०४ बस्ने नागरिकता नं. ३५१००५/७९६, (जारी मितिः २०६३/१०/१५, स्थान चितवन) भएकी **श्रीमती संगिता कुमारी चौधरी** ।

धितोको विवरण
धितोमा रहेको घर/जग्गाको विवरण :
चितवन जिल्ला, पदमपुर गा.वि.स. वडा नं. ०९ स्थायी घर भई हाल चितवन जिल्ला, कालिका न.पा. वडा नं.

मिस्टर नेपाल- २०२३ को उपाधि कार्कीलाई



'न्यु लुक मिस्टर नेपाल २०२३'को उपाधि समर्पण कार्कीले जितेका छन्। पेसाले पाइलट कार्की १८ प्रतियोगीलाई पछि पार्दै विजेता बनेका हुन्। युवाको प्रेरणा स्रोत बन्ने उद्देश्यसहित प्रतियोगितामा सहभागी भएका कार्कीले मिस्टर इन्टेलेक्चुअलको उपाधिसमेत प्राप्त गरे। विजेता कार्कीले नगद पाँच लाखबराबरको उपहार प्राप्त गरेका छन्।

'डान्सिङ स्टार' विजेता छिरिङ कार्साङमा



यम शेर्पाको निर्देशनमा बन्न लागेको फिल्म 'कार्साङ'मा छिरिङ शेर्पा अनुबन्धित भएकी छिन्। छिरिङले यो फिल्ममार्फत नेपाली फिल्ममा डेब्यु गर्न लागेकी हुन्। उनी टेलिभिजन रियालिटी सो 'डान्सिङ स्टार नेपाल सिजन २'की विजेतासमेत हुन्। यो फिल्ममा दयाहाङ राई र बुद्धि तामाङ अनुबन्धित भइसकेका छन्।

प्यारालाइसिस हुनबाट कसरी बच्ने ?



डा. रोशन झा
फिजिसियन
सशस्त्र प्रहरी अस्पताल



हातखुट्टा नचल्ने अवस्थालाई प्यारालाइसिस भनेर बुझिन्छ। हिजोआज अधिकांशमा प्रेसर र मधुमेह (सुगर) बिग्रिएर प्यारालाइसिस हुने गरेको पाइन्छ। रगत जम्ने वा बग्ने रोग छ भने पनि प्यारालाइसिस निम्तिन सक्छ। कुनै पनि व्यक्तिको आधा भाग (एकातिरको दाहिने वा देब्रे हातखुट्टा) नचल्ने, एउटा हात नचल्ने, एउटा खुट्टा नचल्ने वा दुवै खुट्टा नचल्ने, मुख बाङ्गिने भएमा प्यारालाइसिस भएको बुझिन्छ। यो अचानक हुन सक्छ।

कारण

प्यारालाइसिस हुने कारण धेरै छन्। मुख्य कारण भनेको प्रेसर र मधुमेह हुन्। प्रेसर हाई भएको व्यक्तिले औषधि समयमा खाएन, चिकित्सकको परामर्श लिएर प्रेसरलाई कन्ट्रोल गरेर राखेन भने त्यस्ता व्यक्तिमा अचानक रगतको नसा फुट्ने, रगत जम्ने, रगतको नसा कडा भएर त्यो ठाउँमा रक्तसञ्चार कम हुनेलगायत समस्या देखिन्छन्। मस्तिष्कमा रक्तसञ्चारको कमी वा रगतको नसा फुटेर रगत बग्दा प्यारालाइसिस हुन सक्छ। कहिलेकाहीं मुटुसम्बन्धी रोग भएकामा पनि प्यारालाइसिस देखिन सक्छ। ब्रेन ट्युमर हुँदा पनि प्यारालाइसिस हुने जोखिम रहन्छ। तसर्थ, ब्रेन ट्युमरका लक्षण देखिँदा समयमै शल्यक्रिया गर्नुपर्छ र त्यसलाई व्यवस्थापन गर्नुपर्छ। कहिलेकाहीं साधारण ज्वरो बिग्रिएर टाउकोमा इन्फेक्सन भइदिन्छ। यसलाई चिकित्सकीय भाषामा मेनेन्जाइटिस भनिन्छ। यस कारणले पनि प्यारालाइसिस हुन सक्छ।

लक्षण

- पक्षघातको मुख्य लक्षण शरीरका अंग चलाउन गाह्रो हुनु हो।
- मुख चलाउन असहज हुने, स्पष्टसँग बोल्न नसक्ने, मुख बाँगिने।

यी कुरा ख्याल गरौं

- प्रेसर कन्ट्रोलमा राख्ने, प्रेसरको औषधि सेवन गर्ने, यदि प्रेसर बढी छ भने तुरुन्त चिकित्सकको परामर्श लिएर औषधिको डोज मिलाउने।
- मधुमेह नियन्त्रण गर्ने।
- मुटु र मिर्गौलाको जाँच गर्ने, समस्या छ भने चिकित्सकको परामर्शमा औषधि उपचार गर्ने।
- कुनै पनि व्यक्तिमा ब्रेनको इन्फेक्सन भयो भने डाक्टरको परामर्शमा सुईबाट (आइभिएनटी बायोटिक एन्टिभाइरल ड्रग्स दिएर) त्यसलाई तुरुन्त कन्ट्रोल गर्नुपर्छ।
- प्यारालाइसिस भएको चार घन्टाभित्रै बिरामीलाई न्युरो सेन्टर ल्याउन सके यसको उपचार गर्न सकिन्छ। चिकित्सकहरूले थम्बोलाइसिस उपचार पद्धतिबाट यसको उपचार गर्छन्। रगतको नसाभित्रै रगत सुकेर जमेको छ भने चिकित्सकले रगत पातलो गर्ने औषधि दिने गर्छन्। कोलेस्ट्रोल बढी छ भने त्यसको औषधि चलाउने, अन्य कुनै समस्या छ भने त्यसको उपचार गरिएमा बिरामी केही दिनमै निको हुन्छ।
- प्यारालाइसिस भएको बिरामीको मुख बाङ्गो हुने, बोली लरबरिने, खाना निल्न नसकेर खाना सर्किने समस्या धेरै हुन्छ। त्यस्तो अवस्थामा चिकित्सकले नाकमा साधारण पाइप हालिदिन्छन्। त्यो पाइपको सहाराबाट बिरामीलाई खाना खुवाउनुपर्छ।
- प्यारालाइसिस भएको बिरामीलाई नली राखेर दिसा-पिसाब गराउनुपर्छ। धेरै दिन त्यही नली राख्नुहुँदैन, परिवर्तन गरिरहनुपर्छ।
- थप समस्या देखिएमा चिकित्सकको परामर्शअनुसार औषधि उपचार गर्नुपर्छ।

यस्ता कुरामा सावधानी अपनाऔं

- उच्च रक्तचाप नियन्त्रण गर्ने।
- मधुमेहको समयमै उपचार गर्ने।
- मोटोपन घटाउने।
- तनाव कम गर्ने।
- शरीरको कुनै भाग कमजोर भए वा नचल्ने भए तुरुन्तै चिकित्सकलाई देखाउने।

अनि जाग्छ अध्ययनमा बच्चाको रुचि

बच्चासँग पढ्ने : 'मेरो बच्चा पाँच वर्षको भयो। आफैं पढ्छ,' अभिभावकहरू गर्वसाथ भनिरहेका हुन्छन्। तर, बच्चालाई एक्लै पढ्न छाड्ने होइन, आफूसँगै बसेर अक्षरहरूको यात्रा गराउनुपर्छ। आफ्ना बच्चासँग बसेर पढ्नुस्। पढेका कुराबारे छलफल गर्नुस्। उनीहरूका कुरा सुन्नुस् र आफूलाई मन परेका पक्षबारे पनि कुरा गर्नुस्।

रोजाइ : बच्चालाई इच्छा लागेका सामग्री पढ्न दिनुस्। बच्चाको इच्छा बुझेर आफू पनि त्यही सामग्री पढ्नुस् र छलफल गर्नुस्। यस्तो हुँदा बच्चाको लगाव र जिज्ञासा बढेर जान्छ। उनीहरूलाई कथा वा कार्टुन जे मन पर्छ, त्यही पढ्न दिँदा हुन्छ। तर, महत्त्वपूर्ण कुरा सामग्री पठनीय हुनुपर्छ।


ब्रेक : तपाईंको बच्चाले कुनै पुस्तक पढिसकेपछि उसलाई अन्य रमाइला क्रियाकलापमा संलग्न गराउनुस्। घुम्न लैजानुस्। त्यस पुस्तकको कुन पक्ष मन पऱ्यो ? के सिकायो ? यसले के परिवर्तन ल्याउँछ ? कुन पात्र मन पऱ्यो ? यी विषय सोध्नुस्। यस्ता छलफलले उनीहरूको सोच्न सक्ने क्षमता र पुस्तक पढिसकेपछि सम्झन सक्ने क्षमता अभिवृद्धि गर्छ।

समयसीमा निर्धारण नगर्नुस् : बच्चालाई यति नै समयमा यो पुस्तक पढिसक्नुपर्छ भनेर दबाब दिने काम नगर्नुस्। हतारोमा पढ्दा उनीहरूले अध्ययनको मज्जा उठाउन पाउँदैनन्। उनीहरूलाई आनन्दले पढ्न लगाउनुस्।



वातावरण : घरमा पढ्ने वातावरण बनाउन जरुरी छ। यसका लागि बेग्लै स्पेस छुट्याउन सकिन्छ। त्यहाँ आवश्यक पुस्तकहरू राख्नुस्। बच्चालाई त्यस ठाउँमा पुगेपछि अध्ययन गर्न मन लागोस्।

मनसुनमा यस्तो मेकअप





बिना रानामगर
मेकअप आर्टिस्ट
चेली मेकअप स्टुडियो

अहिलेको समय छिनमै घाम लाग्ने र छिनमै वर्षा हुने हुन्छ। यो समयमा साधारण मेकअप पानीले भिज्दा, पसिना आउँदा बिग्रने हुन्छ। त्यसैले यो समयमा वाटरप्रुफ मेकअप गर्नुपर्छ। वाटरप्रुफ मेकअप पानी वा पसिनाले बग्दैन। यसलाई आफैं रिमुभ गर्नुपर्ने हुन्छ।

आफ्नो स्किन, आइली, ड्राई, नर्मल कस्तो छ ? त्यसअनुसार मेकअप गर्नुपर्छ। फेसमा लगाउने क्रिमदेखि मस्करा, गाजल, लिपस्टिक सबै वाटरप्रुफ प्रयोग गर्नुपर्छ। पानी, पसिना, घाम, धुलोधुँवाबाट बचाउन पनि वाटरप्रुफ मेकअप गर्नुपर्छ।

कुन छालामा कस्तो मेकअप ?

आइली स्किन : यदि आइली स्किन छ भने आयल कन्ट्रोल गर्नुपर्छ। सुरुमा मेकअप गर्नुअघि मसाज क्लिन्जिङ गरेर फेस सफा गर्ने, त्यसपछि टोनर प्रयोग गर्ने। त्यसपछि आइली मोस्चराइजर लगाउने। चार-पाँच मिनेटको फरकमा स्किनको प्रकारअनुसार फाउन्डेसन प्रयोग गर्ने। फाउन्डेसनलाई सेट गर्नका लागि वाटरप्रुफ पाउडरले सेभ गर्नुपर्छ।

आइली स्किनमा ओपन पोज बढी हुने र यसबाट आयलको उत्पादन भइरहने हुँदा यसलाई ब्लक गर्न प्राइमर प्रयोग गर्नुपर्छ। आइली स्किनकै लागि भनेर विभिन्न फाउन्डेसन आएको पाइन्छ।

ड्राई स्किन : ड्राई स्किन छ भने सुरुमा मेकअप गर्नुअघि अलि समय क्लिन्जिङ गर्ने, त्यसपछि टोनर लगाउने। दुई-चार मिनेटको फरकमा मोस्चराइजर/सेरम प्रयोग गर्ने। सनस्क्रिन प्रयोग गर्ने।

ड्राई स्किनलाई स्मुथ गराउन प्राइमर प्रयोग गर्ने। ड्राई स्किनमा सुट हुने फाउन्डेसन प्रयोग गर्नुपर्छ र अन्तिममा पाउडर प्रयोग गर्नुपर्छ।

नर्मल स्किन : नर्मल स्किनमा प्रायः सबै प्रडक्ट सुट हुन्छ। नर्मल लेखिएको प्रडक्ट प्रयोग गर्न सकिन्छ। आयली र ड्राईजस्तो त्यति धेरै ध्यान दिनुपर्दैन।

मर्निङ ग्लोरीले सजाउनुस् बार्दली



तपाईंको घरको बगैंचा, बार्दली वा छतलाई मर्निङ ग्लोरीले सजाउन सकिन्छ। विश्वभर यस फूलका हजारौं प्रजाति पाइन्छन्। सेतो, नीलो, रातो, पहेँलो, गुलाफीलगायत विभिन्न रङमा यो फूलका प्रजाति फुल्छन्।

यो बिहान फुल्ने फूल हो। जेठदेखि असोजसम्म मुटु आकारका पातमा यो फूल फुल्ने गर्छ। निकै सुन्दर र सुगन्धित भएकाले घर सजावटका लागि यसको प्रयोग गरिन्छ।

स्याहार : मर्निङ ग्लोरीको बिरुवालाई धेरै मलको आवश्यकता पर्दैन। त्यसैले धेरै जैविक मल उपयोग गर्नुहुँदैन। आवश्यकभन्दा धेरै पानी हाल्नुहुँदैन। अन्यथा, बिउ सड्न सक्छ। यदि कुनै बिरुवामा किरा वा फंगस लागेको छ भने कीटनाशक औषधि छर्कनुपर्छ। यस बिरुवालाई दिनमा कम्तीमा चारदेखि पाँच घन्टा घाम लाग्ने ठाउँमा रोप्नु राम्रो हुन्छ, जहाँको तापमान १५ देखि १९ डिग्री सेल्सियस होस्।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०४/०८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने सांवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण सांवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीको विवरण:

प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातवरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा मकवानपुरमा प्राईभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम मिति २०६६/१२/१३ प्रा.फ.द.न. ७०१०/१८०/२०६६/२०६७ मा दर्ता भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौंडा, मकवानपुरबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०९३७४५७३ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ७ स्थित रजिस्टर्ड कार्यालय रहेको **अनु फर्निचर उद्योग** (प्रोप्राईटर मान बहादुर गोलेको नाति, राम बहादुर गोलेको छोरा, सर्मिला रिजालको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०७ (साबिक मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. ०७) बस्ने **प्रकाश गोले**, ना.प्र.नं. १०२३/६८२७५, जारी मिति २०६६/१०/२४, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. मान बहादुर गोलेको बुहारी, ज्ञान बहादुर स्याङ्तानको छोरी, राम बहादुर गोलेको पत्नी मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०७ (साबिक मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. ०७) बस्ने **सनु गोले** (ना.प्र.नं. २२/३२०, जारी मिति २०५८/०६/२४, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

२. राम बहादुर गोलेको बुहारी, गजेन्द्र बहादुर रिजालको छोरी, प्रकाश गोलेको पत्नी, मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ०९ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०७ बस्ने **सर्मिला रिजाल** (ना.प्र.नं. ३१/०१/६९/०३५४५, जारी मिति २०६९/०४/०३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

धितो सुरक्षणको विवरण

१. **सनु गोले**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ०७ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ०७) स्थित कित्ता नं. १२६९, १२३१, २०८५ र २०८४ को क्षेत्रफल क्रमशः ०-१-०, ०-०-४, ०-०-२ र ०-०-८ (बि.क.धु) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. **सर्मिला रिजाल**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, मक्वान्चुली गा.वि.स. वडा नं. ०७ (हाल मकवानपुरगढि गा.पा. वडा नं. ०४) स्थित कित्ता नं. ५६६ को क्षेत्रफल २-९-३-२ (रोपनी) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय हेटौंडा, मकवानपुर फोन नं. ०५७-५२४१४३

दर्ता नं. ५६४/०६९/०७० स्था.लेखा नं. ६००७९४४६८

झरना बचत तथा ऋण सहकारी संस्था लि.

शंखधरचोक, मध्यपुर थिमि-४, भक्तपुर, फोन नं. ०१-५०९३५४३
ईमेल : saccosjharana@gmail.com

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/४/८

यस संस्थाबाट सुरक्षण बापत तपसिलमा उल्लेखित सम्पति धित्तो राखी तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न मितिमा विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनु भएको ऋणको सांवा ब्याज लगायतका रकम समेत शर्त बमोजिम यस संस्थामा समय समयमा बुझाउनु पर्नेमा हाल सम्म नतिरी नबुझाई ऋण सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक,लिखित तथा घरदैलो सम्म पुगी तरताकेता गर्दा समेत उक्त ऋणको सांवा ब्याज रकम समेत चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकासित भएको मितिले ३५(पैंतिस) दिन भित्र यस संस्थामा सम्पर्क राखि संस्थालाई बुझाउनु पर्ने बांकी ऋणको सांवा,ब्याज,हर्जाना तथा अन्य दै दस्तुर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित सबैलाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा सहकारी ऐन तथा नियमावली,नेपाल सरकारको प्रचलित कानुन बमोजिम धित्तो लिलाम बिक्री गरी यस संस्थाको लेना बांकी रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र सो धित्तोबाट यस संस्थाको सम्पुर्ण बांकी रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम सम्बन्धित ऋणीको अन्य जायजेथाबाट समेत असुल उपर गर्न आवस्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धित्तो (सुरक्षण) विवरण
१	कर्जा नं.: ए.जि.एल. ०१-२६२ **नाम : बलराम बिष्ट** बुबाको नाम: गणेश बहादुर बिष्ट बाजेको नाम: बिर बहादुर बिष्ट	भक्तपुर जिल्ला साविक दुवाकोट ५(ख) हाल चांगुनारायण न.पा. वडा नं. १ स्थित कि.नं. क्रमशः ६४२,७८६ क्षेत्रफल क्रमशः ०-२-२-० र ०-०-२-० को जग्गा र सो जग्गामा बनेको घर समेत
२	कर्जा नं.: ए.जि.एल. ०१-२६३ **नाम : राम हरी बिष्ट** बुबाको नाम: बलराम बिष्ट बाजेको नाम: गणेश बहादुर बिष्ट	भक्तपुर जिल्ला साविक दुवाकोट ५(ख) हाल चांगुनारायण न.पा. वडा नं. १ स्थित कि.नं. क्रमशः ६४२,७८६ क्षेत्रफल क्रमशः ०-२-२-० र ०-०-२-० को जग्गा र सो जग्गामा बनेको घर समेत
३	कर्जा नं.: ए.जि.एल. ०१-२६४ **नाम : सफल बिष्ट** बुबाको नाम: बलराम बिष्ट बाजेको नाम: गणेश बहादुर बिष्ट	भक्तपुर जिल्ला साविक दुवाकोट ५(ख) हाल चांगुनारायण न.पा. वडा नं. १ स्थित कि.नं. क्रमशः ६४२,७८६ क्षेत्रफल क्रमशः ०-२-२-० र ०-०-२-० को जग्गा र सो जग्गामा बनेको घर समेत
४	कर्जा नं.: ए.जि.एल. ०१-२५३ **नाम : सुष्मा थापा** पतिको नाम: शेर बहादुर थापा बुबाको नाम: नारायण बहादुर खत्रि	काभ्रेपलान्चोक जिल्ला साविक सुब्बागांउ वडा नं.६ सिट नं.१५७ १४०५ हाल पनौति न.पा. वडा नं. ५ स्थित कि.नं.१२६० क्षेत्रफल ०-३-०-० को जग्गा

नबिल बैंक लिमिटेड, बिर्तामोड शाखा, झापाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८०/०४/०८)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले नबिल बैंक लिमिटेडले युनाईटेड फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको साविक युनाईटेड फाइनान्स लिमिटेडले ऋण लिदा गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने सांवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण सांवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानतदिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चलअचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलामबिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानतदिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचि**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानतदिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ। यस बैंकको सुरक्षणमा रहेको सवारी साधन तथा उपकरण तपाई स्वयंले बैंकलाई सम्पर्क गरी हस्तान्तरण गरी दिनुहुन अनुरोध गरिन्छ, अन्यथा बैंकले जुनसुकै बखत उक्त सवारी साधन तथा उपकरण नियन्त्रणमा लिन सक्ने व्यहोरा समेत जानकारी गराउँदछौं।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलामबिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१ **ऋणी फर्मको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं, मितिः २०७३/०६/०९मा दर्ता नं. १५६४०१/०७३/०७४ अन्तर्गत दर्ता भएको **श्री पूर्वाञ्चल कन्सट्रक्सन प्रा. लि.**।

ठेगानाः मोरङ्ग जिल्ला, टंकिसिनवारी गा.वि.स. वडा नं. ४ टंकिसिनवारी।

ऋणी कम्पनीका संचालकहरु तथा व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

१. महाविर महतोको नाति, शिव नारायण महतोको छोरा, मोरङ्ग जिल्ला, टंकिसिनवारी गा.वि.स. वडा नं. ४ बस्ने. नागरिकता नं. ०५/०१/६९/०३७२३, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मोरङ्ग, मितिः वि.सं. २०६९/०४/०८ भएको **श्री मुकेश कुमार महतो**।

२. श्याम शुन्दर महतोको नाति, महाविर महतोको छोरा, मोरङ्ग जिल्ला, टंकिसिनवारी गा.वि.स. वडा नं. ४ बस्ने, नागरिकता नं. १/२४७/२, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मोरङ्ग, मितिः वि.सं. २०४६/०४/१९ भएको **श्री शिव नारायण महतो**।

३. नारायण महतोकी छोरी, महाविर महतोकी बुहारी, शिव नारायण महतोकी पत्नी, मोरङ्ग जिल्ला, झोराहाट गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई मोरङ्ग जिल्ला, टंकिसिनवारी गा.वि.स. वडा नं. ४ बस्ने, नागरिकता नं. १९७/१७०, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मोरङ्ग, मितिः वि.सं. २०४९/०१/१५ भएकी **श्रीमती अनिता कुमारी महतो**।

धितोको विवरण

सवारी साधनको विवरण :

ऋणी **श्री पूर्वाञ्चल कन्सट्रक्सन प्रा. लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. को १ क २९०६ भएको JCB 3DX Super Back Hoe Loader.

२ **ऋणीको नाम र ठेगानाका विवरण**

श्याम शुन्दर महतोको नाति, महाविर महतोको छोरा, मोरङ्ग जिल्ला, टंकिसिनवारी गा.वि.स. वडा नं. ४ बस्ने, नागरिकता नं. १/२४७/२, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मोरङ्ग, मितिः वि.सं. २०४६/०४/१९) भएको **श्री शिव नारायण महतो**।

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. महाविर महतोको नाति, शिव नारायण महतोको छोरा, मोरङ्ग जिल्ला, टंकिसिनवारी गा.वि.स. वडा नं. ४ बस्ने, नागरिकता नं. ०५/०१/६९/०३७२३, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मोरङ्ग, मितिः वि.सं. २०६९/०४/०८ भएको **श्री मुकेश कुमार महतो**।

२. नारायण महतोकी छोरी, महाविर महतोकी बुहारी, शिव नारायण महतोकी पत्नी, मोरङ्ग जिल्ला, झोराहाट गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई मोरङ्ग जिल्ला, टंकिसिनवारी गा.वि.स. वडा नं. ४ बस्ने, नागरिकता नं. १९७/१७०, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मोरङ्ग, मितिः वि.सं. २०४९/०१/१५ भएकी **श्रीमती अनिता कुमारी महतो**।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण :

मोरङ्ग जिल्ला, टंकिसिनवारी गा.वि.स. वडा नं. ४ बस्ने, **श्री शिव नारायण महतो**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ्ग जिल्ला, टंकिसिनुवारी गा.वि.स. वडा नं. ४ ख मा अवस्थित कि.नं. २५५ क्षेत्रफल ०-१-४-० विघाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

राजदूत नियुक्तिको नेपाली अभ्यास

राजदूत चयन गर्दा कूटनीतिक योजनाको प्रस्ताव माग गरी स्वतन्त्र निकायबाट छनोट गर्ने परम्पराको थालनी गर्नु राम्रो हुन्छ



● टिआर जोशी

अग्रलेख

प्राचीनकालमा एक राजाको सन्देश अर्को राजाकोमा पुऱ्याउने दूतलाई राजदूत अर्थात् राजाको दूत भनिन्थ्यो । प्राचीनकालमा राजा नै संविधानभन्दा माथि हुन्थे र राज्यसंयन्त्र तथा विदेश मामिला राजाकै स्वविवेकमा निर्देशित हुन्थ्यो । अहिले सरकार जनताबाट निर्वाचित हुनेहुँदा राजदूत सरकारको दूत वा मुलुकको दूत मानिन्छ ।

राजदूत नियुक्तिको अभ्यास : नेपाल विश्व कूटनीतिक मञ्चमा प्रवेश गरेको करिब ९० वर्ष पुगेको छ । पृथ्वीनारायण शाहले एकीकरण गरेपछि मात्र पहिलोपटक विदेश मामिला हेर्ने विभाग गठन गरेका थिए । सन् १७६९ मा शाहले स्थापना गरेको जैसीकोठा विदेश मामला हेर्ने पहिलो संस्था मानिन्छ । जैसीकोठा नै त्यसवेलाको परराष्ट्र मन्त्रालय थियो र पृथ्वीनारायण शाहलाई नेपालको पहिलो परराष्ट्रमन्त्री मान्न सकिन्छ । त्यसवेला अहिलेजस्तो परराष्ट्र मन्त्रालय र परराष्ट्रमन्त्रीको व्यवस्था थिएन । विदेश मामिला र सम्बन्धमा राजा नै सक्रिय रहन्थे ।

पृथ्वीनारायण शाह विदेश मामिलाका अत्यन्त चतुर खेलाडी थिए । उनले त्यसवेला नै 'नेपाल दुई ढुंगाबीचको तरुल हो' भन्ने परराष्ट्र नीति बनाएका थिए, जुन अहिले पनि त्यत्तिकै सान्दर्भिक र व्यावहारिक छ । ढुंगा एक-दुई थपिएका छन्, तर देश अहिले पनि तरुल नै छ । पछि राणाकालमा राजाको सट्टा राणा शासकले विदेश मामिला हेर्न थाले, तर राजदूतको औपचारिक व्यवस्था राणाशासनको प्रारम्भमा पनि थिएन ।

राणा प्रधानमन्त्री जुद्धशमशेरका पालामा पहिलोपटक सन् १९३४ अप्रिल ६ मा बेलायतका लागि नेपाली राजदूत नियुक्त गरिएको थियो । जुद्धशमशेरका छोरा बहादुरशमशेर विदेशका लागि नियुक्त गरिएका पहिलो नेपाली राजदूत हुन् । नेपालले दोस्रो राजदूतावास भारतको दिल्लीमा खोल्नुअगाडि १३ वर्षसम्मका बहादुरशमशेरपछाडि राणा प्रधानमन्त्री चन्द्रशमशेरका तीन छोरा कृष्णशमशेर, सिंहशमशेर र केशरशमशेर पालैपालो राजदूत बनेर लन्डन पुगेका थिए ।

अंग्रेज उपनिवेशबाट भारत स्वतन्त्र भएपछि नेपालले दिल्लीमा १९४७ मा दूतावास खोलेको थियो । भारतका लागि पहिलो नेपाली राजदूतमा सिंहशमशेरलाई नियुक्त गरिएको थियो । दोस्रो राजदूत सन् १९५१ मा विजयशमशेरलाई नियुक्त गरियो । जो अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेरका छोरा हुन् । सन् १८१६ मा नेपालको पहिलो कूटनीतिक सम्बन्ध बेलायतसँग स्थापना भए पनि त्यसपछिका १३१ वर्षसम्म नेपालले अन्य मुलुकसँग कूटनीतिक सम्बन्ध स्थापना गर्न सकेन ।

२००७ सालको प्रजातन्त्रसँगै नेपालको बाह्य मुलुकसँगको कूटनीतिक सम्बन्ध विस्तार भयो । अहिले नेपालको कूटनीतिक सम्बन्ध विश्वका १६८ देशसँग स्थापित भएको छ भने ३० मुलुकमा दूतावास, तीन स्थानमा राष्ट्रसंघीय स्थायी नियोग र चार मुलुकका ६ सहरमा महावाणिज्य दूतावास छन् । बढ्दो अन्तर्राष्ट्रिय सम्बन्धका कारण अहिले विभिन्न देशका लागि नेपाली राजदूत नियुक्ति गरिएका छन् ।

द्वैध जिम्मेवारीको पद : राजदूतसँग आफूले काम गर्नुपर्ने मुलुक र आफ्नो मुलुकका द्वैध जिम्मेवारी हुन्छन् । पठाइने मुलुकको दूत भए पनि आफ्नो मुलुक र सेवारत रहने मुलुकको जिम्मेवारी लिनुपर्ने द्वैध प्रकृतिको पद हो राजदूत । त्यसैले राजदूतका हैसियतमा पठाइने व्यक्तिलाई सिंगो मुलुकले पत्याउनुपर्छ । आफ्नो देशको आन्तरिक राजनीति, छिमेक नीति, रणनीति आदिको ज्ञान हुनुका साथै राजदूत बनेर जाने सम्बन्धित देशमा आफूले गर्नुपर्ने कामको स्पष्ट मार्गचित्र पनि राजदूतसँग हुनुपर्छ ।

राजदूत भएर जाने सम्बन्धित देशको आन्तरिक राजनीति, भूराजनीति, भूगोल, प्राकृतिक स्रोत-साधन, धर्म, संस्कृति, कूटनीति, आर्थिक, व्यापारिक, प्राविधिक विकासक्रमका साथै सम्बन्धित देशको भाषा, वेशभूषा, चालचलन, रीतिरिवाजबारे समेत राजदूत धेरथोर जानकार हुनुपर्छ । अंग्रेजी भाषामा कूटनीतिक शैलीमा बोल्न र लेख्न सक्ने हुनु अनिवार्य छ ।

नियुक्तिमा विदेशी अभ्यास : विदेशमा राजदूत नियुक्तिलाई बढी महत्त्वका साथ लिइन्छ । बेलायतलगायत पश्चिमा देशमा पद खाली हुनुभन्दा एक वर्षअघिबाटै राजदूतको खोजी गरिन्छ । राजदूतको खोजी गर्दा सो व्यक्तिको आफू राजदूत बनेर जाने सम्बन्धित बाह्य मुलुकबारे कति ज्ञान छ, त्यहाँ गएर के काम गर्ने, किन जाने, राष्ट्रलाई लाभ हुने के-के काम गर्ने, दुई देशबीचको सम्बन्ध कुन उचाइमा कसरी पुऱ्याउने, बाह्य देशसँग स्वदेशको सम्बन्ध कसरी सुधार्ने आदि विषयमा प्रस्ताव मागेर स्वतन्त्र निकायको अध्ययन र मूल्यांकनका आधारमा राजदूतमा सिफारिस गरिन्छ । चयन गरिने व्यक्तिलाई कूटनीतिक भाषा, आचरण, बोली-व्यवहार र सम्बन्धित देशमा गर्नुपर्ने कामका लागि कूटनीतिक प्रशिक्षण दिइन्छ ।

छिमेकी भारतमा राजनीतिकभन्दा बढी करिअर डिप्लोम्याटलाई प्राथमिकता दिइन्छ । कूटनीतिक सेवामा प्रवेश गरेपछि एक वर्ष सम्बन्धित मुलुकको भाषा, संस्कृति, इतिहास, आन्तरिक-भूराजनीतिको ज्ञान प्राप्त गर्नुपर्ने र त्यसपछि कूटनीतिक सेवासम्बन्धी एक वर्ष अध्ययन गर्नुपर्ने र करिअर डिप्लोम्याटका रूपमा सेवा प्रवेश गर्ने व्यवस्था छ ।

सिंगापुरले भने विषयगत वार्ता गर्न सो मुलुकबाटै सम्बन्धित मन्त्रालयका विज्ञ व्यक्तिलाई राजदूत तोक्ने गर्छ । धेरै देशले कुनै विषय वा मुद्दाले बाटो बिराउन थालेको अवस्थामा सो विषयको विज्ञ, निर्णय क्षमता र चातुर्य राख्ने व्यक्ति खोजेर सम्बन्धित मुलुकमा सोही कामका लागि राजदूत बनाई पठाउने गरेको पाइन्छ ।

सम्बन्धित मुलुकसँग आफ्नो राष्ट्रको कति सहकार्य छ, कति कुरा आफ्नो राष्ट्रहितको पक्षमा त्याउनु छ, उक्त मुलुकसँग सहकार्य गर्दा अन्तर्राष्ट्रिय पहुँचको वृद्धि कति हुन्छ आदि कुराको विश्लेषण गरेर मात्र दूतावास खोलिन्छ । विषयगत विज्ञलाई मात्र राजदूत बनाई पठाइन्छ । हरेक राष्ट्रमा राजदूत चयनको एक मापदण्ड हुन्छ र त्यसलाई संवेदनशील किसिमले अवलम्बन गरिन्छ । सार्क मुलुकहरूमा मात्रै हेर्दा पनि राजदूतको राजनीतिक नियुक्ति अत्यन्त न्यून छ ।

नेपालको अभ्यास : राजदूतको राजनीतिक नियुक्ति हुँदा सरकार बदलिएसँगै राजदूत फेरिने र बाह्य सम्बन्धमा अस्थिरताको खतरा बढ्ने जोखिम हुने भए पनि नेपालमा करिअर डिप्लोम्याटभन्दा राजनीतिक व्यक्तिलाई बढी राजदूत नियुक्त गरिन्छ । औपचारिक रूपमा राजदूत नियुक्ति गर्न थालेको ८९ वर्षको अवधिमा सयौँपटक राजदूत नियुक्ति गरिएको छ । नियुक्त हुनेमा कूटनीतिक सेवाका करिअर डिप्लोम्याटभन्दा राजनीतिक क्षेत्रका व्यक्ति करिब दोब्बर छन् । राजदूत दोहोरिनेको संख्या पनि त्यत्तिकै छ ।

चारपटकसम्म चार छुट्टाछुट्टै देश रुस, भारत, इजिप्ट, बेलायतका लागि राजदूत बन्ने व्यक्ति हुन् झरेन्द्रनारायण सिंह, तीनपटक राजदूत हुने यदुनाथ खनाल, पदमबहादुर खत्री, डा. भेषबहादुर थापालगायत छन् भने दुईपटक हुने दुई दर्जनभन्दा बढी छन् । प्रधानमन्त्री भइसकेर पनि अमेरिकाका लागि राजदूत हुने व्यक्ति हुन् मातृकाप्रसाद कोइराला । परराष्ट्रमन्त्री भएर राजदूत हुन जानेमा महेन्द्रबहादुर पाण्डे चीनका लागि र उनीभन्दा अघि उनीजस्तै चारजना परराष्ट्रमन्त्री भइसकेका गेहेन्द्रबहादुर राजभण्डारी (बंगलादेश), कृष्णराज अर्याल (फ्रान्स), खड्गमान सिंह (पाकिस्तान) र ज्ञानेन्द्रबहादुर कार्की (रुस) राजदूत भएको पाइन्छ । मन्त्री वा परराष्ट्रमन्त्री बनेर पछि राजदूत बन्ने हालसम्म १५ जना छन् भने उच्च संवैधानिक पदमा बसेर पनि पछि राजदूत हुने पाँचजना छन् ।

> स्वतन्त्र निकायबाट निष्पक्ष मूल्यांकन गरी योग्यता, प्रशासनिक क्षमता, कूटनीतिक ज्ञान, चतुऱ्याइँ र कार्यसम्पादन क्षमताका आधारमा चयन गरियो भने सरकार परिवर्तन भए पनि राजदूतलाई पूर्ण कार्यकाल सेवामा रहन समस्या हुँदैन

राजदूत भएपछि मन्त्री हुने पनि एक दर्जनभन्दा बढी व्यक्ति छन् । नेपालको पहिलो महिला राजदूत विन्देश्वरी शाह हुन् । उनी परराष्ट्रको सहसचिव हुँदा ०४५ सालमा भारतका लागि राजदूत नियुक्त भएकी थिइन् । कार्यकाल पूरा हुन एक वर्ष बाँकी हुँदै ०४८ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले उनलाई फिर्ता बोलाएर चक्रप्रसाद बास्तोलालाई राजदूत नियुक्त गरेका थिए ।

०४६ पछि अस्थिर सरकार फेरिनासाथ राजदूत फिर्ता बोलाउने कुसंस्कार विकसित भयो । आफ्नै पार्टीमा पनि गुट मिलेन भने राजदूत फिर्ता डाक्ने विकृतिको थालनी पनि भयो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आफ्नै पार्टीका, तर अर्को गुटसँग नजिक रहेका योगप्रसाद उपाध्यायलाई अमेरिकाबाट फिर्ता बोलाएका थिए ।

नेपाल सरकारबाट नियुक्त गरिएका अधिकांश राजदूतमा देशको सच्चा दूत भएर जिम्मेवारीवहन गर्ने क्षमताको कमी छ । बाह्य मुलुकमा पठाइएका राजदूतमा कार्यसम्पादन क्षमता-योग्यता कमी देखिएको छ । राजदूत पदको गरिमा र ओज घट्दो अवस्थामा छ ।

अन्त्यमा, राजदूत एक व्यक्ति मात्र नभएर सिंगो देश र आमजनता बोक्ने महत्त्वपूर्ण संस्था हो । देशको अन्तर्राष्ट्रिय प्रतिबिम्ब हो भने आमजनताको साझा आवाज हो । यस्तो गरिमामय पदमा सम्बन्धित व्यक्तिको योग्यता, क्षमता र कूटनीतिक सीप, चातुर्य, अनुभव र कार्यसम्पादन शक्ति र सीपलाई आधार बनाई सिफारिस गरिनुपर्छ । राजदूत बन्ने व्यक्तिको शारीरिक, मानसिक, आचार, विचार र जीवनदर्शनलाई समेत ख्याल गरी चयन गरिनुपर्छ । कुनै वेला नेपालका राजदूतलाई खारिएका कूटनीतिज्ञ भनिन्थ्यो । अमेरिकाका अब्बल कूटनीतिज्ञ हेनरी किसिन्जरले समेत आफ्नो पुस्तक 'द वर्ल्ड अर्डर'मा नेपाली कूटनीतिज्ञको प्रशंसा गरेका छन् ।

राजदूत मानसिक र शारीरिक रूपमा पूर्ण स्वस्थ र सक्रिय हुनुपर्छ । आधुनिक विश्व राजनीति, भूराजनीति, आन्तरिक राजनीति, सम्बन्धित देशमा रहेका नेपालीको सुरक्षा र स्थानीय संस्थासँग कुनै विवाद भएमा कूटनीतिक किसिमले सुल्झाउन सक्ने क्षमता र चातुर्य एक राजदूतमा हुन आवश्यक हुन्छ । राजदूत चयन गर्दा राजदूतको उम्मेदवारसँग आफू राजदूत बनेर जान चाहेको मुलुक र आफ्नो मुलुकबीचको कूटनीतिक सम्बन्ध बलियो गराउन र स्वदेशका लागि लाभ लिने कूटनीतिक योजनाको प्रस्ताव माग गरी स्वतन्त्र निकायबाट छनोट गर्ने परम्पराको थालनी गर्न सके राम्रो हुनेछ । तर, नातावाद, कृपावाद, गुटवाद, गाँठवादलाई आधारभूत मापन बनाई राजदूत तथा कूटनीतिक नियोगमा गरिने नियुक्तिले देशलाई छिमेक तथा अन्तर्राष्ट्रिय सम्बन्ध र मामिलामा कमजोर साबित गरेको छ ।

नेपाल सरकारले नियुक्त गरेका अधिकांश राजदूतले केही व्यक्तिगत लाभ र पूर्वराजदूतको पगरी गुथ्नुबाहेक देशका लागि स्मरणीय काम गर्न सकेका छैनन् । सरकार बदलिनासाथ राजदूत फिर्ता डाक्ने परम्पराले गर्दा राजदूतहरू सधैँ आफ्नो कार्यकालको अनिश्चितताका त्रासमा रहने हुँदा पनि आफ्नो र आफन्तबाहेक देशका लागि काम गर्न नसकेका हुन सक्छन् ।

परराष्ट्रको इतिहासमा राजीनामा दिएर फिर्ता हुने राजदूतको संख्या जम्मा चार छ । पञ्चायती व्यवस्थाको ३० वर्षमा जम्मा तीनजना राजदूत फिर्ता भएको पाइन्छ, त्यो पनि विशेष कारणले । त्यसैले स्वतन्त्र निकायबाट निष्पक्ष मूल्यांकन गरी योग्यता, प्रशासनिक क्षमता, कूटनीतिक ज्ञान, चतुऱ्याइँ र कार्यसम्पादन क्षमताका आधारमा चयन गरियो भने सरकार परिवर्तन भए पनि राजदूतलाई पूर्ण कार्यकाल सेवामा रहन समस्या हुँदैन ।

नवनियुक्त राजदूतलाई सम्बन्धित देशबारे अतिरिक्त ज्ञान दिनुका साथै कूटनीतिक मर्यादा, आचरण, बोली, व्यवहार, लेखन, डिजिटल मिडिया, सञ्चार मिडियामा प्रस्तुति, सामाजिक सञ्जाल प्रयोग, पोसाक, हिँडाइ-डुलाइ, घुमफिरजस्ता मसिना कुरामा समेत ज्ञान, तालिम दिएर मात्र सम्बन्धित देशमा पठाउन राम्रो हुन्छ । साथै, विषयगत योग्य र सक्षम व्यक्ति छानेर सम्बन्धित मुलुकका लागि राजदूत सिफारिस गर्नु वाञ्छनीय हुन्छ ।

---

३ प्रश्न

एमाले उपमहासचिव **प्रदीप ज्ञवाली**लाई



प्रदेश कमिटीको आकार घटाउनुपर्ने अवस्था किन आयो ?

विधानमै भएको व्यवस्था कार्यान्वयन गर्न लागिएको मात्र हो । हामीले प्रदेश कमिटीको आकार निर्धारणको विषयमा सूत्र नै बनाएका छौं । निर्वाचन क्षेत्रको संख्याका आधारमा प्रदेश कमिटीको संख्या निर्धारण गर्ने व्यवस्था छ । यसका आधारमा सबैभन्दा ठुलो प्रदेश कमिटी बागमतीको र सानो कर्णालीको हुनेछ । आगामी भदौमा हुने प्रदेश अधिवेशनपछि यो व्यवस्था कार्यान्वयनमा जानेछ ।

यस्तो व्यवस्थाले जिम्मेवारीमा रहेका नेता व्यवस्थापनमा समस्या आउने सम्भावना हुन्छ कि हुँदैन ?

कतैकतै अलिअलि समस्या हुन पनि सक्छ । तर, जिम्मेवारीमा नरहेका नेताहरूलाई अन्य जिम्मेवारीमा खटाउन सकिन्छ । कमिटीमा नअटेका साथीहरूलाई सल्लाहकारमा समेट्न पनि सकिन्छ । प्रदेश र केन्द्रका विभागहरूमा पनि जिम्मेवारी दिन सकिन्छ । साथै, तलै बसेर स्थानीय तहमै काम गर्न चाहने साथीहरूलाई उतैको जिम्मेवारी दिन पनि सकिन्छ । स्थानीय तहमा कार्यकारी भूमिका भएकाले साथीहरूको रुचि त्यता पनि बढेको छ । जनप्रतिनिधिले जनताको काम गर्ने र पार्टी नेतृत्वमा रहने साथीहरूले पार्टीको काम गर्ने व्यवस्थाले राम्रो परिणाम दिन सक्छ ।

प्रदेश कमिटीमा रहेका नेता स्वत: प्रतिनिधि बन्न नपाउने व्यवस्था केन्द्रमा लाग् हुन्छ कि हुँदैन ?

राष्ट्रिय महाधिवेशनको एक वर्षअघि विधान महाधिवेशन गर्नुपर्ने बाध्यात्मक व्यवस्था पार्टी विधानमा छ । त्यसैले, यो विधान महाधिवेशनमा छलफलको विषय अवश्यै बन्नेछ । यस्तो व्यवस्थाले अधिवेशन या महाधिवेशनमा पार्टी कार्यकर्तामाझबाट छानिएका क्षमतावान् साथीहरू आउने अवस्था बन्छ । यसले पार्टीमा राम्रै सन्देश दिन्छ ।

प्रेरक प्रसंग

'म' गयो भने स्वर्ग जान्छु

शास्त्रमा निपुण एक प्रसिद्ध ज्ञानी सन्त देवाचार्यको आश्रममा बसेर केही छात्र अध्ययन गर्दै थिए । तीमध्ये महेन्द्र नामका शिष्य अन्य शिष्यभन्दा ज्ञानार्जनमा निकै तेज थिए । एक दिन उनी आफ्ना मित्रहरूका साथमा आश्रमकै उद्यानमा घुम्दै थिए । उनीहरू आपसमा विभिन्न विषयमा कुराकानी पनि गर्दै थिए । कुराकानीका क्रममा एक मित्रले महेन्द्रसित प्रश्न गरे- मित्र महेन्द्र, के म मरेपछि स्वर्ग जान्छु होला त ?



महेन्द्रले गम्भीर हुँदै जवाफ दिए- यदि 'म' गयो भने मात्र तिमी स्वर्ग जानेछौ । महेन्द्रको भनाइ सुनेपछि मित्रहरूलाई लाग्यो- आफू विद्याध्ययनमा तेज भएको घमन्डले गर्दा उनले यस्तो भनेका हुन् । उनीहरू सबैले यस विषयमा आफ्ना गुरु देवाचार्यसित गुनासो पनि गरे । देवाचार्यलाई थाहा थियो, महेन्द्रमा घमन्ड अलिकति पनि छैन । उनी निरहंकारी छैन । तैपनि, उनले बाँकी शिष्यहरूको मन राखिदिन भने- ठीकै छ, म उनलाई सम्झाइदिनेछु । अर्को दिन बिहानी प्रार्थनासभाको समाप्तिपश्चात् उनले सबै शिष्यका अगाडि महेन्द्रलाई बोलाए । उनले बाँकी शिष्यको गुनासोबारे महेन्द्रसित प्रश्न गरे । महेन्द्रले आफ्नो टाउको हल्लाएर स्वीकृति जनाए । महेन्द्रको स्वीकृतिपछि बाँकी छात्रहरूबीच कानेखुसी सुरु भयो । गुरु देवाचार्यले हल्का मुस्कुराउँदै पुनः उही प्रश्न सोधे- भनेपछि महेन्द्र, तिमी साँच्चै स्वर्ग जान्छौ त ? महेन्द्रले गम्भीर हुँदै जवाफ दिए- गुरुदेव ! यदि 'म' गयो भने अवश्यै म स्वर्ग जानेछु ।

देवाचार्यले शिष्यहरूलाई सम्झाउँदै भने- महेन्द्रले यदि 'म' गयो भने भनेको 'म' अर्थात् अहंकार गयो अर्थात् मेटियो भने म अवश्यै स्वर्ग जानेछु भनेको हो । जबसम्म हामीबाट अहंकार समाप्त हुँदैन, तबसम्म हामी स्वर्ग जानका लागि योग्य हुँदैनौं । अर्थात् कुनै पुण्य कर्म गरेर होइन, मनको अहंकार मेटेर मात्र स्वर्ग जान सकिन्छ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

लोभको पासोमा नफसौं

हिजोआज अपरिचित व्यक्तिले अनलाइनमार्फत सोझासीधा नेपालीलाई ठुल्ठूलो लोभ देखाएर आकर्षणमा पार्ने र हामी नेपाली त्यस्तो आकर्षणको पासोमा फस्दै आएका छौं । सजिलै र चाँडै धनी बन्ने र मोजमज्जाको जिन्दगी बाँच्ने कल्पनामा डुब्दै गइरहेका नेपाली आफैं धनाढ्य भएर पनि अझै धनी बन्ने लोभमा फसिरहेका छन् । चिन्दै नचिनेको र हुँदै नभएको मान्छेको पनि अपुताली खान पाउने लोभमा समेत हामी नेपाली फसिरहेको समाचार आइरहेका छन् । अपरिचित अनुहारको हाउभाउ र कटाक्षमा परेर झिलिमिली विद्युतीयको सञ्चारमाध्यमको च्यातमा रमाउन थाल्यौं भने हामी नेपाली ठगिनेमा कुनै शंका छैन । त्यसैले, लोभको पासोमा फस्दै नफसौं ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

जीवनरक्षाको पहल गर

'दार्चुलाका अमर २० वर्षदेखि युएईको जेलमा' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो । काम गरेर केही कमाऔंला र परिवारलाई सुखमा राखौंला भन्ने सपना देखेर बिदेसिएका अमर बम विगत २० वर्षदेखि युएईको जेलमा रहेको खबर पाउँदा पनि सरकारले उनको जीवनरक्षाका लागि खासै केही नगरेको देख्दा अचम्म लागिरहेको छ । अब सरकारले छिटोभन्दा छिटो आफ्नो कूटनीतिक च्यानल प्रयोग गरी अमरको रिहाइका लागि पहल गरोस् ।

● **अमृता नेपाली**
थापाथली, काठमाडौं

भ्रष्टाचारका मुद्दा किन सेलाए ?

पछिल्लो समयमा सिंगो देशलाई नै तताएका दुई मुद्दा नक्कली भुटानी शरणार्थी प्रकरण र बालुवाटार जग्गा हिनामिना प्रकरण अहिले आफैं सेलाउँदै गएको देखिन्छ । जुन रफ्तार र गतिमा भुटानी शरणार्थी प्रकरणको अनुसन्धान भई मुद्दा दायर भयो, त्यसपछिका दिनमा सो मुद्दाको चर्चा बिस्तारै सेलाउँदै गएको छ । उता सयौंलाई अभियुक्त बनाइएको बालुवाटार जग्गा प्रकरण पनि लहरो तान्दा पहरो गर्जिने अवस्था आएपछि आफैं सेलाएको छ ।

● **भुवन सापकोटा**
गुर्जुधारा, काठमाडौं

कोषले जग्गा संरक्षण किन नगरेको ?

कागेश्वरी मनोहरा- ८ मा रहेको पशुपति विकास कोषको जग्गा संरक्षण किन गरिएन ? लगभग आठ सय रोपनी क्षेत्रफलमा रहेको उक्त जग्गाप्रति कोषले वास्ता नगरेको देख्दा अचम्म लाग्छ । गाईबाच्छा संरक्षणका लागि भनेर टहरा बनाइएको छ, त्यो नीतिसंगत छ कि छैन ? गाईबाच्छाका लागि टहरा मात्र होइन, गाँजा सेवन गर्ने युवायुवतीको लस्करसमेत त्यहाँ लाग्ने गरेको देखिन्छ । कागेश्वरी नगरपालिकाका मेयर उपेन्द्र कार्कीले ती सब दृश्य देख्दादेख्दै पनि नदेखेजस्तो गरिरहेका छन् । यसरी जिम्मेवारीबाट पन्छन मिल्छ र ? अहिले कोषको जग्गामा विभिन्न व्यक्तिले टहरा हालेर बसेका छन् । भोलि त्यो जमिन खाली गर्नुपर्दा पक्कै समस्या हुन्छ । त्यसतर्फ कोषको ध्यान किन गएन ? कोषका सदस्यसचिव या अन्य पदाधिकारी बनेर तलबभत्ता खाँदैमा जिम्मेवारी पूरा हुन्छ हो ? चारैतिरबाट अतिक्रमणमा परेको सो जग्गाको संरक्षण गर्ने जिम्मा कसको हो ? सरकारको, नगरपालिकाको या पशुपति क्षेत्र विकास कोषको ? अर्को अचम्म भनेको, पशुपति विकास कोषका सदस्यसचिवलाई अहिलेसम्म थाहा छैन होला, कोषको जग्गा कति छ र कहाँ-कहाँ छ भनेर ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

भूलसुधार

नयाँ पत्रिकामा आइतबार प्रकाशित 'विश्वविद्यालयले तोकेभन्दा तेब्बर भर्ना गरेपछि सयौं विद्यार्थीको भविष्य अन्योल' शीर्षकको समाचारमा पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गतको 'काठमाडौं स्कुल अफ ल' कलेजले पाँचवर्षे बिएएलएलबी कोर्सका लागि १७ लाख रुपैयाँ लिने गरेको' तथ्यांकप्रति कलेजले आपत्ति जनाएको छ । यो कोर्सका लागि नौ लाख ५५ हजार पाँच सय मात्रै शुल्क लिने गरेको कलेज प्रशासनले जनाएको छ । समाचारमा गलत तथ्यांक पर्न गएकोमा क्षमायाचना गर्दै भूलसुधार गरिएको छ । *–सम्पादक*

के मणिपुरले फेरि भारतप्रति विश्वास गर्न सक्ला ?

पूर्वोत्तर भारतका जनताले भारतीय राज्यबाट घात महसुस गर्छन् भने तिनलाई दोष किन दिनु ?



देश / विदेश

● प्याट्रिसिया मुखिम

७८ दिनपछि बल्ल भारत ब्युँझियो । पूर्वोत्तर भारतको मणिपुर राज्य ३ मेदेखि जलिरहेको छ । राज्यको कुल जनसंख्याको ५३ प्रतिशत हिस्सा ओगटेका मेती समुदाय र ४० प्रतिशत ओगटेको कुकीलगायत आदिवासीबीचको झडपले हिंसा भड्काएको थियो । तर, भिडले दुई महिलालाई निर्वस्त्र हिँडाउँदै लुछ्दै गरेको एक भिडियो १८ जुलाईका दिन सतहमा आएपछि सारा विश्वले जलिरहेको मणिपुरबारे जानकारी पाएको थियो । कुकीलगायत आदिवासी समुदायलाई मात्रै दिइएको भूमि अधिकारलगायत अन्य सुविधा मेती समुदायमा विस्तार गर्ने गरी आएको अदालतको निर्णय नै द्वन्द्वको आकस्मिक कारण बनेको थियो । हिंसाले हालसम्म एक सय ४५ जनाको ज्यान लिएको छ र हजारौं आदिवासी घरबारविहीन भएका छन् । ६० हजारभन्दा बढी कुकीले अहिले मिजोरम, मेघालय, असम र त्रिपुरामा शरण लिइरहेका छन् । यो एक मानवीय संकट एवं गृहयुद्ध हो, जहाँ महिलाका शरीरलाई नियन्त्रण र अधिनीकरणको अस्त्र बनाइएको छ ।

तर, द्वन्द्वको आगो सल्काउने काम धेरै पहिले भएको थियो । मणिपुरका लागि बन्दुक र बम नौलो विषय होइन । सन् १९८० देखि २००० सम्ममा त्यहाँ उठेको विद्रोहलाई दबाउन भारतीय सेनाले बलात्कारलाई अस्त्र बनाएको थियो । भारत स्वतन्त्र हुनुभन्दा चार दिनअगाडि अर्थात् ११ अगस्ट १९४७ मा मणिपुरका राजा बोधचन्द्र सिंहले तत्कालीन भारत सरकारसँगको परिग्रहणको संयन्त्रमा दस्तखत गरेदेखि नै केही मेती समुदायका लागि मणिपुर एक नारकीय भूमि बनेको थियो । त्यतिवेलाको सम्झौतामा रक्षा, परराष्ट्र र भारतीय गणराज्यसँगको सञ्चारबाहेक अन्य मामिलामा मणिपुरमा मेती राजा नै कायम हुने र राजाकै शासन चल्ने भनिएको थियो । तर, वास्तविकतामा सन् १९७२ सम्ममा अन्य राज्यझैं मणिपुर भारतको पूर्ण राज्य बन्यो ।

मणिपुरका जनजातिमा मेती, कुकी र नागा पर्छन् । विभाजन र शासनमा पोख्त बेलायती उपनिवेशकले मणिपुरलाई पहाड र उपत्यकामा विभाजित गरिदिए । इसाई आदिवासी (नागा र कुकी)लाई पहाडमै सीमित पारियो र अधिकांश हिन्दू मेतीलाई इम्फाल उपत्यकामा बसाइयो । तर, पहाडी क्षेत्रले भूमिको ९० प्रतिशत र उपत्यकाले १० प्रतिशत मात्रै ओगट्थ्यो । स्वतन्त्र भारतले गम्भीर भूमि सुधार लागू गर्नुपर्थ्यो । तर, उसले यसो गर्न सकेन । बरु मेतीलाई पहाडी क्षेत्रमा जमिन खरिद गर्न दिइएन, तर आदिवासी समुदायलाई उपत्यकामा जमिन खरिद गर्ने अधिकार दिइयो । यसले पनि मेतीमाझ असन्तुष्टि बढायो । औपनिवेशिक विरासत विनिर्माण गर्नुको साटो दिल्लीको केन्द्र सरकारले औपनिवेशिक विभाजनलाई मलजल गर्दै आयो । यो विभाजनले पहाडका आदिवासी र उपत्यकाका मेतीबीच नपुरिने खाडल निम्त्याइदियो । नतिजा कुकीविरुद्ध जातिद्वेषको माहोल निर्माण भयो । कुकी मणिपुरका आदिवासी भए पनि मणिपुरका मुख्यमन्त्री एवं भाजपा नेता एन बिरेन सिंहले कुकीबारे नयाँ भाष्य सिर्जना गरे । उनले सैन्य कुपछि म्यान्मारको चिन पहाडी क्षेत्रबाट मणिपुरमा लगातार कुकी समुदाय आइरहेको र भूमि एवं अन्य स्रोतसाधनमा दाबी बढाइरहेको भाष्य फैलाए । सिंह मेती हुन् र उनलाई धेरैले पूर्वाग्रही मान्छन् । यदि कुकीको जनसंख्या एकाएक बढेको हो भन्ने हो भने उनले तथ्यांक देखाउन सक्नुपर्थ्यो । तर, भाजपाकै नरेन्द्र मोदीको नेतृत्वमा रहेको केन्द्र सरकारले सन् २०२१ मा हुनुपर्ने जनगणना अहिलेसम्म



तस्बिर : अल्ताफ कादरी/एपी

गर्न सकेको छैन । तसर्थ, कुकी समुदायमा व्यापक जनसंख्या वृद्धि भयो भन्ने आरोप प्रमाणित छैन । मणिपुर एक हिसाबले सम्पूर्ण भारतको ऐना हो । नागरिकको जनधनको रक्षा गर्नुको सट्टा प्रहरी राज्यको संयन्त्र बनिरहेको छ । सन् १८६१ को भारतीय प्रहरी ऐन अर्थात् औपनिवेशिक कानुन जसले भारतीयको दमन गर्न सघाएको थियो त्यो अझै पनि लागू नै छ । मणिपुर प्रहरीले इम्फालका कुकी समुदायको रक्षा गर्न नसक्नु भनेको उसले सबै नागरिकलाई समान मान्ने संविधान नभई राज्य सरकारको उर्दी मानेको देखिन्छ ।

ऐना भनिरहँदा मणिपुर र पूर्वोत्तर भारत भारतका अन्य हिस्साभन्दा पृथक् पनि छ । वास्तवमा दसकौंदेखि यहाँका मानिसलाई आफू भारतका अन्य हिस्साबाट पृथक् हौं भन्ने पारिएको छ । पूर्वोत्तर भारतमा भोट-बर्मेली र आग्नेली समुदायका मानिसको बाहुल्य छ, जहाँ अद्वितीय संस्कृति, खाद्य व्यवहार, भाषा र मुखाकृति देख्न सकिन्छ । के आर्य र द्रविड भारतले यो अद्वितीय भारतसँग मिल्न नचाहेको हो ? बाँकी भारतदेखि यहाँका मानिस शारीरिक हिंसा एवं विकृत यौन चित्रणलगायत नश्लभेदको पीडित बन्दै आएका छन् ।

अहिले सतहमा आएको नग्न महिलाको परेडको भिडियोजस्ता सनसनीपूर्ण घटनाले मात्रै मिडियाको ध्यान खिच्छ । यही भिडियोले निम्त्याएको रोषपछि मोदीले मणिपुर मामिलामा दुई महिनादेखिको मौनतालाई तोडेका छन् । भिडियोमा देखिएको नृशंस कृत्यको भर्त्सना गर्दा पनि मोदीले मेदेखि भड्किएको द्वन्द्वबारे एक शब्द बोलेका छैनन् । हामीले के बुझ्ने यसबाट ? यदि मणिपुर विपक्षी दलले शासन गरेको राज्य हुन्थ्यो भने मोदीले सरकारलाई गाली गर्न कुनै शब्द बाँकी राख्दैनथे । हाम्रो मुलुक यस्तै हो । जो पीडित छन्, तिनले आफ्नो आँसु आफैं पुछ्नुपर्छ र जीवन नयाँ शिराबाट सुरु गर्नुपर्छ । राज्यबाट कुनै अपेक्षा राख्नुहुन्न ।

पूर्वोत्तर भारतका जनताले भारतीय राज्यबाट घात महसुस गर्छन् भने तिनलाई दोष किन दिनु ? पूर्वोत्तरका जनता ७० वर्षपहिले भारतमा समाहित हुन गरेको स

राजनीतिज्ञका लागि उमेर हदभन्दा कार्यकालमाथिको सीमा महत्त्वपूर्ण

राष्ट्रपतिबाहेक अन्य निर्वाचित पदमा कार्यकालको सीमा नहुँदा कैयौँ समस्या आइरहेका छन्

अमेरिकी राजनीतिमा सधैँ चल्ने राजनीतिज्ञको उमेरको बहस पुनः एकपटक तातेको छ। आगामी वर्षको राष्ट्रपतीय निर्वाचनका लागि जो बाइडेनले औपचारिक रूपमा चुनावी अभियान सुरु गरेपछि यो बहसले नयाँ महत्त्व पाएको छ। अहिले नै ८० वर्षको उमेरमा हिँडिरहेका बाइडेन अमेरिकाको इतिहासका सबैभन्दा वृद्धि राष्ट्रपतिका रूपमा शासन गरिरहेका छन्। त्यस्तै बाइडेनको सबैभन्दा बलियो प्रतिद्वन्द्वी पुनः डोनाल्ड ट्रम्प हुने सम्भावना छ, जो आफैँ ७७ वर्षका हुन्।

उता अमेरिकी संसद् (कंग्रेस) को माथिल्लो सदन सिनेटमा देशको इतिहासकै सबैभन्दा लामो समय पार्टी नेताको भूमिका निभाइरहेका मिच म्याक्कोनेल हप्तौंको बिरामी बिदापछि केहीअघि काममा फर्किए। ८१ वर्षका म्याक्कोनेल लडेर लागेको चोटका कारण केही हप्ता आराम गर्न बाध्य भएका थिए। पछिल्ला वर्षमै म्याक्कोनेलको यो दोस्रो चोट हो। उता ९० वर्षीया डेमोक्रेटिक सिनेटर डियान फेइनस्टेनको गिर्दो मानसिक क्षमताले डेमोक्रेटिक पार्टीको विधायिकी कार्य र न्यायिक एजेन्डामा असर गरिरहेको छ। उनको लामो अनुपस्थितिले पार्टीको भिनो बहुमतलाई उपयोग गर्न दिइरहेको छैन।



● क्रिस्टोफर रोड्स

(रोड्स हार्वर्ड विश्वविद्यालय र बोस्टन विश्वविद्यालयका लेक्चरर हुन्)

> वयोवृद्ध कंग्रेस सदस्यहरू आफ्नै उमेर समूहनजिकका मतदाताको समस्यामा बढी केन्द्रित हुन्छन्। जसले युवा मतदाताको प्राथमिकताका थप जल्दाबल्दा मुद्दा ओझेलमा पर्छन्।

उल्लेखनीय उदाहरणले पनि अमेरिकी व्यवस्थापिकाले सामना गरिरहेको वृद्ध राजनीतिज्ञको समस्यालाई प्रतिबिम्बित गर्छ। यसैलाई मध्यनजर गर्दै कैयौँ टिप्पणीकार र राजनीतिज्ञले निर्वाचित हुने उच्च पदमा उठ्ने उम्मेदवारको अधिकतम उमेर हद तोक्नुपर्ने माग गरिरहेका छन्। केहीले भने उमेर हद तोक्नेभन्दा पनि वयोवृद्ध उम्मेदवारको मानसिक क्षमता जाँचमा जोड दिनुपर्ने तर्क अघि सारेका छन्। रिपब्लिकन पार्टीबाट आगामी वर्षको राष्ट्रपतीय चुनावमा उम्मेदवारी दिएकी निक्की हेलीले भर्खरै फक्स न्युजमा आलेख लेख्दै ७५ वर्षमाथिका राजनीतिज्ञको 'आधारभूत मानसिक परीक्षा' लिनुपर्ने तर्क गरेकी छिन्। हेलीको आलेखमा तर्क र राजनीतिक चलाखीको मिश्रण देखिन्छ। (लेखमा उनले डेमोक्रेटिक नेताहरू बाइडेन र फेइनस्टेनको नाम सीधै उल्लेख गरेकी छन् भने उनको पार्टीका नेताहरू ट्रम्प र म्याक्कोनेलको नाम उल्लेख गरेकी छैनन्।) ५१ वर्षीया पूर्वअमेरिकी राजदूत हेलीको लेखको पहिलो अनुच्छेदमा एउटा यस्तो उपायको उल्लेख गरेकी छन्, जसले वयोवृद्ध राजनीतिज्ञसम्बन्धी जारी बहसको स्थायी समाधान दिन सक्छ। त्यो हो, उम्मेदवारको कार्यकालको सीमा।

खासमा उम्मेदवारी दिने अधिकतम उमेरको सीमा, वयोवृद्ध उम्मेदवारको मानसिक परीक्षण वा अरू खालका उपायभन्दा कार्यकालको संख्यामा तोकिने सीमाले बुढो हुँदै गएको अमेरिकी राजनीतिक वर्ग र अमेरिकी राजनीतिका अन्य मुद्दालाई सम्बोधन गर्छ। कार्यकालको सीमाको उपयोगिताको सबैभन्दा राम्रो उदाहरण अमेरिकामा पहिलेदेखि कार्यान्वयन भइरहेको छ, जुन राष्ट्रपतिको दुई कार्यकाललाई लिन सकिन्छ। तर, यस व्यवस्थाले पनि बूढा नेताहरू बाइडेन र ट्रम्पको उम्मेदवारीलाई रोक्न नसक्नुलाई यसको असफलताको रूपमा हेर्न हुँदैन। बहसमा रहेका ट्रम्प पुनः अर्को कार्यकालका लागि लड्न अयोग्य हुनुपर्ने गम्भीर कारणको तुलनामा उनको उमेर न्यून चासोको विषय हो। जहाँसम्म बाइडेनको कुरा छ, उनका प्रतिद्वन्द्वीले बनाएका भुटा मिमभन्दा पर हेर्ने हो भने उनमा अर्को चार वर्ष शासन गर्न नसक्ने गरी मानसिक र शारीरिक क्षमतामा ह्रास भएको कुनै स्पष्ट संकेत भेटिँदैन।

निश्चित रूपमा उमेरसँगै हामी सबैमा विभिन्न प्रकारका ह्रास आउन थाल्छ। तर, व्यक्तिपिच्छे काम गर्ने नसकिने गरी ह्रास आउने उमेरमा भने उलेख्य भिन्नता भेटिन्छ। त्यस्तोमा सबैलाई लागू हुने गरी एउटै अधिकतम उमेर हद रोक्न कठिन हुन्छ। राष्ट्रपतिले दुई कार्यकाल मात्र सेवा गर्न पाउने व्यवस्थाले वृद्ध उम्मेदवारको खतरालाई केही हदसम्म रोक्छ। साथमा उम्मेदवारमध्ये को बढी सक्षम छ भन्ने निर्णयको अधिकार मतदातामा दिइएको छ, त्यो विवेक तिनले प्रयोग गर्न सक्छन्।



मे ११ मा क्यापिटल हिलमा सिनेटको न्यायिक समितिको बैठकमा सिनेटर डियान फेन्सटाइन (डी-सिए)। तस्बिरः रोयटर्स

अमेरिकामा राष्ट्रपतिबाहेक अन्य निर्वाचित पदमा कार्यकालको सीमा नहुँदा कैयौँ समस्या आइरहेका छन्। उदाहरणका लागि अमेरिकाको संसद्(कंग्रेस) सदस्यको औसत उमेर ऐतिहासिकस्तरमा माथि पुगेको छ। वृद्ध कंग्रेसको मुख्य समस्या तिनको घट्दो मानसिक समस्याभन्दा पनि तिनको प्राथमिकताले सिर्जना गर्ने गर्छ। वयोवृद्ध कंग्रेस सदस्यहरू आफ्नै उमेर समूहनजिकका मतदाताको समस्यामा बढी केन्द्रित हुन्छन्। जसले युवा मतदाताको प्राथमिकताका थप जल्दोबल्दो मुद्दाहरू ओझेलमा पर्छन्। अहिलेका लागि जलवायु परिवर्तन र सामाजिक सञ्जालको नियम त्यस्तै मुद्दा हो। तथापि केहीले कंग्रेसका सदस्यको औसत उमेर वयोवृद्ध बन्दै गएको अमेरिकी जनसंख्याको बनावटको प्रतिबिम्ब भएको तर्क पनि गर्न सक्छन्। र, राजनीतिज्ञको उमेरमा मात्र केन्द्रित हुँदा थप महत्त्वपूर्ण अन्य मुद्दा अर्थात् स्थापित नेताको मुद्दा छायामा परेको छ। हामीमध्ये धेरैले महसुस गरेको कुरा हो, अमेरिकामा विद्यमान सांसद पुनः निर्वाचित हुने सम्भावना बढी छ। तर, त्यसको परिणाम भने धेरैलाई थाहा नहुन सक्छ। सन् २०२२ को निर्वाचनको स्थितिबारे 'ब्यालटपेडिया'ले गरेको रिपोर्टिडमा करिब ९८ प्रतिशत कंग्रेस सदस्य पुनः निर्वाचित भएको देखिएको छ। आखिर यति विशाल संख्यामा सांसद कसरी पुनर्निर्वाचित भएर आउँछन्। नयाँलाई भन्दा तिनलाई दुई लाभ बढी हुन्छन् : सांसदका रूपमा धेरैमाझ परिचित नाम हुनु र सांसद भएकाले चुनावका लागि विशाल कोष जम्मा गर्न सक्ने क्षमता हुनु। (पछिल्लो फाइदाले फेरि ठूला दाताको विधायकमाथिको प्रभाव र त्यसबाट तिनले उठाउन सक्ने नाजायज फाइदाको विषय उठाउँछ, जुन बहसको अर्को पाटो हो।)

संसद्को प्रतिनिधित्व मतदाताको उमेर, आवश्यकता र चासो प्रतिबिम्बित गर्ने गरी बनाउन सांसदको दुई कार्यकालको आवश्यकता हुन्छ। तथापि विधायकहरूको कार्यकाल सीमाले कुशासन र भ्रष्टाचारको समस्या भने समाधान नगर्ने देखिएको छ। अमेरिकाका प्रदेशहरूमा गरिएको अध्ययनले प्रदेश विधायकहरू पुनः निर्वाचित नहुने सम्भावना रहँदा तिनले खर्च र भ्रष्टाचार बढी गर्ने सम्भावना देखाएको छ। यस समस्यालाई सम्बोधन गर्न दुई कार्यकालपछि उम्मेदवारी दिन नपाउने व्यवस्था गर्नुभन्दा सांसदले एक कार्यकालपछि अर्को एकपटक चुनावमा उठ्न नपाउने व्यवस्था गर्न सकिन्छ। यसले ती नेता फेरि चार वर्षपछि चुनाव उठिहाले भने उनी विद्यमान सांसद हुँदाको लाभबाट वञ्चित हुन्छन् र प्रतिस्पर्धीबीचको आधार समान रहन्छ।

कार्यकालको सीमाको कार्यान्वयनका कैयौँ कठिनाइ आइपर्नेछन्। पहिलो त सांसदको कार्यकाल सीमा तोक्ने क्षेत्राधिकार तिनै विधायकको काँधमा छ, जसले वर्तमान अवस्थाबाट सबैभन्दा बढी फाइदा उठाइरहेका छन्। त्यसैले उनीहरूको चाहना त यथास्थिति टिकाइराख्नुमा हुन्छ। विधायकहरूले कार्यकाल सीमा तोक्ने कानुन बनाइहाले भने पनि तिनले 'कानुन कार्यान्वयन भएपछि यस्तो व्यवस्था हुनेछ' भन्ने बुँदा राख्न चाहनेछन्। यसले उनीहरूलाई थप कार्यकालका लागि छुट दिनेछ। अर्थात् विधायक आफूपछि आउने उम्मेदवारमाथि सीमा तोक्ने कानुन लगाउन खोज्नेछन्। तर, त्यसो भए पनि वर्तमान कंग्रेसले युवा मतदाताका लागि एक सुधारिएको प्रणालीको विरासत छाड्नेछन्।

सुभ्रबुझपूर्ण कार्यकालमाथिको सीमाले वासिंटनका कैयौँ समस्या सम्बोधन गर्न सघाउँछ। र, यस्तो ठूला राजनीतिक सुधार कहिल्यै पनि सहज हुँदैन। अझ त्यस्ता सुधारको कार्यान्वयन थप कठिन हुन्छ, जुन सुधारको कार्यान्वयन गर्नुपर्ने अधिकार यथास्थितिबाट फाइदा लिइरहेका समूहको हुन्छ। तथापि नागरिकप्रति उत्तरदायी विधायकले वर्तमान र भविष्यका भावी मतदाताप्रतिको तिनको जिम्मेवारी महसुस गरेर सुधारका लागि दबाब दिनुपर्छ। र, मतदाताले पनि सुधारको लागि दबाब सिर्जना गर्नुपर्छ।

- अल जजिराबाट

विश्व संक्षेप

महाराष्ट्र पहिरो : सत्ताइस जनाको शव भेटियो, साठी बेपत्ता

नयाँदिल्ली / भारतको महाराष्ट्र राज्यमा गएको पहिरोमा परी २७ जनाको मृत्युभएको छ। पहिरोमा कम्तीमा साठी जना बेपत्ता भएका छन्। मुम्बईबाट करिब एक सय किलोमिटर टाढा अवस्थित रायगड जिल्लाको एउटा गाउँमा बिहीबार मनसुनसँगै खसेको पहिरामा परी ज्यान गुमाएका २७ जनाको शव भेटिएका उद्धारकर्मीले बताएका छन्। 'आइतबार साँझसम्म २७ वटा शव फेला पारेका छौं, करिब ६० जना अझै बेपत्ता छन्' आपत्कालीन सहायता टोलीका एक अधिकारीले भनेका छन्। भग्नावशेषमा खोजी भइरहेको रायगड जिल्ला अधिकारी योगेश म्हसेले एएफपीलाई बताए।

मूल सडकबाट करिब पाँच किलोमिटर टाढा घटनास्थल रहेको तथा त्यहाँ भारी यन्त्र पुग्ने बाटो नभएकाले मानिसले नै साना यन्त्रको सहयतालेे खोजी गरिरहेका उनले बताए। उक्त क्षेत्रमा अविरल वर्षा भइरहेकाले खोजलाई चुनौतीपूर्ण बनाएको छ। जिल्ला अधिकारी म्हसेले खोज तथा उद्धार चौथो दिनमा प्रवेश गरेको र जीवित भेटिनेमा आफू आशावादी नभएको बताएका छन्।

यमन युद्ध अन्त्यका लागि मध्यस्थता गर्ने इराकको प्रस्ताव

बग्दाद / इराकले यमनमा वर्षौंदेखि चलेको युद्ध अन्त्यका लागि युद्धरत पक्षबीच मध्यस्थता गर्ने प्रस्ताव गरेको इराकका उच्च कूटनीतिज्ञले आइतबार आयोजित पत्रकार सम्मेलनमा बताएका छन्। इराकका विदेशमन्त्री फौद हुसेनले यमनका आफ्ना समकक्षीको भ्रमणका क्रममा उक्त प्रस्ताव सारेका हुन्। इरान समर्थित हुथी विद्रोहीले सन् २०१४ मा राजधानी सानाकब्जा गरेका थिए भने अर्को वर्ष साउदी नेतृत्वको सैन्य गठबन्धनले देशको अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारको पक्षमा हस्तक्षेप गरेको थियो।

संयुक्त राष्ट्रसंघले विश्वकै सबैभन्दा खराब मानवीय सङ्कटको संज्ञा दिएको छ, जसमा खाद्यान्नको अभावजस्ता युद्ध वा अप्रत्यक्ष कारणले लाखौं मानिसको ज्यान गइसकेको छ। संयुक्त राष्ट्रसंघको मध्यस्थतामा छ महिना लामो युद्धविराम गत वर्षको अक्टोबरमा सकिएको थियो। उनले भने, 'अहिले अनौपचारिक युद्धविराम भएको छ। व्यवहारमा, युद्धविरामको कुनै न कुनै रूप छ। हामी आशा गर्दछौं, यो स्थितिले सबै यमनी पक्षहरूबीच वार्ताको नेतृत्व गर्छ।' बग्दादले क्षेत्रीय मध्यस्थकर्ताको रूपमा आफ्नो भूमिकालाई निरन्तर उजागर गर्ने प्रयास गर्दै आएको छ र अप्रिल २०२१ देखि क्षेत्रीय प्रतिद्वन्द्वीहरू इरान र साउदी अरबबीच अपेक्षाकृत निम्नस्तरीय वार्ताको धेरै चरणहरू आयोजना गरेको छ।

एस्पिरिन, इबुप्रोफेन र डाइक्लोफेनेकको बिक्रीमा प्रतिबन्ध

नयाँदिल्ली / डंगुको प्रकोप बढेपछि दिल्ली सरकारले एस्पिरिन, इबुप्रोफेन, डाइक्लोफेनेकको बिक्रीमा प्रतिबन्ध लगाएको छ। सरकारले चिकित्सकको सल्लाहबिना एस्पिरिन, इबुप्रोफेन र डाइक्लोफेनेकजस्ता केही औषधिको बिक्रीमा प्रतिबन्ध लगाएको हो। ती औषधिले मानिसको रगतमा प्लेटलेट्स नष्ट गर्ने र डंगुको प्रकोपकाबीच हानिकारक हुन सक्ने बताएको छ।

डेंगु रोकथामका लागि जारी परामर्शमा दिल्ली सरकारले जारी गरेको सुझावमा भनिएको छ, 'मनसुनको मौसममा डेंगु जस्ता लामखुट्टेबाट सर्ने रोगहरूको प्रकोप बढ्दै गएको छ। तसर्थ, डेंगुको सम्भावित प्रकोपको यस मौसममा एस्पिरिन, इबुप्रोफेन र डाइक्लोफेनेक जस्ता औषधिहरूको प्रयोग 'दर्ता भएका चिकित्सकहरूको प्रेस्क्रिप्सन' विना बिक्री गर्न प्रतिबन्ध लगाइएको छ। सरकारले तत्काल लागु हुनेगरी यी औषधिहरूको 'ओभर-द-काउन्टर' बिक्रीमा संलग्न नहुन सल्लाह दिएको छ। दिल्ली सरकारले जारी गरेको सुझावमा भनिएको छ, 'यदि रिटेल विक्रेताले यो सल्लाहको उल्लंघन गरेको पाइएमा कडा कारबाही गरिनेछ।'

भारतको राजधानी नयाँ दिल्लीमा यमुना नदीमा पानीको बहाव बढेसँगै विगत दुई हप्तादेखि विभिन्न क्षेत्रमा भीषण बाढी आएको छ। आइतबार दिल्लीका स्वास्थ्यमन्त्री सौरभ भारद्वाजको अध्यक्षतामा राजधानीमा सङ्क्रमणजन्य रोगनियन्त्रणका लागि समग्र तयारीबारे एक उच्चस्तरीय बैठक बसेको थियो।

इतिहासमा आज



सन् १९२३ : टर्की र प्रथम विश्वयुद्धमा सहयोगी शक्ति गठन गर्ने देशबीच लुसेन सन्धिमा हस्ताक्षर। सन्धिअन्तर्गत टर्कीले ओटोमन साम्राज्यद्वारा गरिएका सबै क्षेत्रीय दाबी त्यागेका साथै नयाँ सिमानामा सहमत भएको थियो।

सन् १९४२ : सोभियत सहर रोस्तोभलाई जर्मन सेनाद्वारा नियन्त्रण।

सन् १९५९ : अमेरिकी पूर्व उपराष्ट्रपति रिचार्ड निक्सन र सोभियत नेता खुर्सेभबीच मस्कोमा ऋंखलाबद्ध बहस सम्पन्न। उक्त लोकप्रिय बहस अहिले पनि 'किचेन डिबेट'को रुपमा चर्चित छ।

सन् १९६९ : अमेरिकी नायिका तथा गायिका जेनिफर लोपेजको जन्म दिन। उनी हलिउडको इतिहासमा सबैभन्दा धेरै कमाउने ल्याटिन अमेरिकी मूलकी अभिनेत्रीहरू मध्ये एक हुन।

सन् १९७४ : वाटरगेट काण्डमा सार्वजनिक भएका टेपप्रति तत्कालीन राष्ट्रपति रिचार्ड निक्सनले आत्मसमर्पण गर्नुपर्ने सर्वोच्च अदालतको फैसला। वाटरगेट काण्डमा राष्ट्रपति रिचार्ड निक्स, निक्सन प्रशासनका अधिकारीहरू, निक्सनको परिवारका सदस्यहरू र ह्वाइटहाउसका कर्मचारीबीच अडियो रेकर्ड सार्वजनिक भएको थियो। सोही काण्डलाई लिएर राष्ट्रपति निक्सनले राजीनामा दिएका थिए।

सन् १९७७ : चार दिन लामो लिबिया-इजिप्ट युद्ध अन्त्य। हजारौँ लिबियाली इजिप्टको सीमामा प्रवेश गरेसँगै दुई देशबीचको सीमा युद्ध भएको थियो।

हिरा व्यापारीको सहर सुरतमा विश्वकै ठूलो कार्यालय भवन

बेल्जियमको एन्टवर्प सहर विश्वकै हिरा व्यापार केन्द्रका रूपमा चिनिन्छ, तर अधिकांश कच्चा हिरा भने रुस र अफ्रिकाबाट उत्खनन गरिन्छ। तर, भारतको मुम्बईबाट करिब १५० माइल उत्तरमा खासै चर्चामा नआएको सहर सुरत छ, जसलाई जवाहरतको पनि राजधानी भनिन्छ। यो सहरमा विश्वको करिब ९० प्रतिशत हिरा काटिन्छ।

अहिले, औद्योगिक राज्य गुजरातको यो सहरमा विशाल र भव्य भवनहरूको निर्माणले पनि नयाँ कीर्तिमानी कायम गर्न थालेको छ। यी विशाल र भव्य भवनहरू विशाल हिरा उद्योगलाई लक्षित गरेर बनाइएका हुन्। हालैबाट सञ्चालनमा आएको 'सुरत डायमन्ड बोर्स'लाई हिरा काट्ने र त्यसलाई चम्काउने कालिगढ तथा हिराका व्यापारीहरूसहितका ६५ हजारभन्दा बढी हिरा व्यवसायीको 'वन-स्टप डेस्टिनेस'को रूपमा प्रचार गरिएको छ। ३५ एकड (करिब २०७ रोपनी)को जमिनमा बनेको यो १५ तले कम्प्लेक्स नौवटा आयातकार संरचनायुक्त छ। कम्प्लेक्सका वस्तुकलाविद्हरूका अनुसार यो भवनमा ७१ लाख स्क्वायर फिट व्यापारिक स्थल उपलब्ध छ, यस हिसाबमा संसारको सबैभन्दा ठूलो कार्यालय भवनको रूपमा रहेको अमेरिकी रक्षा मन्त्रालय पेन्टागनलाई पनि यो कम्प्लेक्सले उछिनेको छ। यो परियोजनाको पहिलो कम्प्लेक्स नोभेम्बरसम्ममा पूरै सञ्चालनमा आइसक्ने छ। गुजरातमै जन्मेका र यसअघि त्यहाँको मुख्यमन्त्रीसमेत रहिसकेका प्रधानमन्त्री नरेन्द्र मोदीबाट यसै वर्षको अन्त्यमा कम्प्लेक्सको औपचारिक उद्घाटन गर्ने योजना रहेको छ।

महँगो सिंगमरमरयुक्त भुइँ र हरेक अफिस स्पेसमा पर्याप्त प्राकृतिक उज्यालो प्रवेश गर्ने गरी डिजाइन गरिएको यो कम्प्लेक्समा ४७ सयवटा अफिस स्पेसका लागि पर्याप्त स्थान रहेको छ, जसलाई सानो खालका साढे आठ हजार वर्कसप कवलमा विकास गर्न सकिन्छ। ३२ अर्ब भारतीय रुपैयाँ (३३ करोड ८० लाख अमेरिकी डलर)मा निर्मित यो कम्प्लेक्समा एक सय ३१ वटा विद्युतीय भन्याङका साथै कामदारहरूका लागि डाइनिङ, खुद्रा बिक्री केन्द्र, वेलनेस सेन्टर, सभा हलसहितका सुविधा उपलब्ध छन्।

परियोजनाका सिइओ महेश गाढ्भीका अनुसार सुरत डायमन्ड बोर्सको निर्माणसँगै अब हजारौँ मानिसलाई आफ्नो काम गर्न मुम्बईदेखि दिनहुँ रेलमार्फत लामो यात्रा गर्नुपर्नेछैन। 'हिराको काम वा व्यापार गर्ने मानिसहरूले आफ्नो घरबाट अफिस आउजाउ गर्न दिनहुँ साढे तीनदेखि चार घन्टा खर्च गर्नुपर्थ्यो,' हिरा व्यवसायलाई सुरतमा स्थानान्तरण गर्ने यस कदमको विस्तार लगाउँदै उनले भने, 'यो अब राम्रो विकल्प हुनेछ।'

'लोकतान्त्रिक' डिजाइन

डिजाइनको एउटा अन्तर्राष्ट्रिय प्रतिस्पर्धापछि भारतीय आर्किटेक्चर फर्म मोर्फोजेनेसिसले यो कम्प्लेक्स निर्माणको परियोजना हात पारेको थियो। 'उक्त प्रतिस्पर्धाको उद्देश्य कार्यालय क्षेत्रफलमा पेन्टागनलाई उछिन्ने थिएन,' गाढ्भीले भने, 'यो परियोजनाको आकार उद्योगको मागअनुसार निर्धारण गरिएको थियो। कम्प्लेक्सका सम्पूर्ण कार्यालय स्थल हिरा कम्पनीहरूबाट निर्माणअघि नै खरिद भइसकेको छ।'



> कम्प्लेक्सका वस्तुकलाविद्हरूका अनुसार यो भवनमा ७१ लाख स्क्वायर फिट व्यापारिक स्थल उपलब्ध छ, यस हिसाबमा संसारको सबैभन्दा ठूलो कार्यालय भवनको रूपमा रहेको अमेरिकी रक्षा मन्त्रालय पेन्टागनलाई पनि यो कम्प्लेक्सले उछिनेको छ।

भवनको लेआउटले साना र ठूला दुवैखाले व्यवसायका लागि 'समान सुविधा' सिर्जना गर्छ। आर्किटेक्चर फर्मका सह-संस्थापक सोनाली रस्तोगीका अनुसार सबै कार्यालय समान रूपले बीचमा अवस्थित सेन्ट्रल करिडोरद्वारा जोडिएका छन् (एयरपोर्ट टर्मिनलको सम्झना दिलाउने कन्फिगरेसनसहित) र डिजाइनमा यहाँका सबैलाई सुविधामा समान पहुँच सुनिश्चित गरिएको छ, । उनी यो कम्प्लेक्सको डिजाइनलाई 'लोकतान्त्रिक' डिजाइन भन्छिन्। प्रवेशद्वाराबाट कम्प्लेक्सको कुनै पनि भागमा पुग्न सात मिनेटभन्दा बढी नलाग्ने गरी डिजाइन गरिएको छ। गाढ्भीले कार्यालय स्थलको वितरण पनि लोकतान्त्रिक तरिकाले नै गरिएको बताए। 'कसलाई कुन स्थान दिने भन्ने निर्णयमा चिट्ठा प्रणाली प्रयोग गरिएको थियो,' उनले भने। मोर्फोजेनेसिसले भारतीय हिरा व्यापार कसरी सञ्चालन हुन्छ भनेर गरेको अनुसन्धानबाट पनि यसको डिजाइन प्रभावित छ। रस्तोगीले साढे एक एकड (करिब १३ रोपनी) क्षेत्रफलका नौवटा आँगनको निर्माणतर्फ ध्यानाकर्षण गरिन्। हरेक परिसर कुर्सी र वाटर फाउन्टेनले सजिएका छन्, जसलाई व्यापारीहरूले अनौपचारिक भेटघाट स्थलको रूपमा प्रयोग गर्न सक्नेछन्। रस्तोगी यी परिसरलाई 'परम्परागत हाट बजार'सँग तुलना गर्छिन्।

'इमेल अर्डरहरू त निश्चय नै कार्यालयभित्रैबाट गरिन्छन्, तर मानिस-मानिसबीचको अन्तर्क्रिया लगभग सधैँ नै बाहिर हुन्छ,' कार्यलय परिसरको वर्णन गर्दै उनले भनिन्, 'यी परिसर सार्वजनिक पार्कजस्तै छन्।'

रूपान्तरणको योजना

भीमकाय यो भवनवरपर अहिले उल्लेखनीय रूपमा थोरै तलाका भवन मात्रै रहेको सुरत डायमन्ड बोर्सको हवाई तस्बिरले देखाउँछ। तर, ७० लाख मानिसको बसोवास रहेको यस ड्रिम सिटीको यो चिनारी अब परिवर्तन हुन सक्छ। प्रधानमन्त्री मोदीले सार्वजनिक रूपमा प्रशंसा गरेको यो महत्त्वाकांक्षी योजनाले दक्षिणी सुरतको लगभग सात सय हेक्टर (करिब २७ सय बिघा)मा एउटा 'स्मार्ट' सहर निर्माण गर्ने लक्ष्य राखेको छ। गाढ्भीले यो नयाँ डायमन्ड हबले यो क्षेत्रका महत्त्वपूर्ण व्यापारिक केन्द्रको रूपमा काम गर्ने बताए।

मोर्फोजेनेसिसले डिजाइनका कारण यो भवनले ५० प्रतिशत कम ऊर्जा खपत गर्ने दाबी गरेको छ। गुजरातको गर्मीलाई मध्यनजर गर्दै भवनलाई प्राकृतिक रूपले वातानुकूलित हुने गरी डिजाइन गरिएको छ। कम्प्लेक्समा सबैतिर हावाको प्रवाह हुन्छ भने भुइँलाई चिसो राख्न 'रेडियन्ट कुलिङ'को प्रबन्ध मिलाइएको छ, जसअनुसार भुइँमुनिबाट निरन्तर चिसो पानी प्रवाहित भइरहन्छ। भवनको आधा भागलाई प्राकृतिक भेन्टिलेसनको प्रयोग गरेर वातानुकूलित बनाउन खोजिएको छ भने साझा क्षेत्रहरूलाई सौर्य ऊर्जाले वातानुकूलित राख्नेछन्।

सिएनएनका लागि ओस्कार हल्यान्डको रिपोर्ट

अर्थतन्त्र उकास्ने मौद्रिक नीति

सरकारले बजेटमा उत्पादनशील क्षेत्रलाई प्राथमिकतामा राखेको छ, यसलाई सहयोग पुग्ने गरी आएको मौद्रिक नीतिले अर्थतन्त्र उकास्छ



अर्थ संवाद

• भुवन दाहाल

आर्थिक वर्ष ०७९/८० मा आर्थिक गतिविधि चलायमान भएन । यसको मुख्य कारण बैंकहरूमा लगानीयोग्य पैसा नहुनु हो, न कि ब्याजदर बढी भएर । पुस ०७८ देखि पुस ०७९ सम्म बैंकमा लगानीयोग्य पैसा नै भएन । त्यसले गर्दा बैंकहरूले कर्जा प्रवाह गर्न सक्ने अवस्था भएन । त्यसमाथि आर्थिक गतिविधि सुस्तायो र बैंकहरूको ब्याजदर पनि बढ्यो । जसले गर्दा व्यवसायीहरू दोहोरो मर्कामा परे र अर्थतन्त्र अप्ठ्यारो अवस्थामा पुग्यो ।

माघ ०७९ यता बैंकमा लगानीयोग्य रकम बढ्दै गएको छ । तर, स्थानीय तह र डिबेन्चरको रकम निक्षेपमा गणना गर्न पाउने व्यवस्था थपिन्छ कि थपिँदैन भन्नेमा बैंकहरूमा अन्योल थियो । आर्थिक गतिविधि नहुँदा पनि कर्जाको माग बढ्न सकेको थिएन । हालसम्म पनि बैंकहरूले कर्जा प्रवाह गरेको अवस्था छैन । तर, अहिले बैंकहरूमा लगानीयोग्य रकम भने थुप्रिएको छ । अहिले बैंकहरूमा साढे ५६ खर्ब रुपैयाँहाराहारी निक्षेप छ । तर, सिडी रेसियो ८३ प्रतिशत मात्रै छ । त्यसअनुसार बैंकहरूसँग अझै ७ प्रतिशत अर्थात् चार खर्बहाराहारी लगानी गर्ने रकम छ । यसले कर्जाको ब्याजदर घटाउन सहयोग पुग्छ । साथै, पछिल्लो समय बैंकहरूले आफैँ कर्जाको ब्याजदर घटाउन थालेका छन् । यो अब घट्छ भन्ने संकेत पनि हो ।

ब्याजदर घटेपछि कर्जाको माग बढ्न सक्छ । यसो हुँदा व्यवसायीहरूलाई लागत स्वतः कम पर्छ । सिडी रेसियो कम हुँदा बैंकहरूले राष्ट्र बैंकबाट सस्तो ब्याजदरमा पैसा ल्याएर सस्तो ब्याजदरमै कर्जा लगानी गर्न सक्ने अवस्था छ । त्यसले आर्थिक गतिविधि बढाउन पक्कै पनि सहयोग गर्छ । अब साँच्चै नै व्यवसायी कर्जा लिन आकर्षित हुन सक्ने देखिन्छ । कारण, व्यवसायीहरूको माग नै ब्याजदर घटाउनुपर्ने भन्ने छ । अहिले आएको मौद्रिक नीतिले ब्याजदर घटाउन सहयोग पुग्ने देखिन्छ । यसले पक्कै पनि अर्थतन्त्र चलायमान बनाउन सहयोग गर्छ । यस्तै, घरजग्गा कर्जाको सीमा एक करोड ५० लाख रुपैयाँबाट बढाएर दुई करोड रुपैयाँसम्म पुऱ्याइएको छ । दर्ता भएर व्यवस्थित रूपमा घरजग्गा कारोबार गर्ने व्यवसायीलाई पनि प्रोत्साहन गरिएको छ । साना लगानीकर्तालाई सेयर कर्जामा प्रोत्साहन गरिएको छ । यसले पनि आर्थिक गतिविधिमा पक्कै सहयोग गर्ने देखिन्छ ।

यस्तै, चालू पुँजीकर्जासम्बन्धी मार्गदर्शन, २०७९ सम्बन्धी व्यवसायीका माग सम्बोधन गर्ने कुरा पनि मौद्रिक नीतिमा उल्लेख छ । यद्यपि, चालू पुँजीकर्जामा हिजोका दिनमा खासै समस्या त थिएन । व्यवसायीहरूले एउटा प्रयोजनका लागि लिएको कर्जा अर्को प्रयोजनमा लगानी गर्छन् भने त्यो उनीहरूको समस्या हो । यसमा राष्ट्र बैंक र बैंकहरूको दोष छैन । तर, चालू पुँजीकर्जामा देखिएको वास्तविक समस्या सम्बोधन गरेर मार्गदर्शन संशोधन गर्ने घोषणा राष्ट्र बैंकले घोषणा गरेको छ । यसले पनि आर्थिक गतिविधि चलायमान बनाउन सहयोग गर्छ ।



> बैंकहरूमा साढे ५६ खर्ब रुपैयाँहाराहारी निक्षेप छ । तर, सिडी रेसियो ८३ प्रतिशत मात्रै छ । त्यसअनुसार बैंकहरूसँग अझै ७ प्रतिशत अर्थात् चार खर्बहाराहारी लगानी गर्ने रकम छ ।

'स्ट्रेस्ड लोन रिसोलुसन फ्रेमवर्क' जारी गरेर भए पनि प्राकृतिक प्रकोप वा अन्य विशेष परिस्थितिजन्य कारणले समस्यामा परेका ऋणीहरूको कर्जा पुनर्संरचनालगायतका व्यवस्था गर्ने भनेको छ । त्यसले प्रभावित उद्योगहरूलाई पुनरुत्थानमा सहयोग गर्छ । कोरोनाकालमा यस्तो सुविधा सही रूपमा सदुपयोग भएको थिएन । कर्जा पुनर्संरचना गर्ने सुविधा ल्याउन खोज्नु स्वागतयोग्य छ । यसले प्रभावित ऋणीलाई सहयोग गर्छ, जसले गर्दा अर्थतन्त्र चलायमान बन्छ । तर, बैंकहरूले पहिलेको जसरी जथाभावी कर्जा पुनर्तालिकीकरण तथा पुनर्संरचना गर्न भने हुँदैन । त्यसले भविष्यमा पुनः समस्या निम्त्याउन सक्छ । तसर्थ, यसपालि बैंकहरूले जथाभावी रूपमा यो सुविधा दिनुहुँदैन । तत्काल धितोमा रहेको सम्पत्ति लिलामी गर्न पनि हतार गर्नुहुँदैन । कर्जा असुली हुन्छ, सम्बन्धित व्यवसाय पुनरुत्थान हुन्छ भने त्यस्तो सुविधा दिनुपर्छ । यसमा बैंकहरू नै बढी जिम्मेवार हुनुपर्छ ।

अर्थतन्त्रलाई उकास्ने गरी सरकारले बजेटमार्फत विभिन्न नीति ल्याएको छ । सरकाले उत्पादनशील क्षेत्रलाई प्राथमिकतामा राखेको छ । त्यो अवस्थामा राष्ट्र बैंकले पनि बजेट कार्यान्वयनमा सहयोग पुग्ने गरी मौद्रिक नीति ल्याएको छ । उत्पादनशील क्षेत्रमा जाने कर्जालाई प्रोत्साहन गरिएको छ । नेपालमै व्यवसाय गर्दा दुई करोड रुपैयाँसम्म कर्जा दिने व्यवस्थालाई निरन्तरता दिइएको छ । यी यस्ता आधारमा मौद्रिक नीतिले अर्थतन्त्रलाई चलायमान बनाउँछ भन्नेमा आशावादी छु ।

ठूला ऋणीको सुपरिवेक्षण गर्न खोज्नु सकारात्मक : अर्थ समिति, मिडियामार्फत बैंकको पैसा निश्चित समूहमा गयो भन्ने पनि छ । साथै, त्यसको सदुपयोग के-कसरी भएको छ भन्ने विषयमा शंका तथा जिज्ञासा आएका छन् । अधिकांश रूपमा त्यस्तो कर्जा सही रूपमा सदुपयोग भएको छैन भन्ने नै छ । तर, यो अध्ययनको विषय हो । त्यो अवस्थामा राष्ट्र बैंकले ठूला ऋणीहरूमा पनि नजर लगाउनु नराम्रो होइन । छुट्टै मार्गदर्शन ल्याएर ठूला ऋणीहरूको सुपरीवेक्षण गर्न खोज्नु राम्रो नै हो । सम्भवतः राष्ट्र बैंकले यसमा केही न केही गर्न सक्छ । अब ४९ प्रतिशत सर्वसाधारण सेयर भएका कम्पनी तथा व्यवसायीलाई ठूलो आकारको ऋण दिने नीति ल्याउने गरी छलफल अघि बढाउनुपर्छ । यो नीति ल्याइयो भने धनी र गरिबबीचको खाडल पनि पुरिँदै जान्छ । यस्तै, पछिल्लो समय बैंकिङ क्षेत्रमा देखिएका अराजक गतिविधिलाई निरुत्साहन गर्न बैंकिङ कसुरसम्बन्धी ऐन संशोधन गर्ने भनिएको छ । यसले पक्कै पनि वास्तविक अपराधीलाई कारबाहीको दायरामा ल्याउन सहयोग पुग्न सक्छ । साथै, सम्पत्ति शुद्धीकरण निवारणमा पनि राष्ट्र बैंकले सम्बन्धित निकायसँग सहजीकरण गर्ने भनेको छ । यसले वित्तीय क्षेत्रको विकासमा थप सहयोग पुग्ने देखिन्छ ।

सहकारीको नियमनमा राष्ट्र बैंकको सहयोग अपरिहार्य

राष्ट्र बैंकले बचत तथा ऋण सहकारी संस्थाहरूको अनुगमन तथा नियमनमा सहयोग गर्ने नीति पनि ल्याएको छ । यो एकदमै स्वागतयोग्य छ । अहिले सहकारी क्षेत्रमा निकै समस्या देखिएको छ । त्यसको एउटा कारण राम्रो नियमन नहुँदा पनि हो । सोही अवस्थालाई हेरी सरकारले छुट्टै नियामक निकाय स्थापना गर्ने भनेको छ । यसमा राष्ट्र बैंकको सहयोग अपरिहार्य छ ।

(पूर्वबैंकर दाहालसँग गरिएको कुराकानीमा आधारित)

नबिल बैंक लिमिटेड, दमौली शाखा, तनहुँको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०४/०८)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

१ **ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मितिः २०७६/०६/१० मा दर्ता नं. २२५९४९/०७६/०७७ अन्तर्गत दर्ता भएको **श्री डोको होल्डर्स प्रा. लि. ।**

ठेगानाः तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १, करडकाठ, तनहुँ ।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. डम्बर बहादुर गौलीको नाति, चिज बहादुर गौलीको छोरा, तनहुँ जिल्ला, चोकचिसापानी गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ४३१०२०/२५६ (जारी मितिः २०६८/१०/०५, स्थान तनहुँ) भएका **श्री सागर गौली ।**

२. डम्बर बहादुर गौलीको नाति, चिज बहादुर गौलीको छोरा, तनहुँ जिल्ला, चोकचिसापानी गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ४३/०१/७१/०१७६५ (जारी मितिः २०७१/०४/१२, स्थान तनहुँ) भएका **श्री संगम गौली ।**

३. बुद्धिमान श्रेष्ठको छोरी, डम्बर बहादुर गौलीको बुहारी, चिज बहादुर गौलीको श्रीमती, तनहुँ जिल्ला, चोकचिसापानी गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ५०२५४ (जारी मितिः २०५८/०८/१०, स्थान तनहुँ) भएकी **श्रीमती ईश्वरी गौली ।**

२ **ऋणीको नाम र ठेगानाको विवरण**

डम्बर बहादुर गौलीको नाति, चिज बहादुर गौलीको छोरा, तनहुँ जिल्ला, चोकचिसापानी गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ४३१०२०/२५६ (जारी मितिः २०६८/१०/०५, स्थान तनहुँ) भएका **श्री सागर गौली ।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

१. कृष्ण बहादुर गौलीको नाति, डम्बर बहादुर गौलीको छोरा, तनहुँ जिल्ला, पुर्कोट गाउँ पञ्चायत वडा नं. ८ स्थायी घर भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ३०७ (जारी मितिः २०४१/०८/०३, स्थान काठमाडौं) भएका **श्री चिज बहादुर गौली ।**

२. डम्बर बहादुर गौलीको नाति, चिज बहादुर गौलीको छोरा, तनहुँ जिल्ला, चोकचिसापानी गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ४३/०१/७१/०१७६५ (जारी मितिः २०७१/०४/१२, स्थान तनहुँ) भएका **श्री संगम गौली ।**

३. बुद्धिमान श्रेष्ठको छोरी, डम्बर बहादुर गौलीको बुहारी, चिज बहादुर गौलीको श्रीमती, तनहुँ जिल्ला, चोकचिसापानी गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ५०२५४ (जारी मितिः २०५८/०८/१०, स्थान तनहुँ) भएकी **श्रीमती ईश्वरी गौली ।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण :

तनहुँ जिल्ला, चोकचिसापानी गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ बस्ने, **श्रीमती ईश्वरी गौली**को नाममा दर्ता भई **श्री डोको होल्डर्स प्रा. लि.** र **श्री सागर गौली**को नाममा संयुक्त धितोको रुपमा यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको तनहुँ जिल्ला, कर्लुङ गा.वि.स. वडा नं. ०६ सिट नं. ६च मा अवस्थित कि.नं. २८४ क्षेत्रफल ०-१४-१-१, रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

Government of Nepal
Department of Water Supply and Sewerage Management
Co-financing Water Supply and Sanitation Project
Panipokhari, Kathamandu
Date: 2080-04-08

Co-financing Water Supply and Sanitation Project invites Expression of Interest (EOI) from eligible National consulting firms ("consultant") to provide the consulting services for **CFWSSP/CS/DPR/01/2080-81 and CFWSSP/CS/DPR/02/2080-81**. Interested eligible consultants may obtain further information and EOI document at the address www.bolpatra.gov.np/egp. **Detailed notice is available in the PPMO website www.bolpatra.gov.np/egp** and if any further information is required, please contact Co-finance PMO, DWSSM, Panipokhari at office time.
Phone no.: 01-4424168, 01-4439198





ग्लोबल आइएमई बैंक लिमिटेडका गैह बैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

प्रकाशित मिति २०८०/०४/०८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ग्लोबल आइएमई बैंक लि.को स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गाहरु) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस बैंकबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधिनमा रही आफुले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा यस बैंकको प्रधान कार्यालय, कमलादी, काठमाडौं स्थित कर्जा असुली विभागमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ । यस बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसीलमा उल्लिखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । सो तोकिएको दिन विदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन साविक समय र सोही स्थानमा बोलपत्र खोलिनेछ । प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ । बोलपत्र फारम तोकिएको दस्तुर तिरी यस बैंकबाट खरिद गर्न सकिने छ । साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ । उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सम्पर्क गर्नु होला ।

तपसिल

बिक्री गरिने सम्पत्तिको विवरण :

सम्पतिको विवरण	
१. मालपोत कार्यालय, तुल्सीपुर, दाङमा दर्ता कायम रहेको : दाङ जिल्ला, तुल्सीपुर गा.वि.स./न.पा. वडा नं. ५ घ स्थित कि.नं. १४७७ को क्षेत्रफल ०-०-९-० बिगाहा वा १५२.३६ व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । 	**२. मालपोत कार्यालय, मेहेलकुना सुर्खेतमा दर्ता कायम रहेको :** **क)** सुर्खेत जिल्ला, कोटमाझाखर्क गा.वि.स./न.पा. वडा नं. ६ ड स्थित कि.नं. ९३ को क्षेत्रफल ०-४-०-० रोपनी वा १२७.१६ व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । **ख)** सुर्खेत जिल्ला, कोटमाझाखर्क गा.वि.स./न.पा. वडा नं. ६ ड स्थित कि.नं. ६९९ को क्षेत्रफल ०-४-३-२ रोपनी वा १५४.९९ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । 
३. मालपोत कार्यालय, ताप्लेजुङमा दर्ता कायम रहेको : ताप्लेजुङ्ग जिल्ला, फुङलिङ गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. २२८६ को क्षेत्रफल ०-८-०-० रोपनी वा २५४.३२ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । 	**४. मालपोत कार्यालय, ताप्लेजुङमा दर्ता कायम रहेको :** ताप्लेजुङ्ग जिल्ला, फुङलिङ गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. १६८७ को क्षेत्रफल ०-१२-२-०.५० रोपनी वा ३९८.४५ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । 

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय : २०८० श्रावण २२ गते सोमबार कार्यालय समयसम्म ।
बोलपत्र खोलिने मिति र समय : २०८० श्रावण २३ गते मंगलबार दिनको ३:०० बजे ।
बोलपत्र खोलिने स्थान : ग्लोबल आइएमई बैंक लिमिटेडको सम्बन्धित शाखा कार्यालयहरुमा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

हकदावीको सूचना

सिन्धुपाल्चोक जिल्ला हेलम्बु गाँउपालिका वडा नं. २ किउल निवासी कुवेर जोतिको नाति डोलो बहादुर जोतिको छोरा पुतली जोतिको श्रीमान अमर बहादुर जोतिको यही मिति २०८०/०३/११ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. १७००५०५०००००३४५ (अमर बहादुर जोति) मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमति नाताको श्रीमति पुतली जोतिले आवश्यक सम्पुर्ण कागजात सहित यस बैंकमा निवेदन दिनुभएको हुदाँ उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक-दावी भए, यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सुचनाद्वारा सुचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
प्रधान कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक
फोन नं.:- ९८६३५८८१८५

हकदावीको सूचना

लुम्बिनी प्रदेश, पाल्पा जिल्ला, भडेवा गाउँ पञ्चायत , वडा नं. १, हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला, सुनवल नगरपालिका वडा नं. ४ मा बस्ने श्री यम बहादुर आलेको नातीनी, श्री लिलाम्बर आलेको छोरी, श्रीमती दुर्गिसरा रानाको मिति २०८०/०३/०७ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको बचत खाता नं. १२००५०८००५३५६३ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको छोरा हर्क बहादुर रानाले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय,
सुनवल, नवलपरासी
फोन नं.:- ०७८-५७०४७७
५७०४७८

हकदावीको सूचना

बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा न.२ मा बस्ने श्री काशिनाथ आचार्यको नाति, श्री राम मणि आ.दी.को छोरा, लीला दीक्षितको पति श्री केशव मणि आ.दीक्षितको मिति २०७८/०६/०४ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं ००७०५०९०००५९५३ मा भएको सम्पूर्ण रकम निज श्री केशव मणि आ. दीक्षितको सबैभन्दा नजिकको हकवालाको हैसियतले आफुलाई उपलब्ध गराई पाउँ भनि निजको पत्नि लीला दीक्षितले आवश्यक कागजातहरू सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक श्रीमति लीला दीक्षित बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय
नयाँसडक, बसन्तपुर, काठमाडौं
फोन नं.:- ४२४२८५८
फ्याक्स :- ४२२७०५०

हकदावीको सूचना

मोरङ्ग जिल्ला, उर्लाबारी नगरपलिका वडा नं. ०६ बस्ने श्री अग्नी केशर तिम्सिनाको नाती, जय प्रशाद तिम्सिनाको छोरा श्री वासुदेव तिम्सिनाको मिति २०८०/०३/१९ गतेको दिन मृत्यु भएकोले निजको नाममा यस बैकमा रहेको खाता नं. ०५५०५०५०२५८७९१ मा भएको सम्पुर्ण रकम उपलब्ध गराई पाउँ भनी निज स्व. श्री वासुदेव तिम्सिनाको श्रीमती सिता देवि तिम्सिना आवश्यक कागजात सहित यस बैकमा निवेदन दिनु भएको हुदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सबुत प्रमाण सहित दाबी गर्न आउनुहुन बैंक तथा बित्तिय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दाबी बमोजिम भई जाने व्यहोरा यसै सूचना द्वारा सुचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय,
उर्लाबारी, मोरङ
फोन नं: - ०२१-५४१७०१
५२१७०२
फ्याक्स :- ०२१- ५४१७०३

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार ८ साउन ०८०

नेपाली नर्सलाई बेलायतमा चार लाख तलब

योग्यता पुगेका नर्सले २ कात्तिकसम्म आवेदन दिन पाउने, पहिलो चरणमा सयजनाको माग

मुना कुँवर/नयाँ पत्रिका

बेलायतमा नर्सिङ पेसा गर्न जाने नेपालीले मासिक चार लाख रुपैयाँभन्दा बढी तलब सुविधा पाउने भएका छन्। बेलायतले अस्पताल र घरेलु बिरामी हेरचाका लागि नेपालबाट नर्स लैजाने प्रक्रिया सुरु गरेसँगै सेवा-सुविधाको पनि टुंगो लागेको हो।

बेलायतस्थित ह्याम्पसायर अस्पताल (एनएचएस फाउन्डेसन ट्रस्ट)ले नेपाली नर्सको माग गर्दै न्यूनतम पारिश्रमिक करिब चार लाख रुपैयाँ तोकेको हो। सो अस्पतालले सुरुवाती चरणमा एक सय नेपाली नर्सको माग गरेको छ। बेलायतको नियमअनुसार अतिरिक्त सेवामा पनि खट्न पाउने भएकाले नेपाली नर्सले चार लाख रुपैयाँभन्दा पनि बढी आम्दानी गर्न सक्नेछन्।

अस्पतालको मागबमोजिमका नर्स आपूर्ति गर्न वैदेशिक रोजगार विभागले शुक्रबारदेखि आवेदन खुला गरेको छ। योग्यता पुगेका नर्सले आगामी २ कात्तिकसम्ममा आवेदन बुझाउन सक्ने विभागका प्रवक्ता गुरुदत सुवेदीले जानकारी दिए।


अगस्ट २०२२ मा नेपाली नर्सले बेलायतमा औपचारिक रूपमा काम गर्न पाउने गरी दुवै देशबीच सरकारीस्तरमै सम्झौता भइसकेको छ। सोही सम्झौताअनुसार बेलायतमा नर्सिङका लागि जाने नेपालीको छनोट प्रक्रिया वैदेशिक रोजगार विभागले गर्न लागेको छ।

विभागले बेलायतको अस्पतालले तोकेको योग्यताका आधारमा नेपाली श्रमशक्तिको छनोट गर्न लागेको प्रवक्ता सुवेदीले जानकारी दिए। 'बेलायत र नेपालबीच जिटुजीमार्फत श्रमिक पठाउने सम्झौता भएको छ। त्यसैले श्रमिक छनोट विभागले गर्नेछ,' उनले भने। फाउन्डेसनका अनुसार बेलायत जाने नर्सले सातामा साढे ३७ घन्टा काम गर्नुपर्नेछ भने वार्षिक २७ दिन बिदा पाउनेछन्। त्यस्तै, बेलायतले सरकारीस्तरमा दिएको सार्वजनिक बिदासमेत नेपाली नर्सहरूले उपयोग गर्न पाउनेछन्।

न्यूनतम तीन वर्षको श्रम सम्झौता गरी बेलायतले नेपाली नर्स लिने टुंगो लागेको छ। त्यस्तै, बेलायत पुगेको पहिलो तीन महिनासम्म नेपाली नर्सलाई निःशुल्क आवास प्रदान गरिनेछ। रोजगारदाताले चाहेमा बेलायतको नियमअनुसार श्रम अवधि लम्बाउन सक्नेछन्।

बेलायत रोजगारीका लागि पुरुष नर्सले पनि आवेदन दिन पाउनेछन्। ह्याम्पसायर हस्पिटलले रोजगारीमा जानका लागि लैंगिक विभेद नहुने जनाएको छ। त्यस्तै, उमेरको हदबन्दी पनि राखिएको छैन। जुनसुकै उमेर समूहका नर्सले पनि आवेदन दिन पाउँछन्।

बेलायत जानका लागि विभागले लिने परीक्षामा छनोट भएका नर्सको भिसा शुल्क, आइएलटिएस परीक्षा शुल्क, ओइटी परीक्षा शुल्क, एनएचएस दर्ता शुल्कलगायत रोजगारदाताले शोधभर्ना गरिदिने प्रावधान रहेको विभागले जनाएको छ। नर्सले वैदेशिक रोजगार बोर्डमा कल्याणकारी कोषको शुल्क मात्रै व्यहोर्नुपर्नेछ। तर, छनोट भएका नर्सको हकमा भने रोजगारदाताले कुनै पनि शुल्क भुक्तानी गर्नेछैन।



नर्सलाई यस्ता सुविधा हुनेछन्

बेलायतले नेपाली नर्सलाई 'सहायक स्वास्थ्य हेरचाहकर्मी'को दर्जा दिने भएको छ। छनोट भई बेलायत पुगेका यस्ता नर्सले आठ महिनाभित्र स्वास्थ्यसँग सम्बन्धित व्यावहारिक वस्तुपरक परीक्षा (ओएसिई) उत्तीर्ण गर्नुपर्नेछ। नर्सले यस्तो परीक्षा तीनपटकसम्म दिन पाउनेछन्। परीक्षा उत्तीर्ण नगरेमा सहायकका रूपमा काम गर्नुपर्नेछ। परीक्षा उतीर्ण गरेपछि बेलायतको नर्सिङ एन्ड मिडवाइफरी काउन्सिल (एनएचएस)मा पनि दर्ता हुनुपर्नेछ। यसरी एनएचएसमा दर्ता भएका नर्सले सबै सेवा-सुविधा पाउनेछन्। साथै, पेन्सनको सुविधा पनि पाउनेछन्। त्यस्तै, नर्स र आश्रित परिवारका सदस्यलाई सार्वजनिक स्वास्थ्य सेवामा पहुँचको सुविधा हुनेछ। साथै, नर्सका चारदेखि १८ वर्षसम्मका छोराछोरीका लागि निःशुल्क शिक्षासमेत उपलब्ध हुनेछ।

यस्तो छ मापदण्ड

आवेदन दिने नर्स अंग्रेजीमा दखखल भएको हुनुपर्नेछ। इन्टरनेसनल इंग्लिस ल्याङ्ग्वेज टेस्टिङ सिस्टम (आइएलटिएस) परीक्षा दिएका नर्सले औसतमा ७ स्कोर ल्याउनुपर्ने हुन्छ। बोल्ने, पढ्ने र सुन्ने क्षमतामा पनि अनिवार्य ७-७ अंक ल्याएको हुनुपर्नेछ। अंग्रेजी लेखनमा भने ६.५ अंक ल्याए उत्तीर्ण हुन सकिन्छ। अकुपेसन इंग्लिस टेस्ट (ओइटी) परीक्षा दिएका नर्सको हकमा भने औसतमा बी ग्रेड ल्याए पनि मान्यता पाउनेछन्। तर, पढ्ने, बोल्ने र सुन्ने क्षमतामा भने अनिवार्य बी ग्रेड हुनैपर्छ। अंग्रेजी लेखनमा भने 'सी' ग्रेड भए पनि मान्यता पाउनेछन्।


आवेदन दिनका लागि नेपाली नागरिकता र पासपोर्ट भएको हुनुपर्नेछ। स्टाफ नर्स, बिएससी नर्सिङ, बिएन गरेका नर्सले आवेदन दिन पाउनेछन्। त्यस्तै, आवेदकले नेपाल सरकारबाट आधिकारिकता प्राप्त विश्वविद्यालयबाट नर्सिङमा मास्टर्स गरेको र नर्सिङ काउन्सिलबाट लाइसेन्स भएको हुनुपर्ने मापदण्ड छ ।

आवेदन दिँदाको अवधिमा नेपाल सरकाबाट अनुमतिप्राप्त हस्पिटलमा कम्तीमा दुई वर्षको कार्यानुभवसमेत हुनुपर्नेछ। तर, आपराधिक पृष्ठभूमि भएका तथा बेलायतमा गैरकानुनी रूपमा काम गरिरहेका नर्सले आवेदन दिन पाउनेछैनन्।

इच्छुक आवेदकले वैदेशिक रोजगार विभागको बेवसाइटमा राखिएको फाराम भर्नुपर्नेछ। प्राप्त आवेदनमाथि विभागले भेरिफाई गर्नेछ। योग्यता पुगेका आवेदनलाई विभागले छनोट गरी अन्तर्वार्ताका लागि बोलाउनेछ। विभागको अन्तवार्तामा छनोट भएका नर्स बेलायतमा रोजगारीका लागि जान सक्नेछन्।

सरकारको ऋण २२.२१ खर्ब

एक वर्षमा थपियो २.०८ खर्ब ऋणको दायित्व



नयाँ पत्रिका

नेपाल सरकारले तिर्नुपर्ने कुल सार्वजनिक ऋणको दायित्व २२ खर्ब २१ अर्ब ६७ करोड रुपैयाँ पुगेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले आइतबार सार्वजनिक गरेको गत आव ०७९/८० सम्मको तथ्यांकले यस्तो देखाएको हो।

अघिल्लो आव ०७८/७९ सम्म सरकारले तिर्नुपर्ने ऋणको दायित्व २० खर्ब १३ अर्ब २९ करोड थियो। गत आवमा मात्रै दुई खर्ब आठ अर्ब ३८ करोड रुपैयाँ पुगेको हो। त्यसमा आन्तरिक ऋण एक खर्ब ४० अर्ब ८७ करोड र बाह्य ऋण ६७ अर्ब ५० करोड रुपैयाँ पुगेको छ।

यद्यपि, सरकारले गत आवमा मात्रै तीन खर्ब ५८ अर्ब ११ करोड रुपैयाँ ऋण परिचालन गरेको छ। त्यसमा दुई खर्ब ५५ अर्ब ९९ करोड आन्तरिक र एक खर्ब २१ अर्ब १२ करोड रुपैयाँ बाह्य ऋण प्राप्ति भएको तथ्यांकमा उल्लेख छ।

यसरी ल्याइएको ऋणमा गत आवमा सरकारले आन्तरिकतर्फ एक खर्ब १५ अर्ब ११ करोड र बाह्यतर्फ ३४ अर्ब ६१ करोड साँवाबराबरको ऋण भुक्तानी गरेको छ। त्यसअनुसार सरकारको ऋण २२ खर्ब २१ करोड हाराहारी पुगेको हो।

सरकारले गत आवमा दुई खर्ब ४२ अर्ब २६ करोड बाह्य र दुई खर्ब ५६ अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य लिएको थियो। त्यसअनुसार सरकारले लक्ष्यअनुसार ऋण परिचालन गर्न नसकेको देखिन्छ। आन्तरिक ऋण परिचालनको लक्ष्य करिब पूरा भए पनि बाह्य ऋण लक्ष्यअनुसार परिचालन गर्न नसकिएको हो। विशेष गरी पछिल्लो समय देखिएको विश्वव्यापी संकटले बाह्य ऋण लक्ष्यअनुसार परिचालन गर्न नसकेको विज्ञहरू बताउँछन्। सरकारले चालू आर्थिक वर्षको घाटा बजेट पूर्ति गर्नका लागि थप चार खर्ब ५२ अर्ब ७५ करोडबराबर ऋण उठाउने लक्ष्य राखेको छ। त्यसअनुसार चालू आवमा सरकारको ऋण २५ खर्ब हाराहारी पुग्ने सम्भावना देखिन्छ।

बाह्यभन्दा आन्तरिक ऋण बढी

सरकारको सार्वजनिक ऋणमा आन्तरिक ऋणको हिस्सा बढी भएको छ। अघिल्ला वर्षहरूमा सरकारको ऋणमा बाह्य ऋणको हिस्सा बढी थियो। तर, गत वर्ष लक्ष्यअनुसार बाह्य ऋण परिचालन गर्न नसकेपछि आन्तरिक ऋणको हिस्सा बढेको छ। सरकारको कुल ऋणमा आन्तरिक ऋण ११ खर्ब २८ अर्ब र बाह्य ऋण १० खर्ब ९३ अर्ब रुपैयाँ रहेको छ।

तुलनात्मक रूपमा बाह्य ऋणको ब्याजदर सस्तो हुन्छ। आन्तरिक ऋणको ब्याजदर भने महँगो नै हुन्छ। गत आवमा सरकारले १० प्रतिशतभन्दा बढी ब्याज तिरेर आन्तरिक ऋण उठाइरहेको छ।

बर्सेनि बढ्दै ऋण

तथ्यांकअनुसार सरकारको तिर्नुपर्ने ऋण पछिल्लो समय उच्चदरमा बढ्दै गएको छ। आजभन्दा पाँच वर्षअघि अर्थात् ०७४/७५ मा सरकारको तिर्नुपर्ने ऋण नौ खर्ब १७ अर्ब ३१ करोड थियो। तर, त्यसपछि पाँच आवमा (७५/७६ देखि ०७९/८० सम्म) सरकारको तिर्नुपर्ने ऋण १३ खर्ब चार अर्ब ३६ करोड रुपैयाँ थपिएको छ।

एक नेपालीको भागमा ७६ हजार ऋण

यससँगै एकजना नेपाली जनताको भागमा सार्वजनिक हिस्साको भाग ७६ हजार एक सय ७७ पुगेको छ। नेपालको जनगणना ०७८ अनुसार कुल जनसंख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ बराबर छ। कुल सार्वजनिक ऋणलाई कुल जनसंख्यासँग तुलना गर्दा प्रतिव्यक्ति ऋण ७६ हजारभन्दा बढी हुने देखिएको हो।

मौद्रिक नीतिले सेयर लगानीकर्ता निराश

काठमाडौं/ आइतबार दिउँसो साढे एक बजेसम्म नेप्से दुई हजार एक सय ४ दशमलव ९७ विन्दुको आसपास थियो। त्यही वेला राष्ट्र बैंकले चालू आर्थिक वर्ष ०८०/८१ का लागि मौद्रिक नीति जारी गरेपछि लगानीकर्ता उत्साहित भए र सेयर बजार सूचकांकमा वृद्धि भई दुई हजार दुई सय २८ विन्दुसम्म पुग्यो।

मौद्रिक नीतिको सुरुवाती अंश थाहा पाएर उत्साहित भएका लगानीकर्ता सूक्ष्म विश्लेषणपछि भने निराश भएका छन्। यद्यपि, आइतबार नेप्से परिसूचकांक समग्रमा ६३ दशमलव २४ अंकले बढेर दुई हजार दुई सय २७ दशमलव १६ विन्दुमा पुगेर कारोबार बन्द भएको छ। आइतबार एक करोड २० लाख कित्ता सेयर किनबेच हुँदा चार अर्ब ३७ करोड ५१ लाख रुपैयाँको कारोबार भएको छ। तीन कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। किसान लघुवित्त वित्तीय संस्था, चन्द्रागिरि हिल्स र लिबर्टी इनर्जीको सेयर मूल्य १० प्रतिशतले बढेर सकारात्मक सर्किट लागेको हो। यस दिन सबैभन्दा धेरै कारोबार हुने कम्पनीमा शिवम् सिमेन्ट, जीवन विकास बैंक, ग्लोबल आइएमई बैंक, एनआइसी एसिया बैंक, हिमालयन डिस्टिलरी रहेका छन्। यी कम्पनीको ११ करोड रुपैयाँदेखि १४ करोड ८१ लाख रुपैयाँसम्मको कारोबार भएको छ।

माग सम्बोधन नहुँदा लगानीकर्ता निराश

मौद्रिक नीतिले लगानीकर्ताको माग सम्बोधन गर्न नसकेको नेपाल इन्भेस्टर्स फोरमका अध्यक्ष तुलसीराम ढकालले बताए। सुरुवातमा मौद्रिक नीतिले झुक्याउँदा सेयर बजारले स्वागत गरेको भए पनि दीर्घकालीन रूपमा लाभदायक नदेखिएको उनको भनाइ छ। उनले भने, 'हामीले उठाएको १० प्रतिशत माग मात्र सम्बोधन हुन सक्यो।'

लगानीकर्ताले अघिल्लो वर्षको मौद्रिक नीतिमा समावेश भएको एक बैंकबाट चार करोड र सबै बैंक तथा वित्तीय संस्थाबाट १२ करोडभन्दा बढी सेयर धितो कर्जा लिन नपाउने 'क्याप'लाई हटाउन माग गरेका थिए। तर, त्यसमा मौद्रिक नीति मौन रहेको छ। लगानीकर्ता तथा नयाँ ब्रोकर एसोसिएसनका अध्यक्ष सागर ढकालले सेयर धितो कर्जामा १२ करोडको क्याप हटाउन गरेको प्रस्ताव राष्ट्र बैंकले नसुनेको गुनासो गरे। उनले भने, 'राष्ट्र बैंकले पुँजी बजारलाई गहिरो गरी बुझेको देखिँदैन, बजारले स्वागत गरे पनि दीर्घकालीन सम्बोधन हुन सकेन।' त्यस्तै नेपाल पुँजी बजार संघकी अध्यक्ष राधा पोखरेलले मौद्रिक नीतिले लगानीकर्ताको माग सम्बोधन नगरेको बताइन्। उनले भनिन्, 'सेयर धितो कर्जा जोखिम भार घटाउनुपर्छ भन्ने हाम्रो माग थियो, तर ५० लाख रुपैयाँसम्मको सेयर धितो कर्जामा १०० प्रतिशत जोखिम भार कायम गरिएको हुँदा हाम्रो माग सम्बोधन भएन।' लगानीकर्ताले १५० प्रतिशत जोखिम भारलाई १०० प्रतिशतमा झार्नुपर्ने माग राख्दै आएका थिए। तर, मौद्रिक नीतिले ५० लाखसम्मको सेयर धितोमा मात्र १०० प्रतिशत जोखिम भार कायम गर्ने निर्णय गरेको छ। लगानीकर्ताले भने यसमा कुनै क्याप राख्न नहुने माग गर्दै आएका छन्।



मौद्रिक नीतिले लगानीकर्ताको माग सम्बोधन गर्न सकेन। सुरुवातमा मौद्रिक नीतिले झुक्याउँदा सेयर बजारले स्वागत गरेको भए पनि दीर्घकालीन रूपमा लाभदायक देखिँदैन।

● **तुलसीराम ढकाल**, अध्यक्ष, नेपाल इन्भेस्टर्स फोरम



सेयर धितो कर्जामा १२ करोडको क्याप हटाउन गरेको प्रस्ताव राष्ट्र बैंकले सुनेन। राष्ट्र बैंकले पुँजी बजारलाई गहिरो गरी बुझेको देखिँदैन, बजारले स्वागत गरे पनि दीर्घकालीन सम्बोधन हुन सकेन।

● **सागर ढकाल**, अध्यक्ष, नयाँ ब्रोकर एसोसिएसन



सेयर धितो कर्जा जोखिम भार घटाउनुपर्छ भन्ने हाम्रो माग थियो, तर ५० लाख रुपैयाँसम्मको सेयर धितो कर्जामा १०० प्रतिशत जोखिम भार कायम गरिएको हुँदा हाम्रो माग सम्बोधन भएन।'

● **राधा पोखरेल**, अध्यक्ष, नेपाल पुँजी बजार संघ

महाकाली सन्धिको मर्मअनुसार पञ्चेश्वरको डिपिआर संशोधन गरिने

लथालिंग अवस्थामा रारा हाइड्रोपावर

स्थानीयको करोडौं रकम जोखिममा

मिलन विश्वकर्मा/नयाँ पत्रिका

६ हजार चार सय ८० मेगावाटको पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)लाई महाकाली सन्धिको मर्मअनुसार संशोधन गरिने भएको छ। आयोजनाको डिपिआरलाई अन्तिम रूप दिन गठित नेपाल-भारत संयुक्त विज्ञ टोलीको शनिबार भारतको नयाँदिल्लीमा सम्पन्न बैठकले यस्तो निर्णय गरेको हो। सोहीअनुसार तीन साताभित्र डिपिआरलाई अन्तिम रूप दिने बैठकले निर्णय गरेको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रवक्ता मधु भेटुवालले बताए। बैठकले महाकाली सन्धिको मर्मअनुरूप डिपिआर परिमार्जन गरेर १५ दिनभित्र पेस गर्न भारतीय सरकारी कम्पनी बाप्कोसलाई निर्देशन दिने निर्णय गरेको छ। समग्रमा अबको तीन हप्तामा बैठक विज्ञ समूहको बैठक बसेर डिपिआरलाई टुंगो लगाउने उनको भनाइ छ। परिमार्जित डिपिआर बुझाएपछि विज्ञ समूहको बैठक बसेर त्यसलाई अन्तिम रूप दिने निर्णय भएको उनले बताए।

'आयोजनाको डिपिआरलाई तीन हप्ताभित्र अन्तिम रूप दिने गरी हामीले काम गरिरहेका छौं। यसमा भारतीय पक्षका अधिकारीहरूले पनि तदारुक्ताका साथ काम गर्नुभएको छ,' उनले भने, 'यसपालि हामी साँच्चै नै आशावादी छौं।'

भारतीय परामर्शदाता कम्पनी बाक्पोसले ०७३/७४ मा आयोजनाको डिपिआर बुझाएको थियो। तर, त्यो महाकाली सन्धिविपरीत भएको भन्दै स्वीकृत हुन सकेको छैन। विशेष गरी पानी बाँडफाँटलगायतका विषयमा दुई देशबीच सहमति हुन सकेको थिएन। तर, अब डिपिआरलाई टुंगो लाग्ने अपेक्षा गरिएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को १७-२० जेठसम्म भएको भारत भ्रमणका क्रममा पञ्चेश्वर आयोजनाको डिपिआर तीन महिनामा टुंगोमा पुऱ्याउने सहमति भएको थियो। सोहीअनुसार गत असार २१ र २२ गते पोखरामा पञ्चेश्वर विकास प्राधिकरण सञ्चालक समिति (गभर्निङ बडी)को बैठकले १० दिनभित्र विज्ञ समूहको बैठक राख्ने निर्णय गरेको थियो। सोहीअनुसार नेपाल-भारत संयुक्त विज्ञ समूहको बैठक आयोजना गरिएको हो। बैठकलाई नेपालको तर्फबाट जल तथा ऊर्जा आयोगका सचिव सुशीलचन्द्र तिवारी र भारतको तर्फबाट केन्द्रीय जल आयोगका अध्यक्ष कुसविन्दर बोहराले संयुक्त रूपमा बैठकको अध्यक्षता गरेका थिए।

सन् १९५६ मा भारतीय पक्षले पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको बाँधस्थल पहिचान गरेको थियो। त्यसमा सन् १९७१ मा बनाइएको आयोजना प्रतिवेदनमा एक हजार मेगावाटको आयोजना बनाउन सकिने देखाएको थियो। तर, पछि सन् १९९१ मा यस आयोजनाको बाँध तीन सय १५ मिटरको बनाइँदा कुल उत्पादन ६ हजार चार सय ८० मेगावाट पुग्ने देखाएको थियो।

सन् १९९५ मा नेपालको तर्फबाट यस आयोजनाको डिपिआर बनेको थियो। पछि भारतीय कम्पनीमार्फत पनि यसको डिपिआर बनाइएको छ। सीमा नदी भएको कारणले आयोजना सम्पन्न गर्न द्विपक्षीय सहमति हुनुपर्ने भएकाले विविध चरणमा दुई पक्षबीच वार्ता भइरहेका छन्। नेपाल र भारतबीच भएको महाकाली नदीको शारदा ब्यारेज, टनकपुर ब्यारेज र पञ्चेश्वर योजना सम्बन्धमा ०५२ माघ २९ मा सन्धि सम्पन्न भएको थियो। त्यसपछि यो आयोजना दुवै देशको लगानीमा संयुक्त रूपमा सञ्चालन गर्ने निर्णय भएको थियो। त्यसपछि ०६६ मंसिरमा पञ्चेश्वर विकास प्राधिकरणको गठन गरी विस्तृत योजना प्रतिवेदन तथा अन्य आवश्यक कार्य सम्पन्न गर्ने सहमति भएको थियो।



दैलेखमा **विष्णु शर्मा**

आठ वर्षअघि निर्माण सुरु गरिएको दैलेखको डुगेश्वर र गुराँस गाउँपालिकाको सिमानामा पर्ने रारा हाइड्रोपावर अहिले लथालिंग अवस्थामा छ। गाउँमै बत्ती बलेपछि विद्युत्मा गरेको लगानीबाट फाइदा लिन करोडौं रकम सेयर हालेका स्थानीयहरू अहिले दुःखी छन्। हाइड्रो बनाउन स्थानीयले आयोजनामा लगानी मात्र गरेनन्, कतिपयले श्रमदान गरे, केहीले जग्गा दिए, स्थानीय व्यापारीहरूले रासन दिएर सहयोग गरे, तर कम्पनीका सञ्चालकहरू भने अहिले स्थानीयको करोडौं लगानी ठगी गरेर सम्पर्कविहीन भएका छन्। दैलेखको पराजुली खोलामा २.५ मेगावाट विद्युत् उत्पादन गर्न रारा हाइड्रोपावर डेभलपमेन्ट कम्पन्नीले ठगी गरेको रकम असुल गरिदिन स्थानीयले माग गरेका छन्।

हाइड्रोमा लगानी गरेकी डुगेश्वर गाउँपालिका-४ की धर्मी बुढा अहिले आफू सडकमा आएको भन्दै बिलौना गरिरहेकी छिन्। 'भोलि केटाकेटीको भविष्य राम्रो हुन्छ भनेर फकाए, सञ्चालक नर्सिङ मल्ल मेरो माइलो बुबा नाता पर्नुहुन्छ, आफ्नो गहना बेचेर पाँच लाख १५ हजार दिएँ, अहिलेसम्म एक लाखको भौचर पाएँ, अरू पैसाको कुनै टुंगो छैन, यति मात्र होइन, काम गर्न आएका कम्पनीका मानिसहरूले रासनबापत लिएको रकम २६ लाख लिन बाँकी रहेको छ। श्रीमान्ले विदेशबाट पठाएको रकम सबै डुब्यो, अहिले सडकमा आउनुपर्ने अवस्था आयो। हामीलाई न्याय होला ?' उनले गुनासो गरिन्। त्यस्तै, बिउराखेतकी नैनाकुमारी थापाले पनि आफूलाई अन्याय भएको गुनासो गर्दै भनिन्, 'काम गर्ने इन्जिनियर, कामदारलाई नास्ता र खाना खुवाएको पैसा चार लाख ६० हजार पाएको छैन। अरूबाट ब्याजमा पैसा लिएर रासन किनेर खाना खुवायौं, अहिले अन्यबाट ल्याएको ऋण तिर्न श्रीमान् विदेश जानुभएको छ। गरिबलाई योभन्दा धेरै अन्याय अरू के हुन्छ ?'

सञ्चालकका रूपमा रहेका स्थानीय नरसिंह मल्ल अहिले सम्पर्कमा नभएको स्थानीयको गुनासो छ। कम्पनीको सञ्चालकमा हिमेन्द्र सिलवाल, शंखरलाल वैध र मंगल विश्वकर्मासमेत रहेका छन्।

मताव ग्रुपमा कर्मचारीका रूपमा ६ वर्षदेखि काम गर्दै आएका दीपक शाहीसमेत अहिले तनावमा छन्। 'आयोजनाको काम बन्द भएपछि सञ्चालक समितिले मलाई काम गर्न पठाए, आफू आएर कामको जिम्मा लिएँ, विगत ६ वर्षदेखि काम सुरु गरौं, तर अहिलेसम्म कामको रकम पाएको छैन, करिब सात करोड रकम लिनुपर्नेछ,' उनले भने। डुगेश्वर-३ की डिबिसरा रावतको समेत लाखौं रकम फसेको छ, छोराछोरीको भविष्य सुधार हुन्छ भन्दै सोझा गाउँलेको ५० हजारदेखि पाँच लाखसम्म सेयर लगानी भएको छ। आयोजनाबाट ६५ घरपरिवार प्रभावित छन्।

सुरुमा ३२ करोडमा योजना बनिसक्ने भनिए पनि ४२ करोड खर्च भइसक्दासमेत आधा काम भएको छैन। रारा हाइड्रोपावर डेभलपमेन्ट कम्पनी सम्पर्कविहीन हुँदा आयोजनास्थलमा बनेका संरचना जीर्ण बन्दै गएका छन् भने बिजुली उत्पादनका लागि ल्याइएका सामग्रीसमेत चोरी भएको स्थानीय बताउँछन्।

हेटौंडा सडक विस्तार : ५३१ घरटहरा भत्किने

मकवानपुर/ हेटौंडा उपमहानगरपालिकाअन्तर्गत रातोमाटेदेखि हेटौंडाको मुख्य बजार क्षेत्र र बजारको पश्चिमतर्फ राप्ति पुलसम्म सडक विस्तार गर्ने भएको छ। सडक डिभिजन कार्यालय हेटौंडाले १० असारमा सूचना सार्वजनिक गर्दै १६ साउनबाट पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा १५ रातोमाटेदेखि हेटौंडा बजारको पश्चिमतर्फ राप्तिपुलसम्म दायाँ-बायाँ २५-२५ गजभित्र सडक अतिक्रमण गरी बनाइएका घरटहरा हटाउन आग्रह गरेको हो। राजमार्गको दायाँ-बायाँ २५ गज सडक विस्तार गर्ने क्रममा पाँच सयभन्दा बढी घरटहरा भत्किने भएका छन्। रातोमाटेदेखि राप्ती पुलसम्ममा सडकको दायाँतर्फ दुई सय ३४ र बायाँतर्फ दुई सय ९७ वटा घर भत्किने उपमहानगरपालिकाले जनाएको छ। सडक विस्तारका क्रममा हेटौंडा-१५ रातोमाटेदेखि हेटौंडा ८ र ९ को सिमाना हनुमान गेटसम्मको सडकखण्डअन्तर्गत दायाँतर्फ २४ र बायाँतर्फ ९१ गरी जम्मा एक सय १५ वटा घरटहरामा क्षति पुग्ने देखिएको छ।

त्यस्तै, हनुमान गेटदेखि कर्णपुलसम्मको खण्डमा एक सय २२ घरमा क्षति पुग्ने उपमहानगरपालिकाले जनाएको छ। हेटौंडा-८ र ९ मा पर्ने उक्त खण्डमा ८ नम्बर वडातर्फ जम्मा ४१ वटा घरटहरा रहेका छन् भने अधिकांश भागमा औद्योगिक क्षेत्रको जग्गा रहेको छ। यस्तै, हेटौंडा-९ तर्फ भने ७१ वटा घरहरू सडक विस्तारका क्रममा प्रभावित हुने देखिन्छ। यस क्षेत्रमा भने ०५८ मा तत्कालीन सुकुमबासी समस्या समाधान आयोगले लालपुर्जा वितरण गरी बाढीपीडितलाई व्यवस्थापन गरिएको छ।यसैगरी, कर्रा पुलदेखि उत्तरतर्फ हेटौंडा बजार क्षेत्रको कोर एरियामा हेटौंडा-४ र हेटौंडा-१० नम्बर वडामा पर्ने कर्रादेखि सुमार्गी कम्प्लेक्ससम्मको खण्डमा दायाँ-बायाँतर्फ गरी कुल एक सय १२ वटा घरटहरा छन्। यस क्षेत्रमा सडक विस्तार हुँदा हेटौंडा-४ को सुमार्गी कम्प्लेक्सतर्फ ७६ र हेटौंडा-१० फरेस्ट्री क्याम्पसतर्फ ३६ घर प्रभावित हुने देखिएको छ। यस सडकखण्डको हेटौंडा-१० तर्फ वन विज्ञान क्याम्पस र नेपाल ट्रस्टको नाममा रहेको कान्ति ईश्वरी दरबार क्षेत्र रहेको छ। यस्तै, हेटौंडा-४ तर्फ भने अधिकांश व्यावसायिक र आवासीय घरटहराहरू रहेका छन्।

यसैगरी, सुमार्गी कम्प्लेक्सदेखि उत्तरतर्फ बुद्धचोकसम्म ९७ वटा घरहरूमा क्षति पुग्ने उपमहानगरले जनाएको छ। हेटौंडाको मुख्य बजार रहेको यस क्षेत्रको हेटौंडा-४ तर्फ ४६ र १० तर्फ ५१ घरटहरामा क्षति पुग्ने भएको छ। यस्तै बुद्धचोकबाट पश्चिमतर्फ हेटौंडा-१ र १० नम्बर वडाको बुद्ध चोकदेखि चाइना क्वाटरको गेटसम्म हेटौंडा-१ तर्फ २८ र हेटौंडा-१० तर्फ ३५ वटा गरी ६३ वटा घरमा क्षति पुग्ने भएको छ।

सिटिजन्स बैंक र द मोक्ष मुस्ताङ थकाली रेस्टुरेन्टबीच समझदारी

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र काठमाडौंको ज्ञानेश्वरमा रहेको द मोक्ष मुस्ताङ थकाली रेस्टुरेन्ट एन्ड बार प्रालिबीच सिटिजन्स बैंकका कार्डवाहक ग्राहकलाई विशेष छुट दिने समझदारी भएको छ। बैंकका कार्डवाहकले रेस्टुरेन्ट एन्ड बारमा १० प्रतिशतसम्म छुट पाउने समझदारी भएको हो।

यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित गर्ने बैंकले विश्वास व्यक्त गरेको छ। बैंकले हाल देशभरिमा एक सय ८८ शाखा, एक सय ४७ एटिएम, तीन विस्तारित काउन्टर तथा ९७ वटा शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिँदै आएको जनाएको छ।



बुटवल पावरलाई गोल्ड अवार्ड

नयाँ पत्रिका

उत्कृष्ट वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने पावर एन्ड इनर्जी क्षेत्रतर्फ बुटवल हाइड्रोपावर कम्पनीले गोल्ड अवार्ड प्राप्त गरेको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान)ले आर्थिक वर्ष ०७८/७९ मा कम्पनीले प्रकाशित गरेको वार्षिक प्रतिवेदनका आधारमा वित्तीय पारदर्शिता, जवाफदेहिता र सुशासनका लागि उक्त अवार्ड प्रदान गरिएको हो।

काठमाडौंमा आयोजित एक कार्यक्रममा अर्थमन्त्री प्रकाशशरण महत र आइक्यानका अध्यक्ष भाष्कर सिंह लालाले संयुक्त रूपमा



कम्पनीका प्रमुख कार्यकारी अधिकृत उत्तरकुमार श्रेष्ठलाई उक्त अवार्ड प्रदान गरिएको हो। कम्पनीको परिष्कृत वार्षिक प्रतिवेदनले साउथ एसियन फेडेरेसन अफ एकाउन्टेन्ट्स (साफा)ले दक्षिण एसियालीस्तरमा आयोजना गर्ने उत्कृष्ट वार्षिक प्रतिवेदन अवार्डका लागिसमेत प्रतिस्पर्धा गर्नेछ।

कम्पनीले हाल ९.४ मेगावाट तथा १२ मेगावाट क्षमताका दुईवटा जलविद्युत् केन्द्रबाट विद्युत् उत्पादन गरी स्याङ्जा, पाल्पा, प्युठान तथा अर्घाखाँचीका करिब ६२ हजार ग्राहकलाई विद्युत् वितरण गरी आएको छ। हाल सञ्चालनमा रहेका ६० मेगावाटको खिम्ती प्रथम, ३० मेगावाटको न्यादी तथा चार मेगावाटको खुदी जलविद्युत् आयोजनामा पनि कम्पनीको लगानी रहेको छ भने पूर्वनिर्माणको चरणमा रहेका मर्स्याङ्दी बेसिनस्थित करिब ६ सय मेगावाटका तीनवटा जलविद्युत् आयोजनाहरूमा समेत लगानी रहेको छ।

रावा बैंक कर्मचारी संघको वार्षिकोत्सवमा विभिन्न कार्यक्रम

काठमाडौं/ राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालले स्थापनाको ३४औं वार्षिकोत्सवको अवसर पारेर विभिन्न कार्यक्रम गरेको छ। संघले रक्तदान, विभिन्न प्रकारका खेलकुद प्रतियोगिता तथा सांस्कृतिक साँझ आयोजना गरेको हो।

संघले आयोजना गरेको रक्तदान कार्यक्रममा ७१ जना बैंक कर्मचारीले रक्तदान गरेको जनाइएको छ। त्यस्तै, गण्डकी प्रादेशिक समितिलाई कार्यसम्पादन मूल्यांकनमा उष्कृष्ट भएबापत रनिङ शिल्ड प्रदान गरिएको संघले जनाएको छ। यसका साथै बैंकले म्युजिकल चेयर प्रतियोगिता तथा राबिया नेपाल रिलिफ फन्डको सहयोगार्थ शनिबार काठमाडौंमा राबिया सांस्कृतिक साँझ-२०८० समेत आयोजना गरेको जनाइएको छ। वार्षिकोत्सवको मूल कार्यक्रममा प्रमुख अतिथि रहेका नेकपा एमालेका महासचिव शंकर पोखरेलले उत्कृष्ट कार्यसम्पादनमा आफ्नो क्षमता प्रमाणित गरिसकेका संस्थानहरूका कर्मचारीको सेवा-सुविधा वृद्धिमा सरकारले सहयोगपूर्ण रूपमा हेर्ने नीति लिनुपर्ने बताए। कार्यक्रमका अध्यक्ष तथा राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेयले कर्मचारीहरूको तर्फबाट उचित ढङ्गले राखिएका सम्पूर्ण मागहरू व्यवस्थापनले सम्बोधन गर्नुपर्ने बताए।

कार्यक्रममा पेसागत महासंघ नेपालका अध्यक्ष पुण्यप्रसाद ढकालले आफ्नो हकहितका लागि सम्पूर्ण पेसाकर्मीहरू एक हुनुपर्ने बताए। कार्यक्रममा बैंक, बिमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ नेपालका राष्ट्रिय समितिका अध्यक्ष धर्मराज मैनाली, बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, कर्मचारी संघ नेपालका पूर्वअध्यक्ष शिवकुमार अधिकारीलगायतले शुभकामना दिएका थिए।

प्रभु क्यापिटलको टिकटक प्रतियोगिता

काठमाडौं/ मर्चेन्ट बैंकर प्रभु क्यापिटल लिमिटेडले आफ्ना सेवाग्राहीका लागि सेवासँगै लोयल्टी प्वाइन्ट्स अफर तथा रिफरल स्किम सार्वजनिक गरेको छ। यसका लागि बैंकले साउन महिनाभर सञ्चालन हुने गरी 'प्रभु क्यापिटल लोयल्टी एन्ड रिफरल टिकटक कम्पिटिसन' सञ्चालनमा ल्याएको हो।



यस टिकटक प्रतियोगिताअन्तर्गत सहभागीहरूले प्रभु क्यापिटल लिमिटेडको टिकटक एकाउन्टमा राखिएको जिंगलको ओरिजिनल साउन्डमा टिकटक बनाई पोस्ट गर्नुपर्ने जनाइएको छ। पोस्ट भएमध्ये सबैभन्दा बढी लाइक पाएका आधारमा विजेता छनोट गरिने क्यापिटलले जनाएको छ। सबैभन्दा धेरै लाइकका आधारमा विजेता छनोट गरिने र विजेताले १० हजार रुपैयाँ पुरस्कार पाउने उल्लेख छ। प्रभु क्यापिटलले नेपाली पुँजी बजारको क्षेत्रमा सदैव नयाँ-नयाँ प्रविधिको विकास गरी नवप्रवर्तनमा जोड दिने गरेको तथा ग्राहकलाई दिने सेवामा सहजीकरण गर्दै आएको दाबी गरेको छ।

महालक्ष्मी साहित्य पुरस्कारबाट गोविन्दराज भट्टराई सम्मानित



काठमाडौं/ महालक्ष्मी विकास बैंकको महालक्ष्मी साहित्य पुरस्कार-०७९ बाट साहित्यकार प्रा.डा. गोविन्दराज भट्टराई सम्मानित भएका छन्। बैंकको हेटौंडा शाखाले सिएसआर कार्यक्रमअन्तर्गत मातृभूमि साहित्य समाजसँग समन्वय गरेर वार्षिक रूपमा यस्तो सम्मान प्रदान गर्दै आइरहेको छ।

बैंकको बागमती प्रदेश 'ख'का प्रादेशिक प्रबन्धक शम्भुप्रसाद पराजुलीले ५१ हजार रुपैयाँ राशि र सम्मानपत्रसहितको उक्त पुरस्कार भट्टराईलाई हस्तान्तरण गरे। विभिन्न विधाहरूमा ६५ कृति प्रकाशन गरी नेपाली साहित्य क्षेत्रमा पुऱ्याएको योगदानको कदरस्वरूप बैंकले उनलाई उक्त पुरस्कारबाट सम्मान गरेको हो। बैंकले साहित्यिक पुरस्कार स्थापना गरेकोमा हर्ष व्यक्त गर्दै साहित्यकार भट्टराईले उपस्थित सम्पूर्णलाई जीवनमा कम्तीमा पनि एउटा कृति प्रकाशन गर्न अनुरोध गरे।

'सबल बैंक, सफल सहकार्य' नारालाई आत्मसात् गर्दै महालक्ष्मी विकास बैंकले विगत २९ वर्षदेखि सरल, सहज र गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ।

सांग्रिला डेभलपमेन्ट बैंकको सहयोग

काठमाडौं/ सांग्रिला डेभलपमेन्ट बैंकले महिला आदर्श सेवा केन्द्रलाई आर्थिक सहयोग गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत महिला आदर्श सेवा केन्द्रलाई सहयोग गरेको हो।

बैंकका प्रमुख सञ्चालन अधिकृत अपूर्वप्रसाद जोशीले सहयोग र कमको चेक हस्तान्तरण गरेको बैंकले जनाएको छ। सेवा केन्द्र नेपाली महिलामा चेतना जगाउने र आत्मनिर्भरताको विकास गर्ने उद्देश्यले ०४० सालमा स्थापना भएको संस्था रहेको जनाइएको छ। यसबीच सो संस्थाले महिलावर्गलाई विभिन्न सीपमूलक तालिम प्रदान गर्दै आइरहेको जनाएको छ। अहिले संस्थाले आफ्नै भवन निर्माण गरिरहेका क्रममा उक्त निर्माणमा सघाउन आर्थिक सहयोग गरेको बैंकले जनाएको छ। बैंकले हाल देशभरमा एक सय १२ शाखामार्फत सेवा दिइरहेको जनाएको छ।

नेपाल एसबिआई बैंकले पायो नेसनल बेस्ट प्रेजेन्टेड एन्युअल रिपोर्ट अवार्ड

काठमाडौं/ नेपाल एसबिआई बैंक लिमिटेडले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) बाट वार्षिक रूपमा प्रदान गरिने राष्ट्रिय उत्कृष्ट वार्षिक प्रतिवेदन अवार्ड २०२२ प्राप्त गरेको छ। बैंकले बैंकिङ क्षेत्रतर्फको ब्रोन्ज अवार्ड प्राप्त गरेको हो।

उक्त प्रतिष्ठित पुरस्कार बैंकिङ सेक्टरमा उत्कृष्ट वित्तीय विवरण प्रकाशन गरेबापत आइक्यानले बैंकलाई प्रदान गरेको जनाइएको छ। काठमाडौंमा आयोजित एक कार्यक्रममा अर्थमन्त्री डा. प्रकाशशरण महतले नेपाल एसबिआई बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वित्तीय अधिकृत मोहम्मद रिजवान आलमलाई हस्तान्तरण गरेको जनाइएको छ।

बैंकले हाल देशभरमा नौ सय ३२ शाखा, २२ एक्सटेन्सन काउन्टर, सात प्रादेशिक कार्यालय तथा एक कर्पोरेट अफिसका साथै एक सय २८ एटिएममार्फत सेवा दिँदै आएको जनाएको छ।

नबिल बैंक लिमिटेड दमक शाखा झापाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८०/०४/०८)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मितिः २०७९/१०/१३ को नयाँ पत्रिकामा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुलउपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **दमक शाखा, झापामा** आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण
पर्शुराम कार्कीको छोरी, नरेन्द्र बहादुर भट्टराईको बुहारी, प्रताप भट्टराईको श्रीमती, मोरङ जिल्ला, शनिश्चरे गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल झापा जिल्ला, दमक नगरपालिका, वडा नं. ४ बस्ने, ना.प्र.नं. ०५२०८८२ (जारी मितिः २०६२/०२/११, स्थान मोरङ) भएको **श्रीमती स्मिता कार्की।**
व्यक्तिगत जमानतकर्ताहरुको विवरण
१. लाल बहादुर भण्डारीकी छोरी, सर बहादुर भट्टराईकी बुहारी, नरेन्द्र बहादुर भट्टराईकी श्रीमती, झापा जिल्ला, दमक न.पा. वडा नं. ५ स्थायी घर भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. २३११११०३१ (जारी मितिः २०३६/०१/१९, स्थान झापा) भएको **श्रीमती दिल माया भट्टराई।**
२. गणेश कुमार चौहानकी छोरी, नरेन्द्र बहादुर भट्टराईकी बुहारी, दुर्गा बहादुर भट्टराईकी श्रीमती, मोरङ जिल्ला, शनिश्चरे गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल झापा जिल्ला, दमक नगरपालिका, वडा नं. ४ बस्ने, ना.प्र.नं. ०५२०५४/१८५१४ (जारी मितिः २०६८/१२/१२, स्थान मोरङ) भएको **श्रीमती शर्मिला चौहान।**
३. भरतध्वज भट्टराईको नाती, सर बहादुर भट्टराईको छोरा, झापा जिल्ला, दमक न.पा. वडा नं. ५ स्थायी घर भई हाल झापा जिल्ला, दमक नगरपालिका, वडा नं. ४ बस्ने, ना.प्र.नं. २३११११०३० (जारी मितिः २०३६/०१/१९, स्थान झापा) भएको **श्रीमती नरेन्द्र बहादुर भट्टराई।**
४. सर बहादुर भट्टराईको नाती, नरेन्द्र बहादुर भट्टराईको छोरा, मोरङ जिल्ला, शनिश्चरे गा.वि.स. वडा नं. ७ स्थायी घर भएका ना.प्र.नं. २९१०४ (जारी मितिः २०६३/०४/१६, स्थान मोरङ) भएको **श्री दुर्गा बहादुर भट्टराई।**
५. सर बहादुर भट्टराईको नाती, नरेन्द्र बहादुर भट्टराईको छोरा, मोरङ जिल्ला, शनिश्चरे गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल झापा जिल्ला, दमक नगरपालिका, वडा नं. ४ बस्ने, ना.प्र.नं. १४९६२/८०२ (जारी मितिः २०६०/०९/०९, स्थान मोरङ) भएको **श्री प्रताप भट्टराई।**
धितोको विवरण
१. मोरङ जिल्ला, शनिश्चरे गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल झापा जिल्ला, दमक नगरपालिका, वडा नं. ४ बस्ने **श्रीमती स्मिता कार्की**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. ५ सिट नं. ५क मा अवस्थित कि.नं. २८०७ क्षेत्रफल ०-०-१४-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. झापा जिल्ला, दमक न.पा. वडा नं. ५ स्थायी घर भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ४ बस्ने **श्रीमती दिल माया भट्टराई**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. १० सिट नं. १७९००१६०८ मा अवस्थित कि.नं. ४५ क्षेत्रफल २४१.८२ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **दमक शाखा, झापा**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मितिः २०८०/०४/२२ गते ५:०० बजे भित्र यस बैंकको **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **दमक शाखा, झापा**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मितिः २०८०/०४/२३ गते ३:०० बजे बैंकको **दमक शाखा, झापा**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदातालै बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **दमक शाखा, झापा**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

दर्ता नं.१४४५/०६४/०६५

सदभाव बचत तथा ऋण सहकारी संस्था लि.

कोटेश्वर-३२ काठमाडौं, फोन नं.०१-४६१२५२८, ०१-४६११४२६

धितो पुनः लिलाम बिक्री (बोल कबोल) हुनेबारेको ७ दिने सूचना

प्रकाशित मिति : २०८०/०४/०८

यस सहकारी संस्थाबाट अचल सम्पत्ति धितो राखी कर्जा लिएका तपसिलका ऋणी सदस्यहरुले ऋणको साँवा ब्याज तोकिएको समयभित्र नतिरी नबुझाई ऋण लिखतअनुसारको शर्त उल्लंघन गरेकोले सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गरी निज ऋणीले यस सहकारी संस्थालाई ऋणको सुरक्षण वापत लेखिदिएको धितोजग्गा जे-जस्तो अवस्थामा छ सोही अवस्थामा सार्वजनिक बोलकबोलमार्फत धितो जग्गा लिलाम बिक्री गर्न मिति २०८०/०२/३१ दिन पहिलोपटक नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको ३६औं दिन अर्थात् २०८०/०४/०३ को दिन तोकिएको समयभित्र रितपूर्वकका बोलकबोलका आवेदनहरु प्राप्त हुन नआएकोले यस संस्थाको सञ्चालक समितिको मिति २०८०/०४/०७ को निर्णयअनुसार पुनः दोस्रो यो ७ दिने बोलकबोल धितो लिलामी सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको ७औं दिन अर्थात मिति २०८०/०४/१४ गते आइतबार कार्यालय समयभित्र उक्त धितो जग्गा खरिद गर्न इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीहरुले तोकिएको समयभित्र रितपूर्वकको बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने वा संस्था आफैंले धितो जग्गा सकार गर्रिलिन सक्ने सर्वाधिकार यस संस्थाको सञ्चालक समितिमा सुरक्षित रहनेछ।

तपसिल

ऋणीको फोटो	ऋणीको नाम ठेगाना	धितोको विवरण
	नामः राजेन्द्र कुमार कार्की बुबा : कमल बहादुर कार्की बाजे : पहलमान कार्की ठेगाना : सिरुटार- ७ भक्तपुर साविक हाल : काठमाण्डौं जिल्ला का.म.न.पा. ३२ काठमाण्डौ	राजेन्द्र कुमार कार्कीको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला साविक सिरुटार गा.वि.स.वाड नं.७ कि.नं.५०६ को क्षेत्रफल १-६-०-० घडेरी जग्गा र सोम बनेको घर र लिग लगापात समेत
	नाम : निर्मल कार्की बुबा : राजेन्द्र कुमार कार्की बाजे : कमल बहादुर कार्की ठेगाना : सिरुटार- ७ भक्तपुर साविक हाल : काठमाण्डौं जिल्ला का.म.न.पा. ३२ काठमाण्डौ	राजेन्द्र कुमार कार्कीको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला साविक सिरुटार गा.वि.स.वाड नं.७ कि.नं.५०६ को क्षेत्रफल १-६-०-० घडेरी जग्गा र सोम बनेको घर र लिग लगापात समेत
	नाम : अप्सरा कार्की बुबा : जित बहादुर थापा ससुरा : कमल बहादुर कार्की पती : राजेन्द्र कुमार काकी ठेगाना : सिरुटार- ७ भक्तपुर साविक हाल : काठमाण्डौं जिल्ला का.म.न.पा. ३२ काठमाण्डौ	राजेन्द्र कुमार कार्कीको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला साविक सिरुटार गा.वि.स.वाड नं.७ कि.नं.५०६ को क्षेत्रफल १-६-०-० घडेरी जग्गा र सोमबनेको घर र लिग लगापात समेत

लिलामका शर्तहरु

१ सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र बोलपत्र पेश गर्न सकिने छ। बोलपत्र फारम संस्थाको कार्यालय कोटेश्वरबाट रु ५००।- मा खरिद गर्न सकिनेछ।
२ बोलपत्र फारममा आफूले लिन चाहेको अचल सम्पत्ति र कबोल गर्ने रकम स्पष्टसँग उल्लेख गर्नुपर्ने छ।
३ बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशत रकम ज्योति विकास बैंक कोटेश्वरमा सद्भाव बचत तथा ऋण सहकारी संस्था लि.को खाता नं.००४००१००३७१९१७०००००१ मा जम्मा गरी सक्कल भौचर वा यस संस्थाको कार्यालयमा नगदै जम्मा गर्नु पर्नेछ।
४ लिलाम हुने अचल सम्पत्तिको बारेमा बुझ्नुपर्ने भएमा संस्थाको कार्यालयमा आई कार्यालय समयभित्र बुझ्न सकिने छ।
५ रितपुर्वक नआएको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुने छ।
६ बोलपत्र दाखिला भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन।
७ बोलपत्र स्वीकृत हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता गरिने छ। धरौटी रकममा ब्याज दाबी गर्न पाइने छैन।
८ सूचना प्रकाशित भएको ८औं दिन अर्थात मिति २०८०/४/१५ गते सोमबार बोलपत्र पेश गर्नेको वा प्रतिनिधिको रोहबरमा संस्थाको कार्यालयमा बोलपत्र खोलिने छ। उक्त दिन बिदा परे भोलिपल्ट वा कार्यालय खुलेको दिन खोलिने छ।
९ बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ दिनभित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाममा नामसारी गरिसक्नु पर्ने छ। सो म्यादभित्र सम्पूर्ण रकम नबुझाएका धरौटी रकम स्वतः जफत हुने छ। नामसारी गर्दा लाग्ने दस्तुर, पूँजीगत लाभकर, पानी, बत्ती बिजुली, मालपोत कर दस्तुर बोलपत्र सदर भएको बोलपत्रवालाले बहन गर्नुपर्ने छ।

धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धि ३५ दिने सूचना

प्रकाशित मिति : २०८०/०४/०८

यस रिभर्सिटि सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडका विभिन्न समयमा व्यवसायीक कर्जा उपभोग गरेका तपसिल बमोजिमका ऋणीहरुलाई कर्जा चुक्ता गर्ने बारेमा यस संस्थाबाट बारम्बार मौखिक एवं लिखित रुपमा अनुरोध तथा ताकेता गर्दा समेत कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ तदारुकता नदेखाएको, संस्थाले कर्जा चुक्ता गर्न समय समयमा फोन सम्पर्क पत्राचार गर्दा पत्र बुझेर पनि कर्जा बुझाउने तर्फ बेवास्ता गरि बसेको, संस्थामा समेत सहभागी भई ऋणी तथा ऋणीको घर परिवारसंग छलफल गर्दा कर्जा चुक्ता गर्छु भनी संस्थालाई लेखिदिएको निवेदन, प्रतिबद्धताहरु पुरा नभएको र ऋणीको कर्जा चुक्ता गर्ने मनसाय समेत नदेखिएको हुनाले मिति २०७५/०३/२७ गते ३५ दिने ऋण चुक्ता गर्ने सार्वजनिक सूचना, पुःन मिति २०७५/०५/०७ गते ऋण चुक्ता गर्ने आउने १५ दिने सार्वजनिक सूचना, पुःन मिति २०७९/०५/१७ र पुःन मिति २०७९/१२/२८ गते ऋण चुक्ता गर्ने आउने १५ दिने सार्वजनिक सूचना प्रकाशित गरि ऋण चुक्ता गर्न अनुरोध गर्दा समेत ऋणीले ऋण चुक्ता गर्ने तर्फ कुनै पनि आधिकारीक जिम्मेवारी न निभाएको कारण ऋणीहरुलाई यो अविलम्ब कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र यस सहकारीलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य रकम एकमुष्ठ बुझाउन सूचित गरिन्छ। उपरोक्त अनुसारको म्याद भित्र बक्यौता रहेको सम्पुर्ण लेना रकम चुक्ता भुक्तानी नगरेमा यस सूचना प्रकाशित भएको मितिले ३६ औं दिनमा ऋणीले यस सहकारीलाई लेखिदिएको तपशिल बमोजिमको धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी संस्था

जहिल्यै...

पृष्ठ १ बाट क्रमशः

सोही प्रकृतिको पार्टस् कम्पनीले यस अवधिमा २२ पटक ल्याएको अनुसन्धानबाट खुलिसकेको छ । यो घटनामा राजस्व अनुसन्धान विभागले आइतबारसम्म १६ जना पक्राउ गरेको छ । उनीहरूमध्ये विमानस्थलस्थित भन्सार कार्यालयका अधिकृत सन्तोष चन्दबाहेक सबै ड्राइभर र भरिया मात्रै छन् । एक क्विन्टल सुन तस्करीका मुख्य नाइके अझै पक्राउ परेका छैनन् । यद्यपि, विभागको अनुसन्धान जारी नै छ ।

गत पुसमा विमानस्थलबाटै सुन तस्करीको अर्को घटना भयो । १० पुसमा फ्लाई दुबईको जहाज हुँदै ठूलो परिमाणमा अन्तर्राष्ट्रिय विमानस्थलमा ल्याइएको ई-सिगरेट (विद्युतीय चुरोट) बरामद भयो । सिगरेटलाई केही महिना भन्सार कार्यालयमै राखियो । सिगरेट छुटाउन भन्सार कार्यालयमा अनेक दबाब दिइयो । जब सिगरेट नागकीय ढंगले चोरी भयो, त्यसपछि खुल्यो- सिगरेटभित्र साढे नौ किलो सुन लुकाइएको थियो ।

प्रहरीले घटनामा संलग्न त्रिभुवन विमानस्थल भन्सार कार्यालयका नायब सुब्बा २७ वर्षीय रेवन्त खड्कासहित ६ जनालाई पक्राउ गऱ्यो । तर, सुनको वास्तविक मालिक पत्ता लागेन । प्रहरी अनुसन्धान मालिक पहिल्याउने तहसम्म पुग्नै सकेन ।

८ पुसमा पनि अन्तराष्ट्रिय विमानस्थलमै १९ किलो सुन बरामद भयो । फ्लाई दुबईको जहाजबाटै विमानस्थल झरेका सुडानी नागरिक मोहम्मद महमेदले डफला साराफेन्दिनले उक्त सुन कपडामा 'स्प्रे' गरेर ल्याएका थिए । तर, प्रहरीको अनुसन्धान डफलाभन्दा अघि बढ्न सकेन । न उक्त सुनको वास्तविक मालिक पत्ता लाग्यो, न घटनामा संलग्न थप अभियुक्त नै पक्राउ परे । घटनामा जो पक्राउ परे, उनी भरिया मात्रै थिए ।

गत ८ कात्तिकमा पनि 'स्प्रे' गरिएको ४२ ९.८२० ग्राम सुनसहित भारतीय नागरिक ३९ वर्षीय मोहम्मद कसिम पक्राउ परे । उनी नेपाल एयरलाइन्सको जहाज हुँदै दुबईबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल उत्रिएका थिए । उनले कार्टुन बक्सको भित्री तहमा 'स्प्रे' गरेर सुन ल्याएका थिए । उनलाई प्रहरीले विमानस्थलबाट बाहिरिँदै गर्दा पक्राउ गरेको थियो । शंकास्पद उनलाई 'एक्सरे मेसिन'मा राखेर चेकजाँच गर्दा मलद्वारमा समेत सुनका दुई 'क्याप्सुल' भेटियो । क्याप्सुल गाल्दा २५०.८५० ग्राम सुन फेला परेको थियो । जसलाई उनी भारत लैजाने तयारीमा थिए । पक्राउ परेका उनी पनि भरिया मात्रै थिए ।

कुवेतबाट जजिरा एयरको जहाज हुँदै काठमाडौं आएका भारतीय नागरिक ४१ वर्षीय फैजन अनवेर गत १७ फागुनको बिहान २:२० बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रिए । लगेजसहित आएका उनी विमानस्थलको आगमन कक्षबाट सरासर बाहिरिए । शंका लागेपछि प्रहरीले उनलाई नियन्त्रणमा लियो । कुनै गल्ती नगरेको भन्दै उनी प्रहरीसँग टकटकिए । उनको शरीरबाट कपडा पालैपालो उतारियो । उनले लगाएका पाइन्ट र गन्जीको तौल अस्वाभाविक देखियो । प्रहरीले पाइन्टको भित्री भाग उल्टायो, तर केही भेटिएन । त्यसवेलासम्म फैजन गलेका थिएनन् । जब प्रहरीले पाइन्टको सिलाइ उधार्न थाल्यो, बल्ल उनी गल्न थाले । किनकि पाइन्टभित्र सुनले 'स्प्रे' गरिएको यस्तो पत्र थियो, जुन उनले कुवेतदेखि लगाएर आएका थिए । प्रहरीले उनको गन्जीको सिलाइ पनि उधाऱ्यो । त्यसभित्र पनि सुनले 'स्प्रे' गरिएको अर्को पत्र भेटियो । प्रहरीका अनुसार उनको पाइन्ट र गन्जीभित्र मात्रै 'स्प्रे' गरिएको एक किलो दुई सय ग्राम सुन फेला परेको थियो । पक्राउ परेका उनी पनि केवल भरिया मात्रै थिए ।

अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने सुन तस्करी र त्यसमा संलग्न भरिया मात्रै पक्राउ पर्ने माथिका पाँच प्रतिनिधि घटना मात्रै हुन् । नौ वर्षयता विमानस्थलबाट हुने सुन तस्करीका घटनामा संलग्न चार सय ८१ अभियुक्त पक्राउ परेका छन् । पक्राउ पर्ने लगभग सबै अभियुक्त भरिया हुन् ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी कुवेर कडायत लागुऔषध तस्करीकै शैलीमा संगठित तवरले सुनको तस्करी गरिएको हुँदा भरिया मात्रै पक्राउ परेको बताउँछन् । 'सुन तस्करीका घटनामा प्रहरीको अप्रेसन हुँदा निश्चित रूपमा भरिया मात्रै पक्राउ पर्छन् । अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परेका अभियुक्तको स्थिति हेर्दा त्यस्तै देखिन्छ । यसको पछाडि खास कारण छन् । जस्तो- लागुऔषध तस्करले तस्करीका लागि खास विधि अपनाउँछन् । जसकारण घटनामा संलग्न खास अभियुक्तसम्म अनुसन्धान पुग्नै सक्दैन । सुन तस्करीमा पनि सोही विधि प्रयोग भएको देखिन्छ । त्यसो हुँदा प्रहरीले चाहेर पनि तस्करका मुख्य अभियुक्तसम्म पुग्न सकिने अवस्था छैन,' उनले भने ।

चूडामणि उप्रेती 'गोरे' जोडिएको ३३ किलो सुन प्रकरणको अनुसन्धानमा संलग्न नेपाल प्रहरीका पूर्वएआइजी वसन्त लामाले भने सुन तस्करीलाई राज्यले प्राथमिकतामा नराखेकाले मुख्य नाइके पक्राउ नपरेको बताए । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षाको पूर्वप्रमुखसमेत रहेका नेपाल प्रहरीका पूर्वएआइजी विज्ञानराज शर्मा विमानस्थलका कर्मचारीको मिलेमतोविना तस्करी हुन नसक्ने ठोकुवा गर्छन् ।

ठूला ऋणीलाई...

पृष्ठ १ बाट क्रमशः

निर्देशक नरबहादुर थापाले धेरैपछि राष्ट्र बैंकले कसिलो नीति लिएको बताए । राष्ट्र बैंकले सरकार र निजी क्षेत्रको अपेक्षालाई तोडेर मौद्रिक नीति सार्वजनिक गरेको उनको भनाइ छ । 'अरू जे भने पनि मौद्रिक नीतिको अडान कडा देखिन्छ । बैंकहरूबाट निजी क्षेत्रमा जाने कर्जा घट्ने नै देखियो । मौद्रिक नीतिले सरकार र निजी क्षेत्रको अपेक्षालाई ब्रेक गरेको छ,' थापाले भने ।

कोभिडकालमा लिएको लचिलो नीतिबाट राष्ट्र बैंकले बल्ल पाठ सिकेको देखिएको थापाको बुझाइ छ । उनले भने, 'राष्ट्र बैंकले कोभिडकालमा गरेको गल्ती सच्याउँदै जाँदा अर्थतन्त्रमा सुधार देखिन थालेको छ । यो वर्षको मौद्रिक नीति हेर्दा राष्ट्र बैंक सच्चिएको महसुस हुन्छ ।'

लचिलो नीति लिने अपेक्षा गरे पनि संकुचित नीति आएकोमा उद्योगी-व्यवसायीले मौद्रिक नीतिप्रति असन्तुष्टि जनाएका छन् । मौद्रिक नीतिले कर्जा संकुचनकै नीति लिएको नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले बताए । उनले भने, 'अर्थतन्त्र चलायमान बनाउने केही पनि नीति आएन । निजी क्षेत्रले दिएका सुझाव पनि समेटिएनन् । उल्टै कर्जा संकुचनको नीति लिएको छ । ब्याजदर घटाउने नीति पनि देखिएन ।'

केन्द्रीय बैंकले नीतिगत सुधारतर्फ मौद्रिक नीतिमार्फत तीनवटा योजना अघि सारेको छ । ठूला ऋणीको सुपरिवेक्षण गर्न छुट्टै मार्गदर्शन, म्याक्रो स्ट्रेस टेस्टिङ फ्रेमवर्क र स्ट्रेस्ड लोन रिजोलुसन फ्रेमवर्क । यीमध्ये कर्जाको दुरुपयोग रोक्न सक्ने प्रमुख मार्गदर्शनहरू ठूला ऋणीको सुपरिवेक्षणसम्बन्धी मार्गदर्शन र स्ट्रेस्ड लोन रिजोलुसन फ्रेमवर्क हुन् ।

विगतमा बैंकहरूमा मात्रै केन्द्रित राष्ट्र बैंकको अनुगमन तथा सुपरिवेक्षण अब ठूला ऋणीतर्फ सोझिने भएको छ । यसले वित्तीय पहुँचको दुरुपयोग रोक्ने राष्ट्र बैंकको विश्वास छ । त्यस्तै, एकल ग्राहक कर्जा सुविधासम्बन्धी व्यवस्थामा परिमार्जन गरी कर्जा अधिकेन्द्रीकरण घटाउने नीतिमा उल्लेख छ । विगतमा एउटै व्यवसायीलाई आवश्यकताभन्दा बढी कर्जा दिएकै कारणले त्यस्ता व्यवसायी डुब्दा बैंक नै टाट पल्टिने जोखिम बढेको छ । मार्गदर्शनले यस्तो जोखिमलाई न्यूनीकरण गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले ठूला ऋणीलाई ऋण लिएकै कारण छानबिन गर्ने उद्देश्य भने नरहेको बताए । उनले बैंकहरूका ऋणीलाई मात्र सुपरिवेक्षण गर्न 'बैंक बरोअर फ्रेमवर्क' ल्याउन खोजिएको बताए । उनले भने, 'ठूला ऋणीको छानबिन होइन, अनुगमन हुने हो । ऋण उपयोग गर्नु आफैंमा दोषी हुनु होइन । किनभने ऋणीले नै रोजगारी सिर्जना गरी उत्पादन बढाइरहेका छन् । तर, दुरुपयोग भएको छ भने हेर्नुपर्छ ।'

क्षमताभन्दा बढी कर्जा लिएर घरजग्गामा लगाउने तथा पुँजी पलायन गर्ने वर्गमाथि नै राष्ट्र बैंकले सुपरिवेक्षण गर्ने हो भने कर्जाको दुरुपयोग रोकिन सक्ने राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक थापाले बताए ।

त्यस्तै, समष्टिगत आर्थिक उतारचढावका कारण वित्तीय क्षेत्रमा आउन सक्ने दबाब आकलन गर्न छुट्टै फ्रेमवर्क तर्जुमा गर्ने तयारीमा राष्ट्र बैंक छ ।

मौद्रिक नीतिमा भनिएको छ, 'बैंकिङ क्षेत्रको सम्पत्तिको गुणस्तर मूल्यांकन गर्ने, कर्जा जोखिम न्यूनीकरण गर्ने, सुपरिवेक्षकीय क्षमता अभिवृद्धि गर्न सुपरिवेक्षकीय सूचना प्रणालीको विकास र प्रयोग गर्ने, समष्टिगत आर्थिक उतारचढावका कारण वित्तीय क्षेत्रमा आउन सक्ने दबाब आकलन गर्न म्याक्रो स्ट्रेस टेस्टिङ फ्रेमवर्क तयार गरी लागू गर्ने कार्य जारी राखिएको छ ।' राष्ट्र बैंकले ल्याएका सुधारका योजना सबै अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले दिएका सुझावमा आधारित भएको देखिन्छ ।

त्यस्तै, अब पुनर्कर्जा र पुनर्तालिकीकरणजस्ता नियामकीय सुविधामा समेत कडाइ गरिने भएको छ । यसका लागि छुट्टै स्ट्रेस्ड लोन रिजोलुसन फ्रेमवर्क जारी गरिने भएको छ । वास्तवमै समस्यामा परेको र प्राकृतिक विपत्मा परेर कुनै व्यवसाय धराशायी हुने र कालोसूचीमा समेत पर्ने जोखिम देखिएमा वस्तुस्थिति हेरेर पुनर्स्थापना गर्न चाहिने नियामकीय सुविधा दिन छुट्टै फ्रेमवर्क ल्याउन खोजिएको गभर्नर अधिकारीले बताए । उनले भने, 'विगतमा जसरी पटकपटक सुविधा दिइरहनुभन्दा एकैपटक मार्गदर्शन ल्याएर त्यस्तो सुविधाको व्यवस्था गर्न खोजिएको हो ।'

राष्ट्र बैंकले ७.५ प्रतिशतको बैंकदरलाई यथावत् राखेर नीतिगत दर (ओभरनाइट रिपो)को दरलाई घटाएको छ । हाल ७ प्रतिशत कायम राखिएको नीतिगत दरलाई ०.५ प्रतिशत विन्दुका दरले घटाइएको छ । बैंकहरूलाई आवश्यक परेको खण्डमा राष्ट्र बैंकसँग एक रातका लागि लिएर तिरिहाल्ने प्रकृतिको ऋणमा ब्याजदर ६.५ प्रतिशतमा झारिएको छ । थापाले भने, 'बैंकदर नघटाउनुको आशय नै ब्याजदर घटाउन प्रोत्साहन नगर्नु हो ।' खासगरी सरकारले मुद्रास्फीति ६.५ प्रतिशतमा सीमित राख्ने लक्ष्य लिएको छ । यस्तोमा ब्याजदरलाई सान्दर्भिक बनाउन पनि नीतिगत दर ६.५ प्रतिशतमा सीमित राखिएको छ । निक्षेप संकलन बोलकबोल दरलाई ५.५ प्रतिशतबाट घटाएर ४.५ प्रतिशत कायम गरिएको छ ।

सेयर धितो कर्जा, रियल स्टेट र हायर पर्चेज कर्जामा जोखिम भारसम्बन्धी व्यवस्थामा थोरै लचकता देखाएको छ । सानो मात्रामा जाने कर्जाको हकमा मात्रै केन्द्रीय बैंक लचिलो बनेको हो ।

यी क्षेत्रका कर्जामा १५० प्रतिशतसम्म जोखिम भार राख्नुपर्ने व्यवस्था गरेको थियो । सेयर धितोमा २५ लाख रुपैयाँभन्दा कम कर्जा लिनेको हकमा शतप्रतिशत जोखिम भार राख्ने व्यवस्था थियो । तर, यो सीमालाई बढाएर ५० लाख पुऱ्याउने तयारी गरिएको गभर्नर अधिकारीले स्पष्ट पारे ।

त्यस्तै, अटो कर्जामा समेत २५ लाख रुपैयाँभन्दा कम कर्जा लिनेको हकमा शतप्रतिशत जोखिम भारको व्यवस्था गरिएको छ । यसले साना अटो व्यवसायी प्रोत्साहित हुने अधिकारीको भनाइ छ । केन्द्रीय बैंकले आवासीय घर कर्जालाई प्रोत्साहन गर्दै डेभलपर्स वा रियल स्टेट व्यवसायीले लिने कर्जाको जोखिम भारलाई १५० प्रतिशतबाट झारेर सय प्रतिशत पुऱ्याइने उनले बताए ।

साना तथा मझौला उद्यमका क्षेत्रमा जाने (एसएमइजी) कर्जा प्रवाह विस्तारमा मौद्रिक नीति अन्योल नै देखिएको अर्थशास्त्रीहरूको टिप्पणी छ । खासगरी वित्तीय पहुँच नपुगेर मिटरब्याजी र साहुकारको शरण पुगेका पीडितहरूको सन्दर्भमा मौद्रिक नीति चुकेको नरबहादुर थापाको भनाइ छ । उनले भने, 'विगतमा बैंक तथा वित्तीय संस्थासम्म पहुँच नभएकै कारणले सर्वसाधारण मिटरब्याजीको फन्दामा परेका छन् । उनीहरूलाई सम्बोधन हुने गरी मौद्रिक नीतिले व्यवस्था गर्न सक्थ्यो, तर मौद्रिक नीति मौन बस्यो ।' लघुवित्तको सुधारका विषयमा अध्ययन प्रतिवेदन कार्यान्वयन गर्ने भनिए पनि ठोस कार्ययोजना आएको छैन । त्यस्तै, बैंक तथा वित्तीय संस्थाहरूमा भएको बलजफ्ती एवं ज्यादतीको विषयमा समेत राष्ट्र बैंक मौन बसेको विश्लेषकहरूको टिप्पणी छ ।

तीन वर्षभन्दा...

पृष्ठ १ बाट क्रमशः

संघीय निजामती सेवाको पदको दरबन्दी भएको संघीय निकायमा सरुवा र प्रदेश तथा स्थानीय तहमा कामकाज खटाउने जिम्मेवारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई छ । केन्द्रीय निकाय र त्यसअन्तर्गत पदस्थापन गर्ने र काजमा खटाउने अधिकार सम्बन्धित सेवा समूह सञ्चालन गर्ने केन्द्रीय निकायलाई छ । निजामती कर्मचारीको शैक्षिक योग्यता, तालिम र अनुभवका आधारमा विभिन्न भौगोलिक क्षेत्रको अनुभवसमेत दिलाउन निश्चित अवधि र जिम्मेवारी तोकी स्वीकृत दरबन्दीमा पदस्थापन/सरुवा/काज/कामकाज गर्नुपर्ने कानुनी व्यवस्था पनि छ । तर, यसको कार्यान्वयनमा अनेकौं समस्या देखिएको पक्षलाई कार्यदलले प्रतिवेदनमा समेटेको छ ।

यस्ता छन् कार्यदलले औंल्याएका समस्या

योग्यता, तालिम र अनुभवका आधारमा सरुवा गर्न नसकिएको, आवधिक रूपमा कर्मचारीलाई सरुवा गर्न नसकिएको, सरुवालाई पूर्वानुमानयोग्य बनाउन नसकिएको, कर्मचारीको जिम्मेवारीमा न्याय गर्न नसकिएको, भौगोलिक क्षेत्रगत रूपमा न्यायोचित सरुवा गर्न नसकिएको, काज सरुवालाई वैज्ञानिक बनाउन नसकिएको लगायत समस्या कार्यदलले औंल्याएको छ । त्यस्तै, प्राप्त अवसरलाई समानुपातिक वितरण गर्न नसकिएको, कर्मचारी समायोजनले सिर्जना गरेका समस्या सम्बोधन गर्न नसकिएको, संघीय निजामती सेवाको पदमा समायोजन भएका कर्मचारीलाई प्रदेश तथा स्थानीय तहको सहमति एवं मागका आधारमा अवधि नतोकी कामकाजमा खटाउँदा काज फिर्ता हुने अवधिसमेत टुंगो नभई संघको दरबन्दी र पदपूर्तिको अवस्था यकिन गर्न कठिनाइ भएकोजस्ता समस्या पनि कार्यदलले उठाएको छ ।

त्यस्तै, काठमाडौं तथा सुगम क्षेत्रमा मात्र आकर्षित कर्मचारीलाई दुर्गममा जान प्रेरित गर्न नसकिएको, भनसुनका आधारमा मात्र सरुवा हुन्छ भन्ने सोचले कर्मचारी कार्यालयको काम छोडेर महिनौंसम्म सरुवाको दौडधुपमा लाग्ने प्रवृत्ति बढिरहेको, मन्त्रालयमा सरुवाका समस्या लिएर आउने कर्मचारीको सधैं भिड लाग्दा दैनिक सार्वजनिक प्रवाहमा कर्मचारी अनुपस्थिति देखिएको लगायत समस्या कार्यदलले प्रतिवेदनमा उल्लेख गरेको छ ।

आफूअनुकूल प्रमुख प्रशासकीय अधिकृत लैजान स्थानीय तहका प्रमुखहरू मन्त्रालयमा धाइरहने प्रवृत्ति, सरुवामा प्रशासनिक विवेक, विधि र पद्धतिभन्दा अन्य तत्त्वले प्रभाव पर्ने गरेको, तीनै तहमा अवधि नपुग्दै सरुवा हुने, सरुवा भएको कार्यालयमा हाजिर नभई पुनः सरुवा हुन खोज्ने, सरुवा भएर पनि रमाना नलिने, सरुवा भएपछि कार्यालयमा हाजिर नै नभई कानुनविपरीत साबिककै कार्यालयबाट पुनः सरुवा माग्ने वा सरुवा रद्द वा सरुवा संशोधनमा लाग्नेलगायत समस्या पनि कार्यदलले औंल्याएको छ ।

संघीय निजामती सेवा ऐन र ततृतत् तहको सम्बन्धित कानुन जारी हुन नसक्दा समायोजन भई तीनै तहका पदमा कार्यरत कर्मचारी पदस्थापन तथा सरुवाका विषयमा अन्योल भएको प्रतिवेदनमा उल्लेख छ । तत्कालीन परिवेशमा व्यवस्थापन गर्न समायोजन भइसकेका कर्मचारीको सोही समायोजन ऐनबमोजिम नै पुनः व्यवस्थापन गर्दा दुर्गम क्षेत्रमा न्यूनता एवं सुगम क्षेत्रमा चाप परेकोबारे पनि प्रतिवेदनले बोलेको छ । प्रदेश प्रमुख सचिव, प्रदेश सचिव र स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत संघबाट खटनपटन गर्ने व्यवस्थाले मन्त्रालयलाई सरुवा व्यवस्थापन गर्न हम्मे परेको पनि कार्यदलको ठहर छ । 'प्रशासनिक संघीयताको सेवा प्रवाह तथा विकास कार्य सुनिश्चित हुने गरी ततृतत् तहको निश्चित विधि, पद्धति, अवधि, जिम्मेवारी समेतलाई विचार गरी न्यायोचित ढंगले सरुवाको अभ्यास थालनी नभएसम्म सरुवा पद्धति दिनप्रतिदिन जटिल बन्दै जानेछ,' प्रतिवेदनमा उल्लेख छ ।

सरुवा प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाई कानुनबमोजिम सरुवा क्यालेन्डर, सरुवा तथा पदस्थापन भएको कार्यालयमा तोकिएको न्यूनतम अवधि कार्य गर्नुपर्ने व्यवस्था र कर्मचारीको यथार्थ तथा अद्यावधिक अभिलेख व्यवस्थापन गर्न मन्त्रालयले विगतमा सामान्य प्रयास गरे पनि छिटोछिटो हुने नेतृत्व परिवर्तन, सरुवालाई आफूअनुकूल बनाउने संस्कार र व्यावहारिकताका बहानामा सुधार सार्थक हुन नसकेको कार्यदलको निष्कर्ष छ ।

सरुवा प्रणाली व्यवस्थित हुन नसक्दा सार्वजनिक सेवा प्रवाहमा प्रत्यक्ष असर परेको कार्यदलको ठहर छ । 'सार्वजनिक प्रशासन सुधारका लागि नीतिगत रूपमा खटिनुपर्ने जिम्मेवार निकायको अनावश्यक कार्यबोझ, राजनीतिक हस्तक्षेप तथा जिम्मेवारीविहीनताको अवस्थाले हाम्रो प्रशासनिक पद्धतिमाथि नै प्रश्नचिह्न भएको छ,' प्रतिवेदनमा भनिएको छ, 'त्यसैले समस्याको शीघ्र सम्बोधन गरी सरुवा प्रणालीलाई व्यवस्थित बनाउनका लागि सुधारका प्रयास अविलम्ब सुरु गर्नुपर्दछ ।'

चिनियाँ नेता...

पृष्ठ १ बाट क्रमशः

एवं माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग भर्चुअल संवाद गरेका छन् । उनले आफू चार वर्षअघि चिनियाँ राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणमा भएका सहमति कार्यान्वयन गर्ने प्रमुख उद्देश्य लिएर बताएका छन् । राष्ट्रपति पौडेलसँग आइतबार राष्ट्रपति भवन शीतलनिवासमा उनले शिष्टाचार भेटवार्ता गरेका थिए । भेटमा दुईपक्षीय हित तथा पारस्परिक सम्बन्ध मजबुत बनाउने विषयमा छलफल भएको राष्ट्रपतिका परराष्ट्र मामिला सल्लाहकार डा. सुरेश चालिसेले बताए । राष्ट्रपति पौडेलले ऐतिहासिक कालदेखि नै नेपाल र चीन असल छिमेकी रहेको र यस प्रकारका उच्च तहको भ्रमणले दुई देशबीचको सम्बन्ध अझ सुदृढ बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गरेका थिए । कार्यवाहक प्रधानमन्त्री खड्काले नेपाल र चीनबीच सदियौंदेखि रहिआएको सौहार्दपूर्ण एवं घनिष्ठ सम्बन्ध नेपाल सरकार र नेपाली जनताले महसुस गरेको स्मरण गरे ।

ग्रेड शिट हराएको सम्बन्धमा

बेसीशहर -०८ स्थायी बसोबास गर्ने म अमिष तामाङको एस.ई.ई २०७३ सालको ग्रेडसिट मनाङ्ग चामेबाट आउने क्रममा बाटोमा हराएकोले पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा मोबाइल नं. ९८२८१४०१२८ मा सम्पर्क गरिदिनु भै सहयोग गरिदिनु अनुरोध गर्दछु ।

हकदावीको सूचना

चितवन जिल्ला, भण्डारा नगर/गाउँ/ पञ्चायत वडा न. ०४ स्थायी बसोबास भई हाल चितवन जिल्ला रत्ननगर नगरपालिका वडा न. ३ बस्ने श्रीकृष्ण खरेलको नाति, श्रीविलास खरेलको छोरा , हरी प्रसाद खरेलको मिती २०७९/१२/२० (इ.स.२१/०३/२०२३) गतेका दिन भरतपुर सामुदायिक अस्पतालमा मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको खाता न. ०३७०५०५०२९६९०८ मा भएको रकम उपलब्ध गराई पाउँ भनि निजका पत्नी देव कुमारी खरेलले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सबुत प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सुचना प्रकाशित गरिएको छ र अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सुचना४ारा सुचित गरिन्छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

शाखा कार्यालय,
पर्सा, चितवन
फोन नं.:-०५६- ५८३६२३
५८३६२४
फ्याक्स :- ०५६- ५८३६२५

झरना बचत तथा ऋण सहकारी संस्था लि.

सातदोबाटो, ललितपुर, फोन: ०१-५५३८९४७

गैह्र बैंकिङ्ग/सहकारी सम्पत्ति लिलाम बिक्रि सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मितिः २०८०/०४/०८)

यस सहकारीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय चावहिल काठमाडौंमा एकलौटी दर्ता प्रमाणित भएको काठमाडौं जिल्ला मूलपानी वडा नं. २ (ग) कित्ता नं. ३२६ को क्षेत्रफल ०-३-०-० जग्गा ऋणी पुष्पलाल बराल समेतको लिलामी दा.खा. बाट संस्थाको नाममा कायम हुन आएको जग्गा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा बढाबढ मूल्यमा बिक्री गरिने हुनाले उक्त जग्गा खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ/संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्रमा कार्यालय बन्द हुने समयभन्दा १ घण्टा अगाडिसम्म सहकारीको कार्यालयमा आईपुग्ने गरी के-कति दररेटमा उक्त जग्गा लिन कबुल गरेको हो, सो कुरा खुलाई शर्त बन्देजहरुको अधिनमा रही सो सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन इच्छुक सबैलाई आव्हान गरिन्छ । उक्त अवधिभित्र पर्न आएका बोलपत्रहरु स्थानीय निकायका प्रतिनिधि, नेपाल सरकारका प्रतिनिधि, बोलपत्रवाला वा बोलपत्रवालाको आधिकारिक प्रतिनिधिहरुको रोहबरमा सहकारीको कार्यालयमा मिति २०८०/०५/११ गते कार्यालय बन्द हुने समयभन्दा १ घण्टा अगाडि खोलिने छ । बोलपत्र फारम संस्थाबाट रु १०००।- (अक्षरेपी एक हजार रुपैया) तिरी खरिद गर्न सकिनेछ । अन्य सर्तहरु बोलपत्र फारममा समावेश गरिएको छ ।

प्रभु बैंक लिमिटेड शाखा कार्यालय भैरहवाका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०४/०८ गते सोमबार, नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जा भुक्तानी सम्बन्धि शर्त कबुलीयत उल्लंघन गर्नुभएको तथा पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्यौंट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०७९/०८/२९ गते बिहीबारको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएकोले कर्जा असुलीकालागि मिति २०८०/०१/०७ गते बिहीबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ३५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो लिलाम बिक्री पनि नभएकोले कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय भैरहवामा दाखिल गर्नु हुन इच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६औं दिन अर्थात मिति २०८०/०४/२३ गते मंगलबार(सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय भैरहवामा दिनको ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । अन्यथा कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित चल/अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरण :

ऋणीः नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपुर्ती तथा उपभोगता संरक्षण विभाग, वाणिज्य आपुर्ती तथा उपभोगता संरक्षण कार्यालय भैरहवा रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७७/०९/१४ मा दर्ता भई प्रा.फ.र.नं. ४९२९५/०७७/७८ कायम भएको , नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भैरहवाबाट मिति २०७७/०९/१४ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१४६४९६२४ को प्रमाण पत्र प्राप्त श्याम डिष्ट्रिब्युटर्स । ठेगाना रुपन्देही जिल्ला सद्धार्थनगर न.पा. वडा नं. ०६ ।

जमानतकर्ता तथा प्रोप्राईटरः प्रिती जालान बेरीवाल	जमानतकर्ता : अभिषेक बेरीवाल
(ना.प्र.नः ३७-०१-७१-०३९२९ जारी म

कास्कीले गऱ्यो यू–१६ फुटबल छनोट बहिष्कार

गण्डकी प्रदेश महासचिव विनोद गुरुङ र कास्की अध्यक्ष उज्जल रञ्जितबीचको व्यक्तिगत 'इगो'का कारण खेलाडी समस्यामा

रोहितराज पराजुली/नयाँ पत्रिका

पोखरामा गण्डकी प्रदेशस्तरीय यू-१६ फुटबल छनोट प्रतियोगिता आइतबारदेखि सुरु भएको छ। दक्षिण एसियाली फुटबल महासंघ (साफ)को कार्यक्रमअनुसार १५ देखि २५ भदौसम्म भुटानमा आयोजना हुने साफ यू-१६ प्रतियोगितामा सहभागी हुन नेपाली टोली चयनका लागि प्रदेशस्तरमा छनोट खेल आयोजना भएको हो। तनहुँ, लमजुङ, स्याङ्जा, गोर्खा, मनाङ, बागलुङ, नवलपुर र पर्वतका दुई सय खेलाडी सोमबारसम्म चल्ने छनोट प्रतियोगितामा सहभागी भएका छन्। तर, घरेलु जिल्ला एन्फा कास्कीले छनोट प्रतियोगिता बहिष्कार गरेको छ।

पदाधिकारीबीचको आपसी 'इगो'का कारण कास्कीका खेलाडीले छनोट प्रतियोगितामा सहभागी हुन नपाएको स्रोतले नयाँ पत्रिकालाई बताएको छ। एन्फा गण्डकीका महासचिवमा विनोद गुरुङ र कास्की अध्यक्षमा उज्जल रञ्जित छन्। प्रदेशअघि भएको कास्कीको निर्वाचनमा गुरुङ रञ्जितसँग अध्यक्षमा पराजित भएका थिए। त्यसपछि गुरुङले प्रदेश निर्वाचनमा महासचिव पदमा बाजी मार्न सफल भए। गत वैशाखमा भएको जिल्ला निर्वाचनमा रञ्जितले गुरुङलाई १४-७ मतान्तरले हराएका थिए। दुईवटा निर्वाचनमा देखिएको सरगर्मीको असर यू-१६ छनोट प्रतियोगितामा देखिएको स्रोतले बतायो।

चुनावीसँगै अन्य इगोका कारण कास्कीले छनोटमा खेलाडीलाई नपठाएको बुझिएको छ। दुई व्यक्तिको आपसी लडाइँले खेलाडी छनोट खेलमै सहभागी हुन पाएनन्। छनोट कार्यक्रम संयोजकसमेत रहेका गण्डकी प्रदेश फुटबल संघका वरिष्ठ उपाध्यक्ष मिलन गुरुङले कास्की जिल्लाले खेल बहिष्कार गरेपछि उनीहरूका १०-१२ खेलाडीले प्रदेशमा सम्पर्क गरेको बताए। 'जिल्लाले खेल बहिष्कार गरेपछि आफ्नै तरिकाले कास्कीका १०-१२ जना खेलाडी प्रदेशको सम्पर्कमा गएका छन्,' गुरुङले भने, 'सोमबारसमेत अन्य खेलाडी आफ्नै तरिकाले सहभागी हुने गरी सम्पर्कमा आएका छन्।'

प्रदेशले सम्पर्क नगरेको आरोप

छनोट प्रतियोगिताअघि प्रदेशले आफूहरूसँग सम्पर्क नगरेको आरोप अध्यक्ष रञ्जितले लगाएका छन्। 'छनोट खेल सञ्चालन गर्दा प्रदेशले हामीसँग समन्वय गरेन, यसै कारण कास्कीले सहभागिता नजनाएको हो,' उनले भने, 'जुन जिल्लामा आएर प्रदेशले खेल सञ्चालन गर्छ, कमसेकम त्यो जिल्लासँग समन्वय गर्नुपर्छ।' प्रतियोगिताका संयोजक गुरुङले २ साउनमा पत्रमार्फत कास्कीलाई जानकारी गराएको बताए। 'हामीले २ साउनमै उहाँहरूलाई जानकारी गराएका थियौं, के-कति कारणले सहभागी भएनन्, यसबारेमा केही जानकारी छैन।'



आइतबारदेखि सुरु भएको गण्डकी प्रदेशस्तरीय यू-१६ फुटबल छनोट प्रतियोगितामा सहभागी खेलाडी।

अध्यक्ष रञ्जितले पोखरामा चलिरहेको छनोटमा सहभागी नभए पनि २२ जना कास्कीका खेलाडी सीधै माथि गएर छनोट खेलमा सहभागी गराउने गरी अखिल नेपाल फुटबल संघ (एन्फा)सँग कुरा गरेको जनाए। 'पछि सीधै छनोटमा सहभागी हुने गरी नै केन्द्रसँग कुराकानी भएको छ, सोहीअनुसार सहभागी नभएका हौं,' उनले भने।

कारबाहीको माग

प्रदेशलाई अवज्ञा गर्ने जिल्लाका खेलाडी सीधै केन्द्रमा सहभागी हुन नपाउने प्रावधान रहेको एन्फा गण्डकीका एक पदाधिकारीले बताए। 'प्रदेशलाई नटेरी सीधै केन्द्रको धाक लगाउनेलाई के आधारमा केन्द्रले सहभागी गराउँछ ?' ती पदाधिकारीले प्रश्न गरे, 'केन्द्रले कास्कीलाई अनुशासनको कारबाही गर्नुपर्ने माग राख्छौं।' कास्कीले गरेको बहिष्कारलाई प्रदेश खेलकुद परिषद्ले छानबिन गर्ने सदस्यसचिव श्रीधर शर्माले जानकारी दिए।

'कास्कीले जे गऱ्यो, त्यो अनुशासन र प्रक्रियाविरुद्ध रहेकाले यसको छानबिन हुनेछ,' उनले भने, 'कसैको व्यक्तिगत इगोका कारण त्यसको असर खेलाडीलाई पर्नुहुँदैन।' व्यक्तिगत इगोका कारण खेलाडीको भविष्यमाथि नै खेलबाड गर्नु आफूलाई स्वीकार्य नभएको शर्माले बताए। 'सकेसम्म राम्रो गर्ने हो, बिगार्ने अधिकार कसैलाई छैन र कसैले बिगार्न खोज्छ भने त्यो स्वीकार्य छैन,' उनले भने, 'यदि कसैले बिगार्न खोजे त्यसका विरुद्ध प्रदेश कडा रूपमा प्रस्तुत हुनेछ।'

पाँच खेलको बन्द प्रशिक्षण पोखरामा

चीनको हाङ्झावमा हुने १९औं एसियाली खेलकुद (एसियाड)मा सहभागी हुने नेपाली महिला ह्यान्डबल खेलाडी बन्द प्रशिक्षणका लागि पोखरा आएका छन्। पोखरामा १६ खेलाडी र दुई प्रशिक्षक आएका हुन्। हाङ्झावमा ६ देखि २१ असोजसम्म एसियाड हुँदै छ। बन्दना राईको कप्तानीमा रहेको टोलीमा उमा राई, आइतल्हामु शेर्पा, कल्पना सिंजाली, विमला तामाङ, कल्पना ओली र रमिला बस्नेत छन्। यसैगरी, देवी श्रेष्ठ, ममता राना, अदिती चौधरी, संगीता चौधरी, विमला भुजेल, सञ्जु राई, रामकुमारी चौधरी, सम्झना कुमाल र हेलिना राना रहेका छन्। खेलाडीलाई बिन्दा थापा र दीपक सिंह बोहराले प्रशिक्षण दिने नेपाल ह्यान्डबल संघका सचिव केशव पाठकले क्लोज क्याम्प दुई महिनासम्म चल्ने बताए।

एसियाडको तयारीका लागि आर्चरी, बक्सिङ र रग्बी खेलका खेलाडीले पोखरामा प्रशिक्षण सुरु गरिसकेका छन्। आर्चरीका चार, बक्सिङका १३ र रग्बीका १६ जना खेलाडीले नियमित प्रशिक्षण गरिरहेका छन्।

कुस्तीको प्रशिक्षण भारतमा

काठमाडौं/ एसियाडको तयारीमा जुटेका कुस्तीका खेलाडीले वैदेशिक प्रशिक्षण अवसर पाएका छन्। एसियाडको तयारीका लागि कुस्ती खेलाडी भारतको उत्तरप्रदेश जानेछन्। चार खेलाडीसहित पाँच सदस्यीय टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव १९औं एसियाडका लागि कुस्ती खेलमा छनोट भएका चारै खेलाडी १३औं दक्षिण एसियाली खेलकुदका पदक विजेता हुन्।

पुरुष खेलाडीमा सुरेश चुनारा (७४ केजी) र राज यादव (१२५ केजी) तथा महिलामा शिवांगी दुवे (५७ केजी) र सुशीला चन्द (६२ केजी) रहेका छन्। १३औं सागमा सुरेश र राजले कांस्य हात पारेका थिए। नेपालगन्जमा खेलाडीले एक साताको प्रशिक्षणपछि टोली उत्तरप्रदेश जानेछ। उत्तरप्रदेशको नन्दनीनगरस्थित टाटा मोटर्स एकेडेमीमा भदौसम्म खेलाडी प्रशिक्षणमा रहने मुख्य प्रशिक्षक इद्रिसीले जानकारी गराए। खेलाडी सुरेशले पहिलोपटक अन्तर्राष्ट्रिय प्रतियोगिताको तयारीका लागि वैदेशिक प्रशिक्षणमा जान पाउँदा सबै खेलाडी उत्साहित भएको प्रतिक्रिया दिए।

खेल संक्षेप

स्किब्स कपमा चार टोली च्याम्पियन

काठमाडौं/ निम्स, भ्याली पब्लिक, गोल्डेन पिक र महामञ्जुश्रीले सातौं स्किब्स कप थ्री बाई थ्री बास्केटबल प्रतियोगिताको उपाधि आइतबार जितेका छन्। निम्स सिनियर पुरुष, भ्याली पब्लिक सिनियर महिला, गोल्डेन पिक जुनियर पुरुष र महामञ्जुश्री स्टाफतर्फ च्याम्पियन बनेको आयोजकले जनाएको छ। सिनियर पुरुषको फाइनलमा निम्सले ज्ञान निकेतनलाई १५-१३ ले पराजित गऱ्यो। सिनियर महिलामा भ्याली पब्लिकले साबिक विजेता निम्सलाई ८-७ को साँघुरो अन्तरले हराएको थियो। जुनियर पुरुषको उपाधि भिडन्तमा गोल्डेन पिकले ज्ञान निकेतनलाई १२-७ ले हरायो। स्टाफको फाइनलमा साबिक विजेता महामञ्जुश्रीले आयोजक स्किब्सलाई २१-१५ ले पन्छाउँदै उपाधि रक्षा गऱ्यो।

नासिरले बनाए कीर्तिमान

काठमाडौं/ नासिर याह्या हुसेनले जापानको फुकुओकामा आयोजना भएको वर्ल्ड एक्वाटिक च्याम्पियनसिप २०२३ मा आफ्नै नाममा रेकर्ड सुधार गरी नयाँ राष्ट्रिय कीर्तिमान बनाएका छन्। नेपाल पौडी संघका अध्यक्ष अशोक बज्राचार्यका अनुसार नासिरले चार सय मिटर फ्रिस्टायलमा ४ मिनेट ८.२३ सेकेन्ड समयका साथ नयाँ कीर्तिमान कायम गरेका हुन्। यसअघि नासिरले ११औं एनएसए कप पौडी प्रतियोगितामा चार मिनेट १२.१७ सेकेन्ड समयको कीर्तिमान राखेका थिए। सोमबार नासिरले पुरुष दुई सय मिटर फ्रिस्टायल र गौरिकाले सय मिटर ब्याकस्ट्रोकमा प्रतिस्पर्धा गर्नेछन्।

करौंतेको उपाधि योङलाई

काठमाडौं/ सनसाइन कप अन्तरविद्यालय वादोरियो करौंते प्रतियोगिताको उपाधि योङ हार्टस् स्कुल जोरपाटीले जितेको छ। योङ हार्टस्ले ११ स्वर्ण, पाँच रजत र सात कांस्य हात पाऱ्यो। उपविजेता मदर्स इन्टरनेसनल स्कुलले आठ स्वर्ण, चार रजत र तीन कांस्य पदक हात पारेको थियो। नव दीक्षित पाठशाला समान तीन स्वर्ण र रजतका साथ तेस्रो भयो। अनुशासित टिमको उपाधि मेन डोजो चक्रपथले जित्न सफल भयो। उत्कृष्ट खेलाडीको उपाधि पुरुषमा योङका समीर लामा तथा महिलामा रञ्जना चाम्लिङले हात पारेका छन्।

हमालको नेतृत्वमा संघ गठन

सुर्खेत/ विशाल हमालको नेतृत्वमा २१ सदस्यीय नेपाल स्ट्रेन्थ लिफ्टिङ संघ कर्णाली प्रदेश गठन भएको छ। उपाध्यक्षमा चेतन आचार्य, सचिवमा राजु खत्री र उपसचिवमा तेजबहादुर रोकाय छन्। कोषाध्यक्षमा विन्दमान सार्की चयन भए। 'संघले स्ट्रेन्थ लिफ्टिङसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल खेल्ने खेलाडीहरूलाई समन्वय गर्ने काम गर्नेछ,' हमालले भने, 'कर्णालीमा यो पहिलोपटक प्रदेशस्तरीय कमिटी गठन भएको हो।'

एम्बाप्पेलाई अल हिलालको मेगा प्रस्ताव

साउदी अरेबियाको अल हिलालले केलियन एम्बाप्पे भित्र्याउन १७३.२ मिलियन पाउन्डको प्रस्ताव राखेको छ

पेरिस/ फ्रेन्च स्ट्राइकर केलियन एम्बाप्पेको भविष्य पेरिस सेन्ट जर्मेन (पिएसजी)मा अन्योलपूर्ण छ। पिएसजीसँगको सम्झौता एक वर्ष बाँकी रहेकाले उनी अन्य क्लबमा जान सक्ने अवस्थामा छैनन्। एम्बाप्पे नयाँ सिजनअघि नै पिएसजी छाड्ने मनस्थितिमा छन्। उनको भित्री चाहना स्पेनिस क्लब रियल म्याड्रिडमा जानु नै हो। म्याड्रिडसँग उनले पटक-पटक वार्ता चलाएका छन्। तर, पिएसजीले भने एम्बाप्पेलाई थप एक वर्ष क्लबमै राख्न सम्झौता नवीकरण गर्न दबाब दिइरहेको छ। पिएसजी प्रि-सिजनको तयारीका निमित्त जापान र दक्षिण कोरियाको भ्रमणमा निस्किँदा एम्बाप्पे समावेश छैनन्।

यसैबीच, फ्रेन्च खेलाडीमाथि साउदी अरेबियाको अल हिलालले 'मेगा बजेट' प्रस्ताव राखेको छ। साउदी प्रो लिगमा आबद्ध हुनका लागि हिलालले एम्बाप्पे भित्र्याउन १७३.२ मिलियन पाउन्डको प्रस्ताव राखेको छ। २४ वर्षीय एम्बाप्पे साउदी प्रो लिगमा आबद्ध हुँदा अहिलेसम्मकै हाई प्रोफाइल खेलाडी बन्नेछन्। सन् २०१७ मा मोनाकोबाट एम्बाप्पेलाई भित्र्याउँदा पिएसजीले १५५ मिलियन पाउन्ड खर्चेको थियो।

इटालियन पत्रकार पाल्मेरियाका अनुसार अल हिलालले अहिले ठूला स्टार खेलाडीलाई



अनुबन्ध गर्न पछिल्लो प्रस्तावित रकम बढाउन सक्छ। पब्लिक इन्भेस्टमेन्ट कोषका माध्यमबाट हिलालले एम्बाप्पेलाई यसै सिजन भित्र्याउने कोसिसमा रहेको पाल्मेरियाले बताए। अहिले यसलाई 'मेगा मनी अफर' भनिएको छ। साउदी क्लबले कम्तीमा दुई वर्षको सम्झौता गर्नेछ। म्याड्रिडमा जाँदा एक वर्षको कमाइ एम्बाप्पेले हिलालमा रहँदा ६ महिनामै कमाउन सक्छन्।

स्वतन्त्र हुन चाहने

पिएसजीले रिलिज नगरेको अवस्थामा एम्बाप्पेले फ्री ट्रान्सफरका माध्यमबाट म्याड्रिड जाने इच्छा देखाएका छन्। यो प्रक्रियाबाट स्पेनमा फुटबल खेल्न उनलाई पिएसजीले स्वतन्त्र गर्नुपर्छ। अल हिलालले पनि यसै मौकामा उनलाई लोभलाग्दो प्रस्ताव राखेको हो। पिएसजीले नयाँ सम्झौतामा एम्बाप्पेलाई प्रतिसाता ६ लाख ५० हजार पाउन्ड पारिश्रमिक दिने भएको छ। प्रतिसाताको पारिश्रमिकभन्दा पनि सम्झौता रकम बढाउने पक्षमा एम्बाप्पेको भनाइ छ। 'एम्बाप्पेले पाइरहेको प्रतिसाता पारिश्रमिक निकै राम्रो छ, तर उनी स्वयं सम्झौता रकम बढाउने पक्षमा छन्,' इटालियन पत्रकार पाल्मेरियाले भने, 'यस पक्षमा पेरिस मान्न तयार छैन।' दक्षिण कोरिया र जापानको भ्रमणमा आफू नरहँदा उनलाई केही पनि समस्या नआएको पाल्मेरियाले बताए। सन् २०२४ को युरोकपमा सम्भवतः एम्बाप्पेले नेतृत्व पाउन सक्छन्।

फ्रेन्च खेलाडीलाई छाड्न नसकिने

पिएसजीका अध्यक्ष नासेर अल खालैफीले फ्रेन्च खेलाडी एम्बाप्पेलाई छाड्न नसकिने स्पष्ट पारेका छन्। फ्री ट्रान्सफरका मध्यमबाट म्याड्रिड जाने योजना बनाएका फ्रेन्च खेलाडीसँगको सम्झौता बाँकी रहेको नासेरले बताए। 'हामी सबैको एउटै चाहना उनको आवश्यकता क्लबमा छ, कुनै वेला सम्झौता तोड्न सक्ने गरी दुवै पक्षले हस्ताक्षर गरेका छैनन्,' उनले भने, 'तर, उनी सम्झौताविपरीत जान चाहन्छन्, जुन हामी गर्न दिँदैनौं।' एम्बाप्पेले सम्झौताविपरीत काम गर्न खोज्दा आफू निकै दुःखी भएको नासेरले बताए। 'भित्री रूपमा उनी निकै राम्रा र भलाद्मी खेलाडी हुन्,' उनले भने।

पाकिस्तान च्याम्पियन

कोलम्बो/ भारत 'ए'लाई एक सय २८ रनको अन्तरले हराउँदै पाकिस्तान 'ए'ले आइतबार एसिसी इमर्जिङ एसिया टिम्स कपको उपाधि जितेको छ। श्रीलंकाको कोलम्बोस्थित प्रेमदासा मैदानमा भएको फाइनलमा भारतलाई स्तब्ध पार्दै पाकिस्तान दोस्रोपटक च्याम्पियन बनेको हो। भारत दुवैपटक उपाधिनजिक रहेर उपविजेतामै सीमित भयो। पाकिस्तानले प्रस्तुत गरेको तीन सय ५३ रनको लक्ष्य पछ्याएको भारत ४० ओभरमा दुई सय २४ रनमै समेटियो।



भारतका लागि पहिलो विकेटका लागि अभिषेक शर्मा र साई सुदर्शनले ६४ रनको साझेदारी गरेका थिए। तेस्रो विकेटका लागि अभिषेक र यश धुलले ५२ रन जोडे। अभिषेकले सर्वाधिक ६१ रन जोडेका थिए। ओपनर साई सुदर्शनले २९ र कप्तान यशले ३९ रन बटुले। पाकिस्तानका मोकिमले सर्वाधिक तीन विकेट लिए।

यसअघि टस हारेर ब्याटिङ गरेको पाकिस्तानका मोहम्मद तायद ताहिरले शतकीय इनिङ्स खेलेका थिए। पाकिस्तानले ५० ओभरमा आठ विकेट गुमाएर तीन सय ५२ रनको विशाल योगफल बनायो। ताहिरले आक्रामक ब्याटिङ गर्दै ७१ बलमा एक सय ८ रन बनाएका थिए। उनले १२ चौका र ६ छक्काको वर्षा गरे। ओपनर साइम अयुदले ५९ र अर्का ओपनर साहिबजादा उल्लाहले ६५ रनको योगदान गरे। पहिलो विकेटका लागि उल्लाह र अयुबबीच एक सय २१ रनको बलियो साझेदारी भयो। ताहिर र मुबासिर खानले छैटौं विकेटका लागि ९७ बलमा एक सय २६ रनको साझेदारी गरे।

नेपाल रेडक्रस सोसाइटी
केन्द्रीय कार्यालय
रेडक्रस मार्ग कालीमाटी, काठमाडौं, नेपाल
पो.ब.नं. २१७
फोन: +९७७-१-५३७०६५०, ५३७२७६१
फ्याक्स: +९७७-१-४२७१५१५
इमेल: nrcs@nrcs.org, info@nrcs.org
वेवसाइट: www.nrcs.org
निः शुल्क हटलाइन सेवा: ११३०

नेपाल रेडक्रस सोसाइटी, केन्द्रीय कार्यालयको
सूचना

हालै मिति २०८० साउन ३ गते नवनिर्वाचित नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यसमितिको केन्द्रीय कार्यालयमा बसेको बैठकमा विगत केही समयदेखि नियोजित ढङ्गबाट संस्थाको गरिमा र छविमा गम्भीर आँच पुऱ्याउने गरी अनधिकृत रूपमा पूर्व तदर्थ समितिका अध्यक्ष नेत्रप्रसाद तिमिल्सिना र अन्य केही पदाधिकाहरूबाट संस्थाको हित विपरित संस्थाको नाम, चिन्ह, लेटरहेड र छाप दुरूपयोग गरी सूचना प्रवाह गर्ने, विभिन्न तहमा पत्राचार गर्ने जस्ता अवैधानिक गतिविधिसमेत गरिरहेकोमा गम्भीर ध्यानाकर्षण भएको छ।

प्रचलित कानून विपरित संस्थाको लेटर हेड र छापको लामो समयदेखि निरन्तर रूपमा दुरूपयोग गरिरहेकोमा सो कार्यको घोर भर्त्सना गर्दै यस्तो गतिविधिहरू नरोकिएमा संलग्नलाई हदैसम्मको कानुनी कारबाहीको लागि संस्था अगाडि बढ्ने व्यहोरा जानकारी गराउँदै यस्तो प्रकारको गैरकानूनी कार्य नगर्न नगराउन यो सूचना प्रकाशित गरिएको छ।

तसर्थः यस्ता भ्रामक, अनधिकृत सूचना, पत्रहरूबाट सचेत रहन सम्पूर्ण रेडक्रस अभियान, सरोकारवाला एवं नेरेसोका सबै निकायहरूमा हार्दिक अनुरोध गर्दछौं।

भूपतिलाल श्रेष्ठ
महामन्त्री
मिति : २०८० साउन ७ गते

नयाँ पत्रिका
Nayapatrika National Daily

CAREER OPPORTUNITY

Nayapatrika National Daily is Nepal's leading private print media as well as first national daily to publish different edition from 7 provinces circulating entire nation. We are committed towards propagating responsible journalism with the value to our stream readers and subscribers as well as providing and effective platforms for the advertisers.

We are looking for dynamic competent candidate for following vacancy position.

Business Development Officer - Few

Smart and proactive go-getter who are passionate about media marketing with strong field/clientele development & management skills. Should have the ability to develop and explore new business from assigned regions are advised to apply for this position.

Qualifications and Requirements :

- Bachelor's Degree in Management with concentration in Marketing with a few years of relevant experience.
- Excellent presentation skills.
- Superior oral and written communication skills in English language.
- Good interpersonal skills and ability to work under pressure.
- Two-wheeler driving license along with the two-wheeler is mandatory for the position of Business Development Officer.

TO APPLY

Interested Nepali citizens having met the above requirements are requested to submit their application along with a cover letter and updated **CV** at **vacancy.nayapatrika@gmail.com** or directly drop it at Naya Patrika's head office.

(Only shortlisted candidates will be called for interview and other selection processes. The company reserves the right to reject any/all applications without citing any reasons, thereof)

NAYA PRAKASHAN PVT. LTD.
Starmall, Putalisadak, Kathmandu

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com